# कर्णाली समन्वय प्रोफाइल

## प्रदेश समन्वय परिषद्




प्रकाशक:

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**प्रदेश समन्वय परिषद्को सचिवालय**
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२०८३

# कर्णाली समन्वय प्रोफाइल

kbz ;dGjo kl/ifb

प्रकाशक:

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**प्रदेश समन्वय परिषद्को सचिवालय**
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२०८३

# कर्णाली प्रदेश - नेपाल




| स्थानीय तह : कर्णाली प्रदेश | | | | |
|---|---|---|---|---|
| जिल्ला | नगरपालिका संख्या | गाउँपालिका संख्या | जम्मा वडा | जनसंख्या |
| रूकुम (पश्चिम) | ३ | ३ | ७३ | १,६६,७४० |
| सल्यान | ३ | ७ | ८३ | २,३८,५१५ |
| सुर्खेत | ५ | ४ | ९९ | ४,१५,१२६ |
| दैलेख | ४ | ७ | ९० | २,५२,३१३ |
| जाजरकोट | ३ | ४ | ७७ | १,८९,३६० |
| डोल्पा | २ | ६ | ६५ | ४२,७७४ |
| जुम्ला | १ | ७ | ६० | १,१८,३४९ |
| कालिकोट | ३ | ६ | ८२ | १,४५,२९२ |
| मुगु | १ | ३ | ४५ | ६४,५४९ |
| हुम्ला | ० | ७ | ४४ | ५५,३९४ |
| जम्मा | २५ | ५४ | ७१८ | १६,८८,४१२ |

संकेत

- जिल्ला सिमाना
- गाउँ/नगरपालिका सिमाना
- जिल्ला सदरमुकाम
- प्रादेशिक सहयोग इकाई - सुर्खेत
- xxx नगरपालिका
- xxx गाउँपालिका




| | |
|---|---|
| जम्मा क्षेत्रफल | ३०,२११ वर्ग कि.मि. |
| जम्मा जनसंख्या | १६,८८,४१२ |
| पुरूष | ८,२३,७६१ |
| महिला | ८,६४,६५१ |



नेपालको नक्सा
(राजनीतिक तथा प्रशासनिक)
सुदूरपश्चिम प्रदेश
कर्णाली प्रदेश
गण्डकी प्रदेश
बागमती प्रदेश
प्रदेश नं. ५
प्रदेश नं. २
प्रदेश नं. १
संकेत
मानमाप - १ : १,०००,०००

# कर्णाली समन्वय प्रोफाइल

kbz ;dGjo kl/ifb

प्रकाशकः


कर्णाली प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**प्रदेश समन्वय परिषद्को सचिवालय**

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२०८३

# विषयसूची


| क्र.सं. | विषयवस्तुहरू | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | कर्णाली प्रदेशको परिचय | २ |
| ३. | प्रदेश समन्वय परिषद् सम्बन्धी कानूनी व्यवस्था | ४ |
| ४. | प्रदेश समन्वय परिषद्का हालसम्मका बैठक र निर्णयहरू | ६ |
| | • पहिलो | ६ |
| | • दोस्रो | १२ |
| | • तेस्रो | १५ |
| | • चौथो | १७ |
| | • पाँचौ | १९ |
| | • छैटौं | २२ |
| | • सातौं | २४ |
| | • बृहत् समन्वय बैठक | २६ |
| | • आठौं | २८ |
| | • नवौं | २९ |
| | • दशौं | ३१ |
| | • एघारौं | ३४ |
| ५. | हालसम्म बसेका बैठकका निर्णय र कार्यान्वयनको अवस्था | ३७ |

**अनुसूचीहरू**

अनुसूची-१: कर्णाली प्रदेश सरकारका सम्पूर्ण मन्त्रालयका कार्यजिम्मेवारी ५४

अनुसूची-२: प्रदेश समन्वय परिषद् बैठक सञ्चालन कार्यविधि, २०७७ ७२

अनुसूची-३: सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ७७

अनुसूची-४: कर्णाली प्रदेशस्थित स्थानीय तहका जनप्रतिनिधिहरूको नामावली तथा सम्पर्क नम्बर १०२

अनुसूची-५: कर्णाली प्रदेश सरकारसँग सम्बन्धित ईमेल तथा वेबसाईटहरूको विवरण १०६

# १. पृष्ठभूमि

नेपालको शासन प्रणाली सङ्घीयता लोकतान्त्रिक गणतन्त्रमा आधारित रहेको छ। सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको परिकल्पना गरेको नेपालको संविधानको धारा २३२ मा सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित हुने व्यवस्था छ। त्यस्तै धारा २३५ मा सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न सङ्घीय संसदले आवश्यक कानून बनाई लागू गर्ने व्यवस्था गरेको छ। सङ्घीय संसदले बनाएको कानून नेपालभर वा आवश्यकता अनुसार प्रदेशको कुनै क्षेत्रमा मात्र लागू हुने गरी बनाउन सकिने व्यवस्था छ। दुई वा दुईभन्दा बढी प्रदेशले कुनै विषयमा कानून बनाउन नेपाल सरकार समक्ष अनुरोध गरेमा सङ्घीय संसदले आवश्यक कानून बनाउन सक्ने व्यवस्था छ। नेपाल सरकारले राष्ट्रिय महत्त्वका विषयमा र प्रदेशहरूबीच समन्वय गर्नुपर्ने विषयमा प्रदेश मन्त्रिपरिषद्लाई संविधान र सङ्घीय कानून बमोजिम आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ। नेपाल सरकारले आफै वा प्रदेश सरकार मार्फत् गाउँकार्यपालिका वा नगरकार्यपालिकालाई संविधान र सङ्घीय कानून बमोजिम आवश्यक सहयोग गर्न र निर्देशन दिन सक्दछ र त्यस्तो निर्देशन पालना गर्नु गाउँ/नगरकार्यपालिकाको कर्तव्य हुन्छ। त्यस्तै सङ्घ र प्रदेशबीच तथा प्रदेश-प्रदेशबीच उत्पन्न राजनीतिक विवाद समाधान गर्न प्रधानमन्त्रीको अध्यक्षतामा सम्बन्धित प्रदेशका मुख्यमन्त्री सहित एक अन्तर प्रदेश परिषद् रहने व्यवस्था छ।

संविधानमा उल्लिखित उक्त व्यवस्थालाई कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ कार्यान्वयनमा रहेको छ। उक्त ऐनको दफा २४ को उपदफा (१) मा प्रदेशस्तरमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सरकारका मन्त्री सहित प्रदेशभित्रका स्थानीय तहहरूबाट मनोनित दश जना जनप्रतिनिधिसहितको प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ।

कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७७/०९/२२ गतेको माननीय मुख्यमन्त्रीस्तरीय निर्णयबाट प्रदेश समन्वय परिषद्को गठन भएको छ। परिषद्को बैठक प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि प्रदेश समन्वय परिषद् बैठक सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ समेत परिषद्बाट स्वीकृत भई कार्यान्वयनमा रहेको छ। उक्त कार्यविधिको दफा ३ बमोजिम परिषद्को बैठक वर्षको कम्तीमा २ पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने उल्लेख छ। उक्त बैठकले सङ्घ, प्रदेश र स्थानीय तहका साझा

तथा एकल अधिकार, विकास तथा सार्वजनिक सेवा प्रवाहका विविध विषयमा समन्वयात्मक प्रयासका लागि छलफल तथा बहस गर्ने गर्दछ।

## २. कर्णाली प्रदेशको परिचय

वि.सं. २०७२ असोज ३ मा जारी भएको नेपालको संविधान अनुसार राज्य पुनर्संरचना गरी बनेका सात प्रदेशहरू मध्ये एक प्रदेशको रूपमा रहेको यस कर्णाली प्रदेशको स्थायी राजधानी वीरेन्द्रनगर, सुर्खेत रहने भनी मिति २०७४ फागुन १२ गते निर्णय भएको थियो।

देशकै सबैभन्दा लामो नदी कर्णालीको नामबाट नामाकरण गरिएको "कर्णाली" प्राचीनकालमा एक बलियो खसान क्षेत्र र २०७२ असोज ३ गते अघिसम्म मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत कर्णाली अञ्चलको रूपमा रहेको थियो।

मध्यपश्चिमाञ्चल विकास क्षेत्र कायम हुँदासम्म रहेका कर्णाली अञ्चलका हुम्ला, मुगु, डोल्पा, जुम्ला र कालीकोट समेतका पाँच जिल्ला र भेरी अञ्चलको दैलेख, सुर्खेत र जाजरकोट जिल्ला तथा राप्ती अञ्चलको सल्यान र पछि स्थापना भएको रूकुम (पश्चिम भाग) जिल्ला गरी दश वटा जिल्ला यस प्रदेशमा रहेका छन्।

यस प्रदेशको कुल क्षेत्रफल २७,९८४ वर्ग किलोमिटर छ भने जम्मा ७९ वटा स्थानीय तह (२५ वटा नगरपालिका र ५४ वटा गाउँपालिका) र ७१८ वटा वडाहरू रहेका छन्। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार कुल जनसङ्ख्या १६ लाख ८८ हजार ४ सय १२ रहेको छ।

यस प्रदेशलाई हिमाली, उच्च पहाडी र पहाडी गरी तीन भागमा विभाजन गर्न सकिन्छ, जस अनुसार हिमाली जिल्लाहरू हुम्ला, मुगु र डोल्पा रहेका छन् भने उच्च पहाडी जिल्लाहरूमा कालीकोट, जाजरकोट, रूकुम (पश्चिम भाग) र जुम्ला रहेका छन्। त्यसैगरी पहाडी जिल्लाहरूमा सुर्खेत, सल्यान र दैलेख रहेका छन्। समग्रमा हिमाली भागले प्रदेशको कुल क्षेत्रफलको ५६.५४ प्रतिशत, उच्च पहाडी भागले २५.५४ प्रतिशत र पहाडी भागले १७.९२ प्रतिशत ओगटेको छ।

यस प्रदेशको उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्बत, पश्चिमतर्फ सुदूरपश्चिम प्रदेश, दक्षिणतर्फ लुम्बिनी प्रदेशको बाँके र बर्दिया जिल्ला, पूर्वतर्फ गण्डकी प्रदेशको मुस्ताङ र म्याग्दी जिल्ला तथा लुम्बिनी प्रदेशको दाङ र रूकुम (पूर्वी भाग) जिल्ला रहेका छन्। यो प्रदेश जल, जमिन, पर्यटन, जडिबुटी, भेषभूषा, भाषा तथा संस्कृतिमा धनी प्रदेश हो।

उच्च हिमाली क्षेत्रमा रहेका हुम्ला, मुगु र डोल्पा जिल्लामा रहेका मनोरम हिमशृङ्खला, हुम्लाको जडिबुटीको प्रचुरता, समुद्र सतहदेखि २,९९० मिटर उच्चस्थान मुगु जिल्लामा रहेको देशको सबैभन्दा ठूलो र गहिरो रारा ताल र रारा राष्ट्रिय निकुन्ज, डोल्पामा भएको देशकै दोस्रो ठूलो र गहिरो ताल, शे-फोक्सुण्डो र सर्वाधिक उचाईमा रहेको मानवबस्ती (छार्काभोट), कनकासुन्दरी, चन्दननाथ, भैरवनाथ जस्ता ऐतिहासिक एवम् पर्यटकीय स्थल र खस भाषाको उत्पति भएको जुम्लाको सिंजा उपत्यका, उच्चस्थानमा रहेको कालीकोटको पचालझरना, किर्तिखम्ब, बाइसदेवल, गढी, श्रीस्थान, नाभिस्थान, कोटिला, पादूका तथा धुलेश्वर जस्ता तीर्थस्थल र साँझमा सूर्यास्तको अति मन लोभ्याउने दृश्य देखिने गुराँसेको रमणीय लेक र नेपाली भाषाको पहिलो अभिलेख सुरक्षित रहेको दैलेखको दुल्लू, जाजरकोटको सांस्कृतिक र ऐतिहासिक दरबार, सल्यानको कुपिण्डे दह र पर्यटकीय स्थल छाँयाक्षेत्र, सुर्खेतको ऐतिहासिक बौद्धविहारको भग्नावशेष रहेको काँक्रेविहार, रमणीय स्थल बुलबुले ताल र देउतीबज्यै मन्दिर, रूकुम (पश्चिम भाग)को ऐतिहासिक मुसिकोट दरबार तथा विभिन्न रमणीय तालहरू र अविरल बगिरहने कर्णाली र भेरी नदी यस प्रदेशका सभ्यता, संस्कृति र सम्पदा हुन्।

कर्णाली सभ्यता मानव सभ्यता, संस्कृति तथा सम्पदासँग जोडिएको छ। हिमाली तथा पहाडी भूभाग रहेको यस कर्णाली प्रदेशमा विकासका सम्भावनाहरू प्रशस्त छन्। हिजोको कर्णाली देख्ने पुस्ताहरूले आज यहाँको कालीकोट, जुम्ला, मुगु र डोल्पामा गाडी गुडिरहेको र जुम्ला, हुम्ला र डोल्पामा दैनिक हवाई सेवा देखिरहेका छन्। कर्णालीवासी यस प्रदेशलाई समृद्ध कर्णाली प्रदेश बनाउनेतर्फ अग्रसर रहेका छन्।

कर्णालीका विकट भू-भागमा थोरै जनसङ्ख्या र छरिएका बस्तीहरूमा पूर्वाधार तथा सेवाको पहुँच बढाउनु निकै चुनौतीपूर्ण र खर्चिलो छ। यद्यपि कर्णाली प्रदेश सरकार गठन भएपश्चात प्रदेश सरकारले कार्य आरम्भ गर्दा कमजोर भौतिक अवस्था, न्यून जनशक्ति, स्रोतसाधनको कमी जस्ता व्यवस्थापकीय चुनौतीको बावजुद आवश्यक कानूनको तर्जुमा गरेको छ र प्रदेशको शान्ति, सुरक्षा, सुशासन र दिगो विकासको लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति, कार्यक्रमहरूको तर्जुमा तथा स्वीकृति गरी केही उल्लेखनीय कार्यक्रमहरू कार्यान्वयनको चरणमा छन्। नीतिगत तथा योजनागत रूपमा प्रदेश सरकारका कामकारबाहीहरू सम्पादन भइरहेका छन्। "बैंक खाता छोरीको सुरक्षा जीवनभरीको", "मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम", "महिला आयआर्जन कार्यक्रम" जस्ता कार्यक्रमको कार्यान्वयन, सुर्खेतको छिन्चुदेखि डोल्पाको त्रिपुरासुन्दरीसम्मको

सडक स्तरोन्नति र कर्णाली प्रदेशमा हवाई सेवा सञ्चालन हुने जिल्लाहरूमा विमानस्थलको स्तरोन्नति भए पश्चात नेपालको एकीकरणपछि सवा दुई सय वर्षसम्म विकासमा पछाडि रहेको कर्णाली सङ्घीयताको सबैभन्दा बढी लाभ लिन सक्ने सम्भावना भएको प्रदेशको रूपमा चिनिने छ। त्यसैले सङ्घीयताको कार्यान्वयनसँगै कर्णाली आफैमा आत्मनिर्भर, सक्षम, समृद्ध र समुन्नत हुन गरिबी, बेरोजगारी, अशिक्षा, कुरीति तथा विसङ्गति जस्ता अँध्यारा पक्षहरूलाई चिर्दै "समृद्ध कर्णाली, सुखारी कर्णालीवासी" को सपना साकार बनाउन यस प्रदेशका सम्पूर्ण स्थानीय तहबीच आपसी समन्वय, सहकार्य र सहअस्तित्वको आवश्यकता रहेको छ।

## ३. प्रदेश समन्वय परिषद् सम्बन्धी कानूनी व्यवस्था

सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ बमोजिम प्रदेश समन्वय परिषद्को गठन देहायबमोजिम हुने व्यवस्था छः-

(१) प्रदेश र स्थानीय तहबीच वा प्रदेशभित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तहबीचको समन्वय वा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न प्रत्येक प्रदेशस्तरमा देहाय बमोजिमको एक प्रदेश समन्वय परिषद् रहनेछः-

क. मुख्यमन्त्री -अध्यक्ष

ख. प्रदेश सरकारको आर्थिक मामिला सम्बन्धी विषयको कार्यक्षेत्र रहेको मन्त्री -सदस्य

ग. प्रदेश सरकारको आन्तरिक मामिला सम्बन्धी विषयको कार्यक्षेत्र रहेको मन्त्री -सदस्य

घ. प्रदेश सरकारको प्रमुख सचिव -सदस्य

ङ. प्रदेशभित्रका गाउँकार्यपालिकाका अध्यक्ष वा उपाध्यक्ष, नगरकार्यपालिकाका प्रमुख वा उपप्रमुख र जिल्ला समन्वय समितिका प्रमुख वा उपप्रमुख मध्येबाट कम्तीमा एक तिहाई महिला सहित समावेशी सिद्धान्त बमोजिम प्रत्येक्त जिल्लाबाट एकजनाको दरले मुख्यमन्त्रीले तोकेका व्यक्ति -सदस्य

च. प्रदेश मुख्यमन्त्रीको कार्यालयका सचिव -सचिव

(२) प्रदेश समन्वय परिषद्को सचिवालय सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ।

(३) परिषद्को बैठक सम्बन्धी कार्यविधि सो परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २५ बमोजिम प्रदेश समन्वय परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने व्यवस्था छः-

(१) प्रदेश समन्वय परिषद्ले प्रदेशभित्र प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजना वा साझा अधिकारका विषयको कार्यान्वयनमा प्रदेश तथा स्थानीय तह र एकभन्दा बढी स्थानीय तहबीच समन्वय र अन्तरसम्बन्ध कायम गर्नेछ।

(२) प्रदेश प्रदेश समन्वय परिषद्ले समन्वय तथा अन्तरसम्बन्ध कायम गर्नु पर्ने कुनै विषयको लागि आवश्यकता अनुसार समिति गठन गर्न सक्नेछ।

(३) कुनै विषयमा परिषदमा छलफल हुन उपयुक्त देखिएमा प्रदेश समन्वय परिषद्ले विषय खुलाई परिषदमा अनुरोध गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा परिषद्ले आवश्यक छलफल गरी प्रदेश समन्वय परिषद्, सम्बन्धित प्रदेश वा स्थानीय तहलाई मार्गदर्शन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम परिषद्ले गरेको मार्गदर्शन सम्बन्धित प्रदेश समन्वय परिषद्, सम्बन्धित प्रदेश तथा स्थानीय तहले पालना गर्नु पर्नेछ।

# प्रदेश समन्वय परिषद्का हालसम्मका बैठक र निर्णयहरू

## पहिलो बैठक

| | |
|---|---|
| मिति | : २०७४/१०/१४ र १५ गते |
| समय | : विहान ८ बजेदेखि |
| स्थान | : होटेल सिद्धार्थ शनि भिलेज, वीरेन्द्रनगर, सुर्खेत |
| अध्यक्षता | : माननीय मुख्यमन्त्री महेन्द्र बहादुर शाही |

## कर्णाली प्रदेश समन्वय परिषद्को पहिलो बैठकमा उपस्थित सहभागीहरू

- कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री,
- कर्णाली प्रदेश सरकारका माननीय मन्त्रीहरू, सबै,
- कर्णाली प्रदेश सरकारको प्रमुख सचिव,
- कर्णाली प्रदेश सरकारका सचिवहरू, सबै,
- प्रदेश भित्रका जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख, सबै,
- प्रदेश भित्रका नगरपालिकाका प्रमुख तथा उपप्रमुख, सबै,
- प्रदेश भित्रका गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, सबै।

## कर्णाली प्रदेश समन्वय परिषद्को पहिलो बैठकको निर्णयहरूः-

नेपालको संविधानको धारा २३२ अनुरूप तीनै तहका सरकारबीचको सम्बन्ध सहकारीता सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने उल्लेख भएको र अन्तर प्रदेश परिषद्को मिति २०७५/०९/०३ को निर्णय २९ बुँदाहरू समेतलाई दृष्टिगत गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०५ अनुसार व्यवस्था भएको प्रदेश समन्वय परिषद्को प्रथम बैठक बसी निम्नानुसारको साझा प्रतिबद्धता जारी गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियोः-

<u>साझा प्रतिबद्धता-पत्र</u>

नेपालको सविधान र सङ्घीयताको मर्म, भावना तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ को व्यवस्था अनुसार गठित कर्णाली प्रदेश समन्वय परिषद्को ऐतिहासिक महत्त्वको प्रथम बैठक २०७५ माघ १४ र १५ गते कणाली प्रदेशको राजधानी सुर्खेत वीरेन्द्रनगरमा सफलतापूर्वक सम्पन्न भयो। बैठकका महत्त्वपूर्ण निष्कर्षहरू सहितको यो साझा प्रतिवद्धता पत्र जारी गरेका छौं। कर्णाली

प्रदेशको लागि मार्गदर्शकको रूपमा रहेको यो प्रतिवद्धता पत्र आ-आफ्नो ठाउँवाट लागु गर्न दृढ संकल्पित हुँदै,

जनक्रान्ति, प्रदेश स्थापनार्थ भएका आन्दोलन र बलिदानीपूर्ण सङ्घर्षको परिणामस्वरूप गठित जनताले देख्न र भेट्न सक्ने जनताका सबैभन्दा नजिकका स्थानीय र प्रदेश सरकार भएको धरातलीय यधार्यतालाई आत्मसात गर्दै आपसी हार्दिकता, विश्वास र सुसम्बन्धलाई अझ सुदृढ र खदिलो बनाउने कुरामा यो बैठक कोशेढुंगा सावित हुनेमा विश्वस्त हुँदै,

सङ्घीयताको मूल मर्म सहअस्तित्व, समन्वय र सहकार्यको यथार्थतालाई आत्मसाथ गर्दै सङ्घीयताको नयाँ अभ्यासका क्रममा हाम्रावीच रहेका भिन्न बुझाई र काम गर्ने क्रममा देखा परेका कतिपय समस्याहरूलाई समाधान गर्दै,

हामी कर्णाली प्रदेशको समृद्धि तथा कर्णालीबासीको खुशीको लागि उज्यालो संभावनासहित समृद्धिको मार्गचित्र कोर्न प्रतिवद्धता जाहेर गर्दै निम्न प्रतिबद्धताहरूलाई कार्यान्वयन गर्न दृढ संकल्पित छौ

१. संविधान बमोजिम तीन तहवीच अधिकार र वित्तीय स्रोतको बाँडफाँट गर्दा प्रदेश र स्थानीय तहको आवश्यकतालाई मध्यनजर गर्दै, जनसंख्या र भूगोललाई समान भार दिन र सन्तुलित एवम् पारदर्शी रूपमा काम गर्न सङ्घीय सरकारको ध्यानाकर्षण गराउनुका साथै साझा अधिकार सूची अनुरूप अधिकार र स्रोतको बाँडफाँटमा साझा बुझाई, एकरूपता र प्रभावकारी कार्यान्वयन गर्न।

२. सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित सम्बन्धलाई अझ प्रभावकारी र घनिभूत बनाउन निरन्तर सम्वाद एवम् अनुभव आदान प्रदान गर्दै प्रदेशको समग्र आर्थिक तथा सामाजिक रूपान्तरणमा अनुभूत हुने गरी नीति तथा कार्यक्रमहरूको तर्जुमा तथा कार्यान्वयन, नागरिक जवाफदेहितासहितको आ-आफ्नो जिम्मेवारी पूरा गरी सुशासन कायम गर्न।

३. प्राकृतिक श्रोत साधनले सम्पन्न, भौगोलिक दृष्टिले वृहत र पर्यटकीय दृष्टिले अनुपम सम्पदाले भरीपूर्ण, सांस्कृतिक विविधतायुक्त, ऐतिहासिक धरोहरले सुसज्जित कणर्णाली प्रदेशमा विकासको प्रचुर संभावनालाई दृष्टिगत गरी दिगो र तीव्र आर्थिक विकास गर्न।

४. नेपालको संविधानमा व्यवस्थित गरिएका मौलिक अधिकारहरूको कार्यान्वयन गर्नु तीनवटै तहका सरकारहरूको साझा दायित्व हो। विशेषगरी शिक्षा, स्वास्थ्य, खाद्य सम्प्रभुताजस्ता आधारभुत अधिकारहरूको कार्यान्वयन तथा कर्तव्यहरूको पालना गर्न।

५. समृद्ध कर्णाली, खुशी कर्णालीवाशी लक्ष्य हासिल गर्न आफ्नै मौलिकतामा आधारित 'कर्णाली विकास मोडल' निर्माण गर्न २५ वर्षे कर्णाली सोच-२१०० (Vision-२१), प्रथम पञ्चवर्षीय योजना र वार्षिक योजना तय गर्न वितरणमुखी होईन, नतिजामुखी योजनाको तर्जुमा गरी समग्र आचधिक योजनामार्फत कार्यान्वयन अनुगमन र मुल्याङ्कन गर्न।

६. पूर्वाधार विकास, कृषि, वन, पर्यटन, उद्योग, ऊर्जा र सेवाजस्ता क्षेत्रमा परियोजना बैंक बनाई लगानी जुटाउन र कार्यान्वयन गर्न।

७. प्रदेशको उच्च प्राथमिकतामा रहेको 'कनेक्टिभिटी र इलेक्ट्रीसिटी' अन्तरगत पूर्वाधार विकास र सडक सञ्जालको विस्तार, सञ्चार, हवाई यातायातको भरपर्दो व्यबस्था, जल विद्युतको विकास, विद्युतीकरण र वैकल्पिक उर्जाको उपयोग गरी अध्यारोमुक्त प्रदेश निर्माण गरी खरको छानाबाट जस्ताको छाँनामा रुपान्तरण गर्न जोखिमयुक्त र छरिएर रहेका बस्तीहरूलाई व्यवस्थित गर्न एकिकृत बस्ती विकास र जनता आवास कार्यक्रम सञ्चालन गर्दा संधीय सरकारसंगको समन्वयमा प्रदेश र स्थानीय तहका सरकारहरू बीच पारस्परिक समन्वय, साझेदारीका आधारमा योजना र कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङ्कनको प्रणाली विकास गरी प्रदेशको विकास र सम्मृद्धिमा सहकार्य गर्न।

८. पूर्वाधार विकास योजनाहरू तर्जुमा गर्दा दोहोरो लगानी हुन नदिन नीतिगत कार्य विभाजन हुन, एकै स्थानीय तह भित्रका प्रदेश योजनाका लागि सोही स्थानीय तहको र एक भन्दा बढी स्थानीय तहमा लागु हुने प्रदेश योजनाको लागि प्रदेश दररेट तयार गरी लागु गर्न, आपसी समन्वयद्वारा प्रदेश र स्थानीय तहको दररेट कायम गर्न।

९. स्थानीय तहहरूले स्थानीय स्तरमा उत्पादनमा वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारण हुने कार्यक्रमलाई प्राथमिकता दिने, स्थानीय तहहरूबाट पारित भएका नीति, कार्यक्रम, बजेट र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३, दफा १३ को उपदफा ३ को १ बमोजिम प्रत्येक आर्थिक वर्ष सुरु हुनु भन्दा १५ दिन अगावै तोकी आर्थिक वर्ष शुरु भएको १५ दिन पभत्र प्रदेश सरकारलाई उपलब्ध गराई योजना कार्यान्वयन गर्न उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग गर्ने नीति तथा प्रणालीगत व्यवस्था अबलम्बन गर्न।

१०. स्थानीय तहहरूले योजना तर्जुमा एवम् प्राथमिकीकरण गर्दा प्रदेश सरकारले घोषणा गरेका नीति तथा कार्यक्रमसँग सामन्जस्यता कायम गर्दै कार्यक्रम तथा बजेट निर्माण र कार्यान्वयन गर्ने प्रणालीलाई थप मजबुत बनाउने र प्रदेश सरकारले योजना तथा कार्यक्रम छनौट गर्दा स्थानीय तह द्वारा पारित गरी सिफारिस गरेका योजनाहरूलाई प्राथमिकता दिन।

११. नेपालको संविधान, सङ्घ र प्रदेशका कानून, नीति र मापदण्डसँग प्रतिकुल नहुने गरी स्थानीय तहले कानून, कार्यविधी र निर्देशिकाहरू निर्माण गर्न, जारी गरिएका नीति, कानून तथा कार्यविधीहरू र सम्पत्तिको विवरण समयमै प्रदेश सरकारलाई पठाउने व्यवस्थालाई प्रणालीमा आवद्ध गर्न र स्थानीय तहका लागि प्रदेशले बनाउनु पर्ने आवश्यक कानुनहरू यथाशीघ्र जारी गर्न।

१२. प्रदेश र स्थानीय तहले आगामी वर्षको कार्यक्रम तथा बजेट तर्जुमा गर्नु अगाडि आ-आफ्नो सरकारको स्थितिपत्र, वार्षिक योजना कार्यक्रम, आवधिक योजना र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न कर्णाली प्रदेश योजना आयोगद्वारा सहयोग र समन्वय गर्न, आगामी आर्थिक वर्षदेखि बजेट, कार्यक्रम र आवधिक योजना तर्जुमा गर्दा मध्यमकालीन खर्च संरचना (MTEF) मा आधारित भई आवश्यक श्रोत र उपलब्धताको विश्लेषण गर्ने व्यवस्था गर्न र प्रदेश तथा स्थानीय तहको समग्र आयव्ययको अवस्था जान्न सक्ने स्वचालित, पारदर्शी प्रणालीको विकास गरी प्रभावकारी कार्यान्वयन गर्न।

१३. कर्णालीका रैथाने वालीको संरक्षण र प्रवर्द्धन गर्न एवम् अर्गानिक उत्पादन वृद्धि गर्न, मौलिक सीप र ज्ञानको सदुपयोग गरी स्थानीय श्रोत साधनको व्यवस्थित उपयोग गर्ने प्रणालीको विकास गर्न निर्वाहमूखी जीवन पद्धतिलाई व्यवसायमूखी बनाउन आपसी सहकार्यमा कृषिको आधुनिकीकरण, भण्डारण, औद्योगीकरण, व्यावसायीकरण र बजारीकरण तथा भूमी व्यवस्थापनसँग जोडिएका विभिन्न समस्याको समाधानका लागि समन्वयात्मक पहल गर्न।

१४. शान्ति सुव्यबस्था तथा जनताको जीउ धनको सुरक्षा र अमन चयन सुनिश्चित गर्न पारस्परिक रूपमा समन्वयात्मक ढङ्गले काम गर्न।

१५. विपदका घटनाहरूमा तत्काल उद्दार, राहत, पुर्नस्थापना तथा पूर्व तयारीका कार्यक्रमहरू सञ्चालन गर्न समन्वय र सहकार्य गर्दै प्रदेश र स्थानीय विपद व्यवस्थापन समितिहरूलाई क्रियाशील तुल्याउन।

१६. कर्णाली रारा पर्यटन वर्ष, २०७५ तथा स्थानीय तहहरूले कार्यान्वयनमा ल्याएका पर्यटन प्रवर्धन सबन्धी कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न, प्रदेश र स्थानीय तहको सहकार्यमा पर्यटन पूर्वाधारहरूको गुरुयोजना निर्माण, पर्यटन सडक, नयाँ र संभाव्य पर्यापर्यटन सहितको पर्यटकीय गन्तव्य स्थानको खोज, स्थानीय मौलिक कला सँस्कृतिको पहिचान, स्थानीय तहका सबै वडा तहका केन्द्रहरूमा हेलीप्याड निर्माण, एक वडा एक खेलकूद मैदान, संग्रहालयहरूको प्रवर्धन तथा निर्माण र पूर्ण सरसफाईमा ध्यान दिंदै वातावरणमैत्री नमुना गाउँ शहर निर्माण कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्न।

१७. स्वच्छ र दीगो खानेपानीमा सबैको पहुँच अभिवृद्धि गर्ने अभियानलाई निरन्तरता दिन।

१८. सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्न वैज्ञानिक, जनमूखी, उत्तरदायी तथा व्यावसायिक शिक्षा प्रणालीको विकास गरी विद्यालय शिक्षा, लैङ्गिकमैत्री, बालमैत्री र अपाङ्गमैत्री विद्यालय वातावरण सृजना गर्न।

१९. स्वास्थ्यमा सबैको सहज पहुँच सुनिश्चित गर्न अस्पताल र स्वास्थ्य केन्द्रको स्थापना तथा विस्तार, भौतिक सुधार, श्रोत साधनको व्यवस्था, जनशक्तिको समुचित व्यवस्थापन, स्वास्थ्य शिक्षाको प्रसार लगायतका कार्यक्रमहरू सञ्चालन गर्न।

२०. दलित, महिला, जेष्ठ नागरिक, विपन्न, भूमीहीन सुकुम्वासी, अपांगता भएका व्यक्ति, अशक्त, बेरोजगार, राउटे लगायतका सिमान्तकृत घरपरिवार लक्षित सामाजिक सुरक्षाका कार्यक्रमद्वारा नागरिकको जीवनस्तर उकासी सामाजिक न्याय दिलाउन र सहकारी अभियान, कृषि क्षेत्रको विकास र लघु उद्यमशीलता मार्फत् रोजगारी सृजना र गरिवी न्यूनीकरण गर्न।

२१. योजना अनुगमन लगायतका निर्धारित काममा जिल्ला समन्वय समितिको भूमिका व्यवस्थित गर्न आवश्यक कानून निर्माण, साधन श्रोत र बजेटको व्यवस्था समन्वयात्मक रूपमा गर्न।

२२. योजना कार्यान्वयनका लागि यथाशीघ्र संरचना निर्माण तथा कर्मचारी समायोजनको कार्य टुंग्याई प्राविधिक लगायत आवश्यक कर्मचारीको व्यवस्थाका लागि सङ्घीय सरकारको ध्यानाकर्षण गर्न।

२३. प्रदेश र स्थानीय तहबाट विनियोजित योजना, कार्यक्रम र बजेटमा दोहोरोपन आउन नदिने विधि तथा मापदण्ड विकास गर्न।

२४. प्रदेश तथा स्थानीय तहमा उपलब्ध प्राकृतिक स्रोतको सामूहिक संरक्षण, दीगो उपयोग र उचित व्यवस्थापन गर्न, प्राकृतिक श्रोतमा आधारित कर संकलनमा सङ्घ र प्रदेश सरकारवाट जारी ऐन नियम र मापदण्डको पालना गर्न, दहत्तर बहत्तर शुल्क लगायत प्रदेश आर्थिक ऐनबाट तोकिएका कर तथा गैरकर रकम विभाज्य कोष, प्रदेश सञ्चित कोष तथा स्थानीय सञ्चित कोषमा जम्मा हुने प्रबन्ध मिलाउन, ढुङ्गा, गिटी, बालुवा, कसर उद्योगलाई व्यवस्थित र नियमन गर्न।

२५. बिकास संरचना निर्माण गर्दा दिगो विकासका लक्ष्यलाई आन्तरिकीकरण गरी बातावरण मैत्री विकासमा जोड दिन र आर्थिक वर्षको अन्तमा अत्यधिक विकास बजेट खर्च गर्ने र दुरूपयोग गर्ने 'असारे विकास प्रवृत्ति'को अन्त गर्न।

२६. राजस्व चुहावट रोक्न र करको दायरालाई फराकिलो बनाउँदै निजी लगानीकर्ताहरूलाई आकर्षित गर्न तथा लगानीकर्ताको लगानी सुनिश्चित गर्न आवश्यक पूर्वाधार, समन्वय, सुरक्षा लगायतका कामहरू गरी प्रदेश र स्थानीय तहहरूमा लगानी मैत्री वातावरण निर्माण गर्न।

२७. कर्णाली प्रदेश अन्तर्गत कार्यथलो बनाई कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूलाई सेवा प्रवाह गर्दा प्रदेश सरकारको प्राथमिकतामा स्थानीय सरकार तथा प्रदेश सरकारसँग समन्वय, सहजीकरण र निर्देशनमा रही एकद्वार प्रणालीबाट कार्य गर्ने प्रणालीको विकास गर्ने।

२८. भ्रष्टाचार, ढिलासुस्ती, अनियमितता र अपारदर्शिता अन्त गर्ने, जनसेवा प्रवाहमा प्रभावकारिता, सहजता र सर्वसुलभता कायम गर्ने र अन्तरदेशीय एवम् अन्तर प्रदेशीय वस्तु, सेवा, प्रविधि प्रवाह लगायतका विषयमा सन्तुलित सम्बन्ध विकास गर्ने।

२९. कर्णाली प्रदेशको बहुआयामिक विकासको लागि उच्च प्राविधिक जनशक्तिको आवश्यकतालाई मनन् गर्दै प्रदेश स्तरीय पर्वतीय विज्ञान तथा प्रविधि विश्व विध्यालय र प्रत्येक पालिकामा वहुप्राविधिक शिक्षालय स्थापना गरी प्रदेशको लागि आवश्यक प्राविधिक जनशक्ति उत्पादन र बिकास गर्नका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारवीच सहकार्य गर्ने।

३०. समाजमा श्रमप्रति सम्मान गर्ने संस्कृतिको विकास गर्न कर्णाली प्रदेश सरकारद्वारा प्रत्येक महिनाको १ गते अभियानको रूपमा शुरु गरिएको श्रम दिनका कार्यक्रमलाई अझ प्रभावकारी बनाउदै समाजका सबै पक्षको सहभागितामा श्रम गर्ने संस्कारको विकास गर्न सबै स्थानीय तहसम्म व्यापकरूपमा सञ्चालन गर्ने।

३१. प्रदेशभित्र रहेका बालविवाह, अनमेल विवाह, मानव वेचविखन, छुवाछुत, छाउपडि, जुवातास, सबै प्रकारका हिंसा, लागु औषध तथा मदिरा सेवन जस्ता विकृति र कुरीतिहरूको अन्त्य गर्ने।

३२. प्रदेशको सम्मृद्धि र विकासको साझा लक्ष प्राप्तीमा योगदान पुर्‍याउनका लागि "कर्णालीको पानीः हाम्रो लगानी" मा प्रदेश सरकार र सबै स्थानीय तहहरूमा र आम नागरीकहरूलाई लगानी गर्ने अवसर जुटाई आर्थिक रूपमा आर्कषक र प्राविधिक रूपमा संभाव्य बढीमा ५०० मेगावाटको जलविद्युत आयोजनाको निर्माण कार्य सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयमा गर्ने,

३३. प्रदेश सरकार र स्थानीय तहमा एकिकृत आयव्यय विवरण तयार गर्ने, आन्तरीक नियन्त्रण प्रणालीलाई सबल, सक्षम र प्रभावकारी बनाउन, समयमै आन्तरीक लेखा परीक्षणको कार्य सम्पन्न गरी अन्तिम लेखा परीक्षणको कार्य सम्पन्न गरी एकिकृत आय व्यय विवरण र प्रतिवेदनको कार्यलाई व्यवस्थित गर्ने प्रणालीको विकास गर्ने।

३४. प्रादेशिक र स्थानीय योजनाको बीचमा समन्वय, सन्तुलन र तालमेल गर्ने, दोहोरोपन हुन नदिन र योजना तर्जुमा, बजेट निर्माण र कानुन निर्माणमा आवश्यक सहयोग, सहजीकरण एवम् क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न 'कानुन निर्माण र योजना तर्जुमा समन्वय कार्यदल'हरू गठन गर्ने।

## दोस्रो बैठक

मिति : २०७६/०९/१० र ११ गते
समय : विहान ८ बजेदेखि
स्थान : होटेल सिद्धार्थ शनि भिलेज, वीरेन्द्रनगर, सुर्खेत
अध्यक्षता : माननीय मुख्यमन्त्री महेन्द्र बहादुर शाही

## दोस्रो बैठकका सहभागीहरू

- कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री,
- कर्णाली प्रदेश सरकारका माननीय मन्त्रीहरू, सबै,
- कर्णाली प्रदेश सरकारको प्रमुख सचिव,
- कर्णाली प्रदेश सरकारका सचिवहरू, सबै,
- प्रदेश भित्रका जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख, सबै,
- प्रदेश भित्रका नगरपालिकाका प्रमुख तथा उपप्रमुख, सबै,
- प्रदेश भित्रका गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, सबै।

## कर्णाली प्रदेश समन्वय परिषद्को दोस्रो बैठकका निर्णयहरू:-

१. परिषद्को पहिलो बैठकमा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न बाँकी विषयहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै लैजाने।

२. प्रदेश र स्थानीय तहबीच कानुन तर्जुमा, योजना निर्माण, राजस्व सङ्कलन लगायतका विषयमा समन्वय गर्न परिषद्को सम्पर्क विन्दु परिषदको सदस्य सचिवरहने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सम्पर्क ईकाइ रहने। नीतिगत लगायतका विविध विषयमा स्थानीय तहले प्रदेश सरकारसँग र प्रदेश सरकारले स्थानीय तहसँग यसै ईकाई मार्फत सम्पर्क कायम गर्ने

३. मध्यमकालीन खर्च संरचना र आ-आफ्नो तहको आवधिक योजना र प्रोफाइल समन्वयात्मक रूपमा तयार गरी कार्य गर्ने र यसलाई प्रदेश सरकारमा समेत पठाउने। यो योजना निर्माण गर्दा दीर्घकालीन सोच सहित तयार भएको पन्ध्रौं योजनाले निर्धारण गरेको राष्ट्रिय सोच, लक्ष्य र उद्देश्यसँग तादाम्यता कायम गर्ने

४. राजस्व सङ्कलन र बजेट खर्चको विषयमा स्थापित विधिलाई पालन गर्ने। बाँडफाँट गर्नुपर्ने राजस्व अनिवार्य रूपमा विभाज्य कोषमा राख्ने व्यवस्था मिलाई तोकिए बमोजिम बाँडफाँट गर्ने कार्य सञ्चालनमा सङ्घ, प्रदेश र स्थानीय तहले पारित गरेका ऐन कानुनहरूको र अन्य संवैधानिक निकायहरूबाट प्राप्त निर्देशनहरूको पालनामा संवेदनशील रहने

५. प्रदेश सरकारले पारित गरेका नीति कार्यक्रम तथा बजेट अन्य महत्त्वपूर्ण नीति निर्णयका विषयहरू जिल्ला समन्वय समिति र स्थानीय तहमा पठाउने तथा स्थानीय तहका नीति कार्यक्रम तथा बजेट लगायतका विषयहरू नियमित रूपमा प्रदेश सरकार र जिल्ला समन्वय समितिमा पठाउने व्यवस्था मिलाउने।

६. प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमका लागि स्थानीय तहबाट योजना निर्माणका चरणहरू पुरा गरी तयार भएका योजनाहरूलाई समावेश गर्न एक आपसमा अन्तरक्रिया र छलफललाई सघन पारिने।

७. प्रदेश सरकारका र स्थानीय तहले आ-आफ्नो तहमा सञ्चालनमा रहेका सबै योजना तथा कार्यक्रमको अनुगमनमा जिल्ला समन्वय समितिलाई समावेश गर्ने व्यवस्था मिलाउने।

८. सूचना तथा तथ्याङ्कको सङ्कलन तथा उपयोगमा एकरूपताका लागि स्थानीय तह र प्रदेश सरकारले संयुक्त रूपमा काम गर्न मिल्ने प्रकृतिको सफ्टवेयर प्रदेश सरकारले विकास गरी प्रयोगमा ल्याउने।

९. प्रदेशमा शान्ति सुरक्षाको सम्बन्धमा प्रदेश सरकारले नेपाल सरकारसँग उचित समन्वय गरी सुधार गर्न तत्काल पहल गर्ने।

१०. भ्रष्टाचार निवारण ऐन, २०५९ मा भएको व्यवस्था बमोजिम सम्पूर्ण पदाधिकारीहरूले आ-आफ्नो सम्पत्ति विवरण बुझाउनु पर्ने भएकोले यो विषयलाई पूर्ण रूपमा कार्यान्वयन गर्ने गराउने।

११. नेपाल भ्रमण वर्ष २०२० लाई भव्य रूपमा सम्पन्न गर्न आ-आफ्नो क्षेत्रमा प्राथमिकताका साथ विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने।

१२. बालबालिका, महिला, दलित, जनजाती, अल्पसंख्यक, घाइते, अपाङ्गता भएका व्यक्ति, अति विपन्न, जोखिममा रहेका एवम् पछि परेका वर्ग र समुदायको उत्थान र विकासमा प्रदेश सरकार तथा स्थानीय तहले अनुभूत हुने गरी प्रभावकारी कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गर्ने।

१३. आ आफ्नो-कार्यक्षेत्रमा सङ्घ, प्रदेश र स्थानीय सरकारका विकासका योजना तथा कार्यक्रमहरूमा सबैले अपनत्व ग्रहण गरी कार्यान्वयनमा अधिकतम सहजीकरण गर्ने।

१४. एक वर्ष भित्र प्रदेशलाई साक्षर प्रदेश बनाउनुपर्ने भएकोले यसलाई उच्च प्राथमिकतामा राखी प्रदेश र स्थानीय तहले समन्वयात्मक ढङ्गले काम गरी प्रदेशलाई साक्षर तुल्याउने।

१५. स्थानीय तहले सम्पादन गर्नुपर्ने न्यायिक विषयमा सहजीकरण गर्न प्रत्येक स्थानीय तहलाई आवश्यकता अनुसार कानुनी सहायता उपलब्ध गराउन प्रदेश सरकारले शीघ्र निर्णय गर्ने।

१६. सबै प्रकारका सामाजिक कुरीति तथा विसङ्गतिहरूको न्यूनीकरण गर्नको लागि प्रदेश सरकार र स्थानीय तहहरूले सघनरूपमा कार्यक्रमहरू सञ्चालन गर्ने।

१७. कर्णाली प्रदेशलाई दुई वर्ष भित्र अर्ग्यानिक प्रदेश बनाउने तर्फ प्रदेश सरकार एवम् स्थानीय तहहरूले आफ्ना कार्यक्रमहरू केन्द्रीत गर्ने

१८. वर्तमान शिक्षा प्रणालीलाई व्यवहारिक एवम् जीवनोपयोगी बनाउन नयाँ पाठ्यक्रम निर्माण गरी लागु गर्ने प्रारम्भिक बाल विकास र बालबालिकाको शिक्षादीक्षामा विशेष जोड दिने।

१९. श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्दै सामाजिक सुरक्षा सहितको श्रम सहकारी र श्रम कार्यदलबाट श्रम क्षेत्रमा जनशक्तिलाई आकर्षित गरी साना सार्वजनिक निर्माण र उत्पादन कार्यक्रमहरू अभियानको रूपमा सञ्चालन गर्ने।

२०. दैनिक कार्य सञ्चालनमा सुशासनका विषयहरूलाई संवेदनशील रूपमा ग्रहण गरी आम नागरिकले प्राप्त गर्ने सेवालाई प्रभावकारी बनाउन अधिकतम प्रयास गर्ने।

२१. दीगो विकासका १७ वटै लक्ष्य हासिल गर्न प्रदेश र स्थानीय तहमा विषयगत समितिहरू निर्माण गरी विषयलाई आन्तरिकीकरण गर्दै कार्यान्वयनलाई अगाडि बढाउने

## तेस्रो बैठक

मिति : २०७७/१२/२८

समय : दिनको १ बजे

स्थान : मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सभाहल

अध्यक्षता : माननीय मुख्यमन्त्री महेन्द्र बहादुर शाही

## कर्णाली प्रदेश समन्वय परिषद्को तेस्रो बैठकका पदाधिकारीहरू

| क्र. सं. | नाम, थर | पद | निकाय | भूमिका |
|---|---|---|---|---|
| १ | श्री महेन्द्रबहादुर शाही | मा० मुख्यमन्त्री | कर्णाली प्रदेश सरकार | संयोजक |
| २ | श्री नरेश भण्डारी | मा० मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| ३ | श्री विमला के.सी. | मा० मन्त्री | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| ४ | श्री राजकुमार शर्मा | प्रमुख | जिल्ला समन्वय समिति, रूकुम (पश्चिम भाग) | सदस्य |
| ५ | श्री लाल बहादुर सार्की | प्रमुख | जिल्ला समन्वय समिति, जुम्ला | सदस्य |
| ६ | सुर्य बहादुर शाही | प्रमुख | चामुण्डा बिन्द्रासैनी नगरपालिका | सदस्य |
| ७ | श्री कविन्द्र कुमार के सी | अध्यक्ष | सिम्ता गाउँपालिका, सुर्खेत | सदस्य |
| ८ | श्री छिरिङ क्याप्रे लामा | अध्यक्ष | मुगुम कार्मारोड गाउँपालिका मुगु | सदस्य |
| ९ | श्री बागदल मल्ल | अध्यक्ष | ताजाकोट गाउँपालिका हुम्ला | सदस्य |
| १० | श्री निम बहादुर के सी | अध्यक्ष | दार्मा गाउँपालिका सल्यान | सदस्य |
| ११ | श्री रामछायाँ शाही | उपाध्यक्ष | कुशे गाउँपालिका जाजरकोट | सदस्य |
| १२ | श्री तारा न्यौपाने | उपाध्यक्ष | पचालझरना गाउँपालिका कालीकोट | सदस्य |
| १३ | श्री आनन्द सारु | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव |

## कर्णाली प्रदेश समन्वय परिषद्को तेस्रो बैठकका निर्णयहरू:-

१. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय एवम् अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ को उपदफा (१) बमोजिम गठित प्रदेश समन्वय परिषद् कर्णालीका सदस्यलाई परिषद्को प्रथम बैठकमा स्वागत गरियो।

२. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय एवम् अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २५ बमोजिमको प्रदेश समन्वय परिषद्को संरचना तथा काम, कर्तव्य र अधिकारका बारेमा बैठकमा जानकारी गराइयो।

३. बैठकमा प्रस्तुत भएको प्रदेश समन्वय परिषद् बैठक (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ स्वीकृत गर्ने।

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ बमोजिम गठित प्रदेश समन्वय परिषद्को मिति २०७५ माघ १४ र १५ गते तथा मिति २०७६ पुस १० र ११ गते भएका बैठकहरूले गरेका प्रतिबद्धता तथा निर्णयहरूको समीक्षा गरियो।

५. प्रदेश र स्थानीय तहका आयोजनाहरूमा दोहोरोपना आउन तथा अनियमितता हुन नदिन प्रदेशभित्र रहेका सम्पूर्ण स्थानीय तहले वडाहरूका योजना/आयोजनाहरूको एकीकृत योजना किताव तयार गर्नको लागि आयोजनाको विवरण भौतिक पूर्वाधार विकास मन्त्रालयमा पेश गर्ने। सोही आधारमा प्रदेशस्तरबाट स्थानीय तहमा सञ्चालन हुने विकास आयोजनाहरू कार्यान्वयन हुनेगरी विद्युतीय प्रणाली विकास गरी प्रयोगमा ल्याउन स्थानीय तहको एकीकृत विद्युतीय परियोजना बैंक विकास गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमले आवश्यक तयारी गर्ने।

६. स्थानीय तहले आ-आफ्नो तहको विकास गुरुयोजना तयार गरी प्रदेश र सङ्घीय सरकारलाई जानकारी गराउने र सोही गुरुयोजनाका आधारमा वार्षिक बजेट तथा कार्यक्रमहरू तर्जुमा गरी स्थानीयस्तरमा हुने विकास व्यवस्थापन गर्ने।

७. सङ्घ र प्रदेश सरकारको बजेट तथा कार्यक्रम समेतका आधारमा स्थानीय तहले आयोजनाहरूको दोहोरो नपर्ने गरी एक अर्ब रुपैयाँ भन्दा माथिका ठूला योजना सङ्घीय सरकारलाई एक करोड रुपैयाँ भन्दा माथी एक अर्बसम्मका योजना निर्माणकालागि प्रदेश सरकारलाई लेखी पठाउने। एक करोड रुपैयाँ सम्मका आयोजना सम्वन्धित स्थानीय तहले कार्यान्वयन गर्ने गरी आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम तयार गर्ने।

८. आ-आफ्नो कार्यक्षेत्रमा सङ्घ, प्रदेश र स्थानीय सरकारका विकासका योजना तथा कार्यक्रमहरूमा सबैले अपनत्व ग्रहण गरी कार्यान्वयनमा अधिकतम समन्वय तथा सहजीकरण गर्ने।

## चौथो बैठक

मिति : २०७८/०३/२५

समय : दिनको १ बजे

स्थान : मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सभाहल

अध्यक्षता : माननीय मुख्यमन्त्री महेन्द्र बहादुर शाही

## कर्णाली प्रदेश समन्वय परिषद्को चौथो बैठकका पदाधिकारीहरू

| क्र. सं. | नाम, थर | पद | निकाय | भूमिका |
|---|---|---|---|---|
| १ | श्री महेन्द्रबहादुर शाही | मा० मुख्यमन्त्री | कर्णाली प्रदेश सरकार | संयोजक |
| २ | श्री सीता कुमारी नेपाली | मा० मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| ३ | श्री गोपाल शर्मा | मा० मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ४ | श्री राजकुमार शर्मा | प्रमुख | जिल्ला समन्वय समिति, रूकुम (पश्चिम भाग) | सदस्य |
| ५ | श्री लाल बहादुर सार्की | प्रमुख | जिल्ला समन्वय समिति, जुम्ला | सदस्य |
| ६ | श्री आनन्द सारु | नि. प्रमुख सचिव | कर्णाली प्रदेश सरकार | सदस्य |
| ७ | श्री सूर्य बहादुर शाही | प्रमुख | चामुण्डा बिन्द्रासैनी नगरपालिका | सदस्य |
| ८ | श्री कविन्द्र कुमार के.सी. | अध्यक्ष | सिम्ता गाउँपालिका सुर्खेत | सदस्य |
| ९ | श्री छिरिङ क्याप्रे लामा | अध्यक्ष | मुगुम कार्मारोड गाउँपालिका मुगु | सदस्य |
| १० | श्री बागदल मल्ल | अध्यक्ष | ताजाकोट गाउँपालिका हुम्ला | सदस्य |
| ११ | श्री निम बहादुर के.सी. | अध्यक्ष | दार्मा गाउँपालिका सल्यान | सदस्य |
| १२ | श्री रामछायाँ शाही | उपाध्यक्ष | कुशे गाउँपालिका जाजरकोट | सदस्य |
| १३ | श्री तारा न्यौपाने | उपाध्यक्ष | पचालझरना गाउँपालिका कालीकोट | सदस्य |
| १४ | श्री भरत कुमार शर्मा | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव |

## कर्णाली प्रदेश समन्वय परिषद्को चौथो बैठकका निर्णयहरू:-

१. कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष ०७८/०७९ को नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश समन्वय परिषद्का पदाधिकारीहरूले आ-आफ्नो जिल्लाभित्र अन्तर्किया, पृष्ठपोषण आदानप्रदान, समन्वय बैठक लगायतका कार्यक्रममार्फत सहजीकरण गर्ने ।

२. मुख्यमन्त्री रोजगार कार्यक्रम, एकीकृत वस्ती विकास कार्यक्रम, कर्णाली उज्यालो कार्यक्रम लगायतका प्रदेश विशेष कार्यक्रमहरूको प्रभावकारी एवम् परिणाममुखी कार्यान्वयनका लागि कर्णाली प्रदेश सरकारलाई देहायका सुझाव दिनेः

क. प्रदेश विशेष कार्यक्रमहरूको कार्यान्वयन निर्देशिका/कार्यविधि/मापदण्डहरू सहभागितामूलक रूपमा तर्जुमा तथा सरोकारवालाहरूसँग परामर्श गरी कार्यान्वयन गर्ने।

ख. आ.व. ०७८/०७९ मा मुख्यमन्त्री रोजगार कार्यक्रमलाई दिगो एवम् स्वरोजगारमुलक रूपमा समेत कार्यान्वयन हुने गरी नमूना कार्यक्रमको रूपमा सञ्चालन गर्दा प्रभावकारी हुने।

ग. एकीकृत बस्ती विकास कार्यक्रमलाई एक जिल्ला एक नमूना एकीकृत वस्ती विकासको रूपमा स्थानीय तह र जनताको साझेदारीमा कार्यान्वयन गर्दा प्रभावकारी हुने।

घ. दलित/महिला आयआर्जन कार्यक्रमलाई उपयुक्त सूचकका आधारमा विशेष समूह निर्माण गरी स्वरोजगार र आयआर्जनका क्रियाकलापमा केन्द्रित भई कार्यान्वयन गर्दा प्रभावकारी हुने।

ङ. अधिकतम् लक्षित वर्ग समेटिने, स्वरोजगार/आयआर्जन सृजना हुने सूचक समेटी सहभागितामुलक रूपमा कार्यविधि निर्माण गरी व्याज अनुदान साझेदारी कार्यक्रम सञ्चालन गर्दा प्रभावकारी हुने।

च. राष्ट्रिय विद्युत प्रशारण लाईन नपुगेका स्थानका अधुरा आयोजना, साझेदारी रूपमा सञ्चालन हुने आयोजना, विद्युत सहकारीमा रुपान्तरण भइ सञ्चालन तथा ब्यवस्थापन हुने आयोजना, पूँजी अभावका कारण निर्माण अलपत्र परेका आयोजनाहरूलाई उत्पादन क्षमता, हालको कार्यप्रगति, लाभान्वित जनसङ्ख्या, अन्य विद्युत पहुँचको सम्भावना समेतका आधारमा छनौट गरी हाइड्रो, माइक्रोहाइड्रो, वैकल्पिक उर्जा र सौर्य उर्जाका योजनाहरू कर्णाली उज्यालो कार्यक्रममार्फत लगानी गर्दा प्रभावकारी हुने।

३. मुख्यमन्त्री कार्यालयमा रहेको प्रदेश समन्वय परिषद्को सचिवालयलाई प्रदेश र स्थानीय तहसंग प्रभावकारी समन्वय, सहकार्य, प्रतिवेदन, सूचना आदानप्रदान तथा स्पष्ट सम्पर्कविन्दुको रूपमा सङ्घ, प्रदेश तथा स्थानीय तह समन्वय शाखाको रूपमा विकास गरी अन्तर सरकार सम्पर्क तथा समन्वयलाई प्रभावकारी बनाउने

४. जिल्ला समन्वय समिति, स्थानीय तहहरूले कानूनतः तोकिएका जानकारी, सूचना तथा प्रतिवेदन यथासमयमा निर्णय नं. ३ बमोजिमको शाखामा पत्राचार गर्ने।

## पाँचौ बैठक

मिति : २०७८/१०/१३

समय : दिनको १ बजे

स्थान : होटेल सिद्धार्थ सनि भिलेज, वीरेन्द्रनगर, सुर्खेत

अध्यक्षता : माननीय मुख्यमन्त्री जीवन बहादुर शाही

## कर्णाली प्रदेश समन्वय परिषद्को पाँचौ बैठकका पदाधिकारीहरू

| क्र. सं. | नाम, थर | पद | निकाय | भूमिका |
|---|---|---|---|---|
| १ | श्री जीवनबहादुर शाही | मा० मुख्यमन्त्री | कर्णाली प्रदेश सरकार | संयोजक |
| २ | श्री विन्दमान विष्ट | मा० मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ३ | श्री राजकुमार शर्मा | प्रमुख | जिल्ला समन्वय समिति, रूकुम (पश्चिम भाग) | सदस्य |
| ४ | श्री लाल बहादुर सार्की | प्रमुख | जिल्ला समन्वय समिति, जुम्ला | सदस्य |
| ५ | श्री राजकुमार श्रेष्ठ | प्रमुख सचिव | कर्णाली प्रदेश सरकार | सदस्य |
| ६ | श्री सुर्य बहादुर शाही | प्रमुख | चामुण्डा बिन्द्रासैनी न पा | सदस्य |
| ७ | श्री कविन्द्र कुमार के सी | अध्यक्ष | सिम्ता गाउँपालिका सुर्खेत | सदस्य |
| ८ | श्री छिरिङ क्याप्रे लामा | अध्यक्ष | मुगुम कार्मारोड गाउँपालिका मुगु | सदस्य |
| ९ | श्री बागदल मल्ल | अध्यक्ष | ताजाकोट गाउँपालिका हुम्ला | सदस्य |
| १० | श्री निम बहादुर के सी | अध्यक्ष | दार्मा गाउँपालिका सल्यान | सदस्य |
| ११ | श्री रामछायाँ शाही | उपाध्यक्ष | कुशे गाउँपालिका जाजरकोट | |
| १२ | श्री तारा न्यौपाने | उपाध्यक्ष | पचालझरना गाउँपालिका कालीकोट | |
| १३ | श्री आनन्द सारु | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |

## कर्णाली प्रदेश समन्वय परिषद्को पाँचौ बैठकका निर्णयहरू:-

१. कर्णाली प्रदेश समन्वय परिषद्को पहिलो, दोस्रो, तेस्रो र चौथो बैठकका निर्णयहरू र सो को कार्यान्वयन सम्बन्धमा पुनरावलोकन गरियो।

२. प्रदेश तथा स्थानीय तहले कार्यान्वयन योग्य आयोजनाहरूको आयोजना बैंक तयार गर्ने। स्थानीय तहले प्रदेश बाट कार्यान्वयन गर्न गरिएका आयोजनाहरू प्रदेश आयोजना बैंकमा समावेश गर्न लेखि पठाउने। प्रदेश तथा स्थानीय तहले आयोजना छनोट गर्दा आयोजना बैंकमा समावेश भएका आयोजनालाई छनोट प्राथमिकता दिने।

३. प्रदेश तथा स्थानीय तहमा आयोजना छनोट तथा कार्यान्वयनमा दोहोरोपना हटाउन, आयोजनाहरूबीच तादात्म्यता र सामञ्जस्यता कायम गर्नका लागि स्थानीय तहले कार्यान्वयन गर्ने आयोजनाहरूको सूची प्रदेश आयोजना बैंङ्कमा पठाउने। प्रदेश तथा स्थानीय तहले आयोजना छनौट गर्दा दोहोरोपना नहुने गरी छनौट गर्ने। यसका लागि प्रदेश सरकारबाट पठाइएका योजनाहरूमा दोहोरोपना परेका, असान्दर्भिक देखिएका तथा बजेट र आयोजना बीच तालमेल नभएका आयोजनाहरूको सूची लिखित रूपमा प्रदेश सरकारलाई सुधारका लागि पठाउने।

४. प्रदेश तथा स्थानीय तह बीच आयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा प्रभावकारीता ल्याउन प्रदेश तथा स्थानीय तहको सहभागितामा वार्षिक समीक्षा तथा अनुभव आदानप्रदान कार्यक्रम आयोजना गर्ने।

५. प्रदेशबाट कार्यान्वयन गरिएको आयोजना छनौट, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दा जिल्ला समन्वय समिति, स्थानीय तहको समेत सहभागिता सुनिश्चित हुने व्यवस्था गर्ने। सम्बन्धित स्थानीय तहको कार्यक्षेत्रमा रहेको आयोजनाको प्रदेशबाट अनुगमन गरिएकोमा सोको प्रतिवेदन स्थानीय तहमा समेत उपलब्ध गराउने।

६. प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भई स्थानीय तहमा सञ्चालित आयोजनाहरूको प्रगति कर्णाली प्रदेश अनुगमन प्रणालीमा निरन्तर प्रविष्टी गर्ने व्यवस्था मिलाउने।

७. स्थानीय तहको विषयगत शाखा र प्रदेश सरकारको जिल्लास्थित विषयगत कार्यालयबीच आयोजना कार्यान्वयनमा प्रभावकारी समन्वय गर्ने।

८. कर्णाली प्रदेशको प्रथम पञ्चवर्षिय योजना र दिगो विकास सम्बन्धी राष्ट्रिय तथा प्रादेशिक लक्ष्यहरूमा समेत सहयोग पुग्ने गरी प्रदेश तथा स्थानीय तहले आफ्नो वार्षिक बजेट तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने।

९. कोभिड १९ को तेस्रो लहरबाट हुनसक्ने जोखिम तथा क्षती न्यूनीकरणका लागि आवश्यक पर्ने खोप, स्वास्थ्य उपकरण, जनशक्ति र पूर्वाधारको समुचित व्यवस्थापन गर्न प्रदेश र स्थानीय तहबीच समन्वयात्मक रूपमा कार्य गर्ने। स्थानीय तहमा सञ्चालित खोप कार्याक्रम लगायतका कार्यहरूको निरन्तर प्रगति विवरण तोकिए बमोजिम प्रतिवेदन तथा प्रविष्टी गर्ने।

१०. विपद् जोखिम व्यवस्थापनमा प्रभावकारिता ल्याउन स्थानीय तहमा स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना गर्न प्रदेश सरकारले आवश्यक सहयोग गर्ने। स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र, प्रादेशिक आपतकालिन कार्यसञ्चालन केन्द्र र राष्ट्रिय आपतकालिन कार्यसञ्चालन केन्द्रबीच आवद्धता कायम गर्ने।

११. विपद् प्रभावित व्यक्ति तथा परिवारको राहत तथा पुनःस्थापना कार्यमा समन्वय, साझेदारीमा सहभागिता गरी दोहोरोपना हटाई एकरूपता कायम गर्ने।

१२. सङ्घीय तथा प्रादेशिक सडकसँग स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माणमा प्रदेश सरकारले विशेष प्राथमिकता दिने र स्थानीय तहले स्थानीय तहको केन्द्रबाट वडा केन्द्र जोड्ने सडक निर्माण कार्यलाई प्राथमिकता दिने।

१३. प्रदेश तथा स्थानीय तहको सेवा प्रवाह सम्बन्धमा जनताको गुनासो, जिज्ञासा र सुझावलाई उचित सम्बोधनको लागि हाल सञ्चालनमा रहेको हेलो मुख्यमन्त्री हटलाइन सेवालाई स्थानीय तहको गुनासो व्यवस्थापन संयन्त्रसँग आवद्धता गर्ने। हेलो मुख्यमन्त्री हटलाइन सेवामा प्राप्त गुनासाहरू मध्य स्थानीय तहको अधिकार क्षेत्र भित्रको विषयको सन्दर्भमा सम्बन्धित स्थानीय तहबाटै गुनासो सम्बोधन हुने व्यवस्था मिलाउने।

१४. कर्णाली प्रदेश समन्वय परिषद्बाट हालसम्म भएका निर्णयहरूको कार्यान्वयन सम्बन्धी जिल्लागत प्रतिवेदन जिल्ला समन्वय समितिले र एकीकृत प्रतिवेदन प्रदेश समन्वय परिषद्को सचिवालयले त्रैमासिक रूपमा प्रकाशन गर्ने। त्यस्तो प्रतिवेदन माथि प्रदेश समन्वय परिषद्को आगामी बैठकमा छलफल तथा समीक्षा गर्ने।

१५. कर्णाली प्रदेशका सबै स्थानीय तहहरूको विकास योजना सम्बन्धी विस्तृत गुरुयोजना प्रदेश र स्थानीय तहको सहभागितामूलक विधीबाट तयार गर्ने र सो कार्यका लागि प्रदेशले आवश्यक सहयोग र सहकार्य गर्ने। प्रदेश तथा स्थानीय तहहरूले सोही गुरुयोजनाले तोकेको प्राथमिकताको क्षेत्रमा रहेका आयोजनाहरू मात्र कार्यान्वयन गर्ने व्यवस्था मिलाउने।

१६. जनसंख्यालाई मात्र आधार मान्दा कर्णालीलाई राजश्व बाँडफाँड न्यून प्राप्त भएको सन्दर्भमा भूगोललाई अधिक भार दिई राजश्व बाँडफाँडको न्यायोचित विधी तयार गर्न प्राकृतिक स्रोत तथा वित्त आयोग र नेपाल सरकारलाई अनुरोध गर्ने।

१७. अन्तर सरकार वित्त व्यवस्थापन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम स्थानीय तहले उठाएको राजश्व मध्ये प्रदेश सरकारलाई बुझाउनु पर्ने राजश्वको हिस्सा कतिपय स्थानीय तहबाट समयमा प्राप्त नहुँदा प्रदेश सरकारको आय न्यून देखिएको हुँदा संवैधानिक तथा कानूनी रूपले बाँडफाँड हुनुपर्ने राजश्व समयमा नै बाँडफाँड गरि पठाउने व्यवस्था गर्ने।

१८. कर्णाली प्रदेश समन्वय परिषद्को पाँचौं बैठकमा सहभागी भई बैठकलाई सफलतापूर्वक सम्पन्न गर्न र परिणाममुखी बनाउन सहयोग गर्नुहुने परिषद्का सम्पूर्ण सदस्य, माननीय मन्त्रीज्यू, सचिवज्यूहरू, व्यवस्थापनमा खटिएका अन्य कर्मचारी र सञ्चारकर्मी लगायत सबैलाई धन्यवाद दिने।

## छैटौँ बैठक

मिति : २०७९/०५/२८

समय : दिनको २ बजे

स्थान : होटेल सिद्धार्थ शनि भिलेज, वीरेन्द्रनगर, सुर्खेत

अध्यक्षता : माननीय मुख्यमन्त्री जीवन बहादुर शाही

## कर्णाली प्रदेश समन्वय परिषद्को छैटौँ बैठकका पदाधिकारीहरू

| क्र. सं. | नाम, थर | पद | निकाय | भूमिका |
|---|---|---|---|---|
| १ | श्री जीवनबहादुर शाही | मा० मुख्यमन्त्री | कर्णाली प्रदेश सरकार | संयोजक |
| २ | श्री कृष्णा शाह (आचार्य) | मा० मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ३ | श्री हिम बहादुर शाही | मा० मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| ४ | श्री लुम्बिनी गौतम | प्रमुख | जिल्ला समन्वय समिति, रूकुम (पश्चिम भाग) | सदस्य |
| ५ | श्री गौरीनन्द आचार्य | प्रमुख | जिल्ला समन्वय समिति, जुम्ला | सदस्य |
| ६ | श्री गोपिकृष्ण खनाल | प्रमुख सचिव | कर्णाली प्रदेश सरकार | सदस्य |
| ७ | श्री गणेश कुमार शाही | प्रमुख | चामुण्डा बिन्द्रासैनी न पा | सदस्य |
| ८ | श्री ऐन बहादुर चन्द | अध्यक्ष | सिम्ता गाउँपालिका सुर्खेत | सदस्य |
| ९ | श्री छिरिङ क्याप्रे लामा | अध्यक्ष | मुगुम कार्मारोङ गाउँपालिका मुगु | सदस्य |
| १० | श्री मोहन विक्रम सिंह | अध्यक्ष | अदानचुली गाउँपालिका, हुम्ला | सदस्य |
| ११ | श्री दुर्गा बहादुर पुन | अध्यक्ष | कपुरकोट गाउँपालिका सल्यान | सदस्य |
| १२ | श्री नर बहादुर गिरी | उपाध्यक्ष | बारेकोट गाउँपालिका, जाजरकोट | सदस्य |
| १३ | श्री अल्किना बम | उपाध्यक्ष | पचालझरना गाउँपालिका कालीकोट | सदस्य |
| १४ | श्री दुदा रोकाय | उपाध्यक्ष | मुड्केचुला गाउँपालिका डोल्पा | सदस्य |
| १५ | श्री आनन्द सारु | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव |

## छैटौँ बैठकका निर्णयहरू:-

१. कर्णाली प्रदेश समन्वय परिषद्को पहिलोदेखि पाँचौ बैठकले गरेका निर्णयहरू र सोको कार्यान्वयन अवस्थाको सम्बन्धमा बैठकमा प्रस्तुतीकरण भई छलफल तथा समीक्षा गरियो।

२. तीन तहको अन्तरसम्बन्धको आधारको रूपमा रहेको समन्वय, सहकार्य र सहअस्तित्वको संवैधानिक मर्म अनुरूप प्रदेश तथा स्थानीय तह बीचको समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन यसलाई आत्मसात् गर्दै आ-आफ्नो तहबाट पहल गर्ने र भूमिकालाई प्रभावकारी बनाउने।

३. प्रदेश र स्थानीय तहका योजनाको छनौट, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको कार्यमा सामञ्जस्यता कायम गरी योजना दोहोरोपना हुने, असान्दर्भिक योजना छनौट हुने, योजना र बजेट बीच तालमेल नहुने र कार्यान्वयनमा अपनत्व कायम नहुने जस्ता समस्या हटाउन प्रदेश र स्थानीय तहले योजना छनौट, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दा आपसी समन्वय र सहकार्य गर्ने।

४. प्रदेश सरकारबाट योजना छनौट गर्दा स्थानीय तह मार्फत प्राप्त योजनाहरूलाई प्राथमिकता दिने। प्रदेश तथा स्थानीय तहले योजना छनौट गर्दा प्रदेश र स्थानीय तहको आवधिक तथा दीर्घकालीन योजनाका आधारमा छनौट गर्ने। प्रदेशले प्रदेश परियोजना बैङ्क र स्थानीय तहले स्थानीय परियोजना बैङ्क तयार गरी परियोजना बैङ्कमा समावेश भएका परियोजनाहरू छनौट गर्ने।

५. स्थानीय तहको विकासलाई प्रभावकारी बनाउन सहयोग गर्ने स्थानीय तहको संस्थागत क्षमता स्वःमूल्याङ्कन, वित्तीय जोखिम मूल्याङ्कन, बालमैत्री स्थानीय शासन, जलवायु परिवर्तनमैत्री स्थानीय शासन, स्थानीय आर्थिक विकास र टोल विकास संस्था परिचालन जस्ता स्थानीय तहको सुशासनका औजारहरूको सूचकहरू विकास गरी उक्त सूचकहरू प्राप्ति एवम् सूचकहरूलाई अपनत्व/ स्वामित्वकरण गर्नेतर्फ सबै स्थानीय तह केन्द्रित हुने। यसका लागि प्रदेश सरकारले आवश्यक नीतिगत, संस्थागत र कार्यगत व्यवस्थाका लागि समन्वय र सहजीकरण गर्ने।

६. स्थानीय तहको संस्थागत क्षमता स्वःमूल्याङ्कनका कतिपय सूचकहरू कर्णाली प्रदेशका लागि अव्यवहारिक र न्यायसंगत नदेखिएकोले त्यस्ता सूचकहरूलाई समसामयिक, सान्दर्भिक र व्यवहारिक बनाउन सम्बन्धित निकायमा लेखी पठाउने।

७. सबै स्थानीय तहले आफूले निर्माण गरेका कानूनहरू प्रदेश सरकारमा पठाउनु पर्ने कानूनी व्यवस्थालाई सबै स्थानीय तहले कार्यान्वयन गर्ने। प्रदेश सरकारले यसका लागि प्रदेश तथा स्थानीय तहको एकीकृत कानूनी पोर्टल तयार गरी व्यवस्थित गर्ने।

८. विपद् व्यवस्थापनको क्रममा खोज, उद्धार, राहत र पुनःस्थापनाका लागि प्रदेश र स्थानीय तहबीच आवश्यक कार्यगत समन्वय र सहकार्य गर्ने।

९. प्रदेश समन्वय परिषद्बाट हालसम्म भएका निर्णयहरूको अध्ययन तथा विश्लेषण गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सात दिनभित्र यसको एकीकृत कार्यान्वयन कार्ययोजना बनाई सबै जिल्ला समन्वय समिति, नगरपालिका, गाउँपालिका र प्रदेशको सम्वद्ध मन्त्रालयमा पठाउने।यसको कार्यान्वयन अवस्था त्रैमासिक रूपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सार्वजनिकीकरण गर्ने।

## सातौँ बैठक

मिति : २०८०/०२/०२

समय : बिहान ८ बजे

स्थान : होटेल सिद्धार्थ शनि भिलेज, वीरेन्द्रनगर, सुर्खेत

अध्यक्षता : माननीय मुख्यमन्त्री राजकुमार शर्मा

## कर्णाली प्रदेश समन्वय परिषद्को सातौँ बैठकका पदाधिकारीहरू

| क्र. सं. | नाम, थर | पद | निकाय | भूमिका |
|---|---|---|---|---|
| १ | श्री राजकुमार शर्मा | मा० मुख्यमन्त्री | कर्णाली प्रदेश सरकार | अध्यक्ष |
| २ | श्री बेदराज सिंह | मा० मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ३ | श्री कृष्ण बहादुर जि.सी. | मा० मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| ४ | श्री लुम्बिनी गौतम | प्रमुख | जिल्ला समन्वय समिति, रूकुम (पश्चिम भाग) | सदस्य |
| ५ | श्री गौरीनन्द आचार्य | प्रमुख | जिल्ला समन्वय समिति, जुम्ला | सदस्य |
| ६ | श्री गोपिकृष्ण खनाल | प्रमुख सचिव | कर्णाली प्रदेश सरकार | सदस्य |
| ७ | श्री गणेश कुमार शाही | प्रमुख | चामुण्डा बिन्द्रासैनी नगरपालिका | सदस्य |
| ८ | श्री ऐन बहादुर चन्द | अध्यक्ष | सिम्ता गाउँपालिका, सुर्खेत | सदस्य |
| ९ | श्री छिरिङ क्याप्रे लामा | अध्यक्ष | मुगुम कार्मारोङ गाउँपालिका, मुगु | सदस्य |
| १० | श्री मोहन विक्रम सिंह | अध्यक्ष | अदानचुली गाउँपालिका, हुम्ला | सदस्य |
| ११ | श्री दुर्गा बहादुर पुन | अध्यक्ष | कपुरकोट गाउँपालिका, सल्यान | सदस्य |
| १२ | श्री नर बहादुर गिरी | उपाध्यक्ष | बारेकोट गाउँपालिका, जाजरकोट | सदस्य |
| १३ | श्री अल्किना बम | उपाध्यक्ष | पचालझरना गाउँपालिका, कालीकोट | सदस्य |
| १४ | श्री दुदा रोकाय | उपाध्यक्ष | मुड्केचुला गाउँपालिका, डोल्पा | सदस्य |
| १५ | श्री आनन्द सारु | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव |

## सातौँ बैठकका निर्णयहरू:-

१. प्रदेश समन्वय परिषद्को पूर्व बैठकका निर्णयहरू र सोको कार्यान्वयन अवस्थाको पुनरावलोकन गरियो।

२. विकास योजना र कार्यक्रम कार्यान्वयनमा प्रदेश र स्थानीय तहको भूमिकाको सन्दर्भमा छलफल गरियो।

३. आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमका सन्दर्भमा स्थानीय तहको सल्लाह र सुझावलाई महत्त्व र प्राथमिकताका आधारमा समावेश तथा कार्यान्वयन गर्ने निर्णय गरियो।

४. सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यलाई दिगो र प्रभावकारी बनाउने विषय माथि सुझावसहित छलफल गरियो।

५. स्थानीय तह सेवा सञ्चालन सम्बन्धी ऐन चालु आ.व. २०७९/०८० सम्ममा तर्जुमा गर्ने निर्णय गरियो।

६. कर्णाली प्रदेशको मुख्य समस्या गरिवीको अन्त्यको लागि वार्षिक न्युनतम दश हजार रोजगारी सिर्जना गर्न कर्णाली समृद्धि अभियान चलाउने कार्य गर्ने। यस अभियान अन्तर्गत बेरोजगार युवाहरूलाई नवप्रवर्तनमा आधारित उत्पादनमुलक उद्योग तथा व्यवसाय सञ्चालनको लागि रोजगारी तथा स्वरोजगारी प्रवर्द्धन गर्न सीप नक्साङ्कन गरी आवश्यक ज्ञान, सीप, तालिम, प्रविधि र वित्तीय पहुँचको व्यवस्था मिलाइ स्वरोजगार बनाउने निर्णय गरियो।

७. कर्णाली प्रदेश सरकार र स्थानीय तहको संयुक्त लगानीमा कर्णाली प्रदेशका जनतालाई न्यून ब्याजदरमा बित्तीय पहुँच पुऱ्याई लगानी प्रवर्द्धन, उत्पादन वृद्धि र रोजगारीमा टेवा पुऱ्याउने उद्देश्यले एउटा लघुवित्तीय संस्था स्थापना गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

८. प्रदेश समन्वय परिषद्को सातौं बैठकको विस्तारित समन्वय बैठक सञ्चालन गरी उक्त विस्तारित समन्वय बैठकबाट प्राप्त हुने कार्यान्वयनयोग्य सुझावहरूलाई सम्बोधन हुनेगरी कर्णाली प्रदेश सरकारको आगामी आ.व. को नीति तथा कार्यक्रममा समावेश गर्ने निर्णय गरियो।

मिति : २०८०/०२/०२ र ०३ गते

समय : अपरान्ह १२ बजेदेखि

स्थान : शुभ होटेल, वीरेन्द्रनगर, सुर्खेत

अध्यक्षता : माननीय मुख्यमन्त्री राजकुमार शर्मा

## माननीय मुख्यमन्त्री राजकुमार शर्माज्यूको अध्यक्षतामा मिति २०८०/०२/०२ र ०३ गते स्थानीय तह र प्रदेश सरकारबीच बसेको बृहत् समन्वय बैठकका निर्णयहरू:-

१. स्थानीय र प्रदेश सरकारमा देखापर्ने विवाद समाधानको लागि स्थापित संयन्त्रहरूको क्रियाशीलता बढाउँदै योजना/आयोजना छनौट, कार्यान्वयन, मुल्याङ्कन तथा सेवा प्रवाहमा निष्पक्षता, तटस्थता, पारदर्शिता, जवाफदेहिता र सुशासन कायम गर्ने र प्रदेश तथा स्थानीय सरकारले Think globally, act locally को अवधारणालाई आत्मसात् गरेर नागरिकको नजिकको सरकारको प्रत्याभुति दिलाउन आवश्यक कार्य गर्ने।

२. कर्णाली प्रदेशको मुख्य समस्या गरिवीको अन्त्यको लागि वार्षिक न्युनतम दश हजार रोजगारी सिर्जना गर्न कर्णाली समृद्धि अभियान चलाउने कार्य गर्ने। यस अभियान अन्तर्गत बेरोजगार युवाहरूलाई नवप्रवर्तनमा आधारित उत्पादनमुलक उद्योग तथा व्यवसाय सञ्चालनको लागि रोजगारी तथा स्वरोजगारी प्रवर्द्धन गर्न सीप नक्साङ्कन गरी आवश्यक ज्ञान, सीप, तालिम, प्रविधि र वित्तीय पहुँचको व्यवस्था मिलाइ स्वरोजगार बनाउने।

३. कर्णाली प्रदेश सरकार र स्थानीय तहको संयुक्त लगानीमा कर्णाली प्रदेशका जनतालाई न्यून ब्याजदरमा बित्तीय पहुँच पुऱ्याई लगानी प्रवर्द्धन, उत्पादन वृद्धि र रोजगारीमा टेवा पुऱ्याउने उद्देश्यले एउटा लघुवित्तीय संस्था स्थापना गर्ने व्यस्था मिलाउने।

४. शिक्षालाई प्रयोगात्मक तथा सीपमूलक बनाउँदै रोजगारीसँग आबद्ध गर्ने सम्बन्धमा तहगत सरकार र निजी क्षेत्रबीच सहकार्य विकास गर्ने तथा वित्तीय सवलता हाँसिल गरी शिक्षामा पर्याप्त लगानी परिचालन गर्ने, शिक्षक दरबन्दी तथा तलब व्यवस्थापन मार्फत गुणस्तरीय शिक्षामा सबैको पहुँच पुऱ्याउनेतर्फ कार्य गर्ने।

५. मुख्यमन्त्री रोजगार कार्यक्रमको प्रभावकारीता वृद्धि गर्न नीतिगत सुधार गर्ने तथा मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम लागु गर्नेतर्फ स्थानीय र प्रदेश सरकार क्रियाशील गराउने।

६. कर्णाली प्रदेशको वित्तीय सम्भावनाको पहिचान र उपयोग क्षमता बढाउने तथा सोका लागि समन्वय र सहकार्यका रणनीतिहरू विकास गर्ने।

७.  प्रदेश सरकारबाट स्थानीय तहहरूमा हस्तान्तरण हुने अनुदानको उपयोग क्षमता बढाउने र लक्ष्य अनुरूप उत्पादन, रोजगारी सृजना तथा पुँजी निर्माण हुनेगरी परिचालन गर्ने सम्बन्धमा आवश्यक समन्वय र सहकार्य गर्ने।

८.  प्रशासनिक सङ्घीयता सबलीकरणमा तहगत सरकारको साझेदारी विकास गर्ने, स्थानीय तथा प्रदेश सरकारका लागि आवश्यक कर्मचारी व्यवस्थापन प्रदेश लोक सेवा आयोगबाट यथाशीघ्र हुने व्यवस्था मिलाउन अनुरोध गर्ने।

९.  समृद्ध कर्णाली, सुखारी कर्णालीवासीको मान्यतालाई साकार पार्न पूर्वाधार विकास, उत्पादन र उद्यमशीलता विकासमा जोड दिने नीति लिई साना योजनाहरूलाई स्थानीय तहमार्फत कार्यान्वयन हुने व्यवस्था मिलाई आयोजना विनियोजन तथा कार्यान्वयनमा तहगत रूपमा दोहोरोपना तथा कमजोर वित्तीय परिचालनको समस्या हुन नदिई वित्तीय सुशासन र साझेदारी कायमका लागि अनुरोध गर्ने।

१०.  आयोजना कार्यान्वयनमा प्रभावकारीता ल्याउन स्थानीय सरकार, जिल्ला समन्वय समिति तथा प्रदेश सरकारको तर्फबाट अनुगमन तथा मूल्याङ्कन कार्यलाई योजनाबद्ध तथा नतिजामुखी बनाउने तथा ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाउने र प्रदेश तथा स्थानीय तहले आयोजना विनियोजनमा पारदर्शिता ल्याई विनियोजन कुशलता तथा खर्च दक्षता बढाउन अनुरोध गर्ने।

११.  समावेशी र दिगो विकासका लागि हाम्रो परिवेशमा तुलनात्मक लाभको रूपमा रहेका कृषि र पशुपालनमा प्रदेश र स्थानीय सरकारले पर्याप्त लगानी र सहकार्य बढाउँदै अर्गानिक, आत्मनिर्भर र हरित कृषि अर्थतन्त्रको विकासमा जोड दिँदै बाँझो जग्गाको उपयोग रणनीति विकास गरी युवा पलायन रोक्ने कार्यक्रम ल्याउन अनुरोध गर्ने।

१२.  स्वास्थ्य संस्था तथा अस्पतालहरूमा दक्ष स्वास्थ्यकर्मीको सुनिश्चितता तथा स्रोत साधनको आवश्यक जोहो गरी गुणस्तरीय स्वास्थ्य सेवामा कर्णालीवासीको सहज र सुलभ पहुँच पुऱ्याउन सरकारी तथा निजी लगानी साझेदारीमा जोड दिने साथै स्वास्थ्य बीमा कार्यक्रमको दायरा फराकिलो र प्रभावकारी बनाउनका लागि अनुरोध गर्ने।

१३.  आर्थिक अनुशासन कायम गर्नका लागि आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउने, बेरुजु न्यूनीकरणमा जोड दिने विषयमा समन्वय र सहकार्यका लागि अनुरोध गर्ने।

१४.  स्थानीय तहको न्यायिक समितिको क्षमता विकास र कार्यसम्पादनमा प्रभावकारीता ल्याई मेलमिलाप र मध्यस्थतालाई बलियो बनाउन आवश्यक सहकार्य गर्ने।

१५.  कर्णाली प्रदेशको प्राकृतिक स्रोत र सम्भाव्यताको खोजी गरी स्थानीय तह तथा प्रदेश सरकारको वित्त व्यवस्थापनलाई दिगो, धान्न सकिने र भरपर्दो बनाउनेतर्फ आवश्यक अध्ययन अनुसन्धानका लागि अनुरोध गर्ने।

## आठौं बैठक

मिति : २०८१/०३/२२

समय : बिहान ८ बजे

स्थान : कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको सभाहल, वीरेन्द्रनगर, सुर्खेत

अध्यक्षता : माननीय मुख्यमन्त्री यामलाल कडेल

## कर्णाली प्रदेश समन्वय परिषद्को आठौं बैठकका पदाधिकारीहरू

| क्र. सं. | नाम, थर | पद | निकाय | भूमिका |
|---|---|---|---|---|
| १ | श्री यामलाल कडेल | मा० मुख्यमन्त्री | कर्णाली प्रदेश सरकार | संयोजक |
| २ | श्री महेन्द्र के.सी. | मा० मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ३ | श्री यामलाल कडेल | मा० मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| ४ | श्री लुम्बिनी गौतम | प्रमुख | जिल्ला समन्वय समिति, रूकुम (पश्चिम भाग) | सदस्य |
| ५ | श्री गौरीनन्द आचार्य | प्रमुख | जिल्ला समन्वय समिति, जुम्ला | सदस्य |
| ६ | श्री चूडामणि पौडेल | प्रमुख सचिव | कर्णाली प्रदेश सरकार | सदस्य |
| ७ | श्री गणेश कुमार शाही | प्रमुख | चामुण्डा बिन्द्रासैनी नगरपालिका, दैलेख | सदस्य |
| ८ | श्री ऐन बहादुर चन्द | अध्यक्ष | सिम्ता गाउँपालिका, सुर्खेत | सदस्य |
| ९ | श्री छिरिङ क्याप्रे लामा | अध्यक्ष | मुगुम कार्मारोङ गाउँपालिका, मुगु | सदस्य |
| १० | श्री मोहन विक्रम सिंह | अध्यक्ष | अदानचुली गाउँपालिका, हुम्ला | सदस्य |
| ११ | श्री दुर्गा बहादुर पुन | अध्यक्ष | कपुरकोट गाउँपालिका, सल्यान | सदस्य |
| १२ | श्री नर बहादुर गिरी | उपाध्यक्ष | बारेकोट गाउँपालिका, जाजरकोट | सदस्य |
| १३ | श्री अल्किना बम | उपाध्यक्ष | पचालझरना गाउँपालिका, कालीकोट | सदस्य |
| १४ | श्री दुदा रोकाय | उपाध्यक्ष | मुड्केचुला गाउँपालिका, डोल्पा | सदस्य |
| १५ | श्री आनन्द सारु | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव |

## आठौं बैठकका निर्णयहरू:-

१. प्रदेश समन्वय परिषद्बाट भएका पूर्व बैठकका निर्णयहरूको कार्यान्वयन अवस्थाको प्रस्तुतीकरणबारे जानकारी लिई प्रभावकारी बनाउन निर्देशन दिने।

२. बैठकमा उठेका विषयहरूलाई थप अध्ययन विश्लेषण पश्चात आगामी बैठकमा निश्कर्ष सहित मार्गदर्शन प्रदान गर्ने।

## नवौं बैठक

मिति : २०८२/०१/२५

समय : बिहान ११ बजे

स्थान : मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सभाहल, वीरेन्द्रनगर, सुर्खेत

अध्यक्षता : माननीय मुख्यमन्त्री यामलाल कडेल

## कर्णाली प्रदेश समन्वय परिषद्को नवौं बैठकका पदाधिकारीहरू

| क्र. सं. | नाम, थर | पद | निकाय | भूमिका |
|---|---|---|---|---|
| १ | श्री यामलाल कडेल | मा० मुख्यमन्त्री | कर्णाली प्रदेश सरकार | संयोजक |
| २ | मा० राजीव विक्रम शाह | मा० मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ३ | मा० यामलाल कडेल | मा० मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| ४ | श्री लुम्बिनी गौतम | प्रमुख | जिल्ला समन्वय समिति, रूकुम (पश्चिम भाग) | सदस्य |
| ५ | श्री गौरी नन्द आचार्य | प्रमुख | जिल्ला समन्वय समिति, जुम्ला | सदस्य |
| ६ | श्री वीरेन्द्र कुमार यादव | प्रमुख सचिव | कर्णाली प्रदेश सरकार | सदस्य |
| ७ | श्री गणेश कुमार शाही | प्रमुख | चामुन्डा बिन्द्रासैनी नगरपालिका, दैलेख | सदस्य |
| ८ | श्री चन्द्र प्रकाश घर्ती | प्रमुख | भेरी नगरपालिका, जाजरकोट | सदस्य |
| ९ | श्री ऐन बहादुर चन्द | अध्यक्ष | सिम्ता गाउँपालिका, सुर्खेत | सदस्य |
| १० | श्री छिरिङ क्याप्ने लामा | अध्यक्ष | मुगुम कार्मारोङ गाउँपालिका, मुगु | सदस्य |
| ११ | श्री मोहन विक्रम सिंह | अध्यक्ष | अदानचुली गाउँपालिका, हुम्ला | सदस्य |
| १२ | श्री ओज बहादुर बुढाथोकी | अध्यक्ष | छत्रेश्वरी गाउँपालिका, सल्यान | सदस्य |
| १३ | श्री देवी घर्ती | उपप्रमुख | त्रिपुरासुन्दरी नगरपालिका डोल्पा | सदस्य |
| १४ | श्री पार्वती सिंह सञ्ज्याल | उपाध्यक्ष | सान्नित्रिवेणी गाउँपालिका, कालीकोट | सदस्य |
| १५ | श्री धोलकराज ढकाल | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव |

## नवौं बैठकका निर्णयहरू:-

१. प्रदेश समन्वय परिषदको बिगतमा बैठकहरूमा भएका निर्णयहरूको पुनरावलोकन एवम् समीक्षा गरियो। निर्णय गर्दा कार्यान्वयनयोग्य निर्णयहरू गर्नुपर्ने शिक्षा लिईयो।

२. कर्णाली प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति योजना तथा कार्यक्रम तर्जुमाका सन्दर्भमा छलफल गरियो। कर्णाली प्रदेश सरकारको नीति योजना तथा कार्यक्रममा देहायको विषयक्षेत्र अन्तर्गत रही तर्जुमा गर्न सुझाव दिनेः-

- प्रदेश तथा स्थानीय तहले योजना तर्जुमा गर्दा दोहोरोपना हुन नदिने गरी आवश्यक व्यवस्था गर्नुपर्ने।
- प्रदेशले आयोजना छनौट गर्दा मागमा आधारित आयोजना छनौटमा प्राथमिकता दिनुपर्ने।
- मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रमलाई उत्पादनमूलक, आयमूलक र सीपमूलक कार्यसँग जोड्ने।
- कर्णाली प्रदेशका प्रमुख सम्भावना र रोजगारीका क्षेत्रहरूमध्ये कृषि, घरेलु र पर्यटन क्षेत्रको विकासका लागि विशेष कार्यक्रम ल्याउनुपर्ने।
- स्थानीय तहमा समेत आगामी वर्ष आयोजना बैंक सूचना प्रणालीको कार्यान्वयन गर्ने।
- कर्णाली प्रदेशका विभिन्न जिल्ला र स्थानीय तहहरूबीच आज उठाईएको सीमा विवादको समस्यालाई सम्बोधन गर्न संस्थागत रूपमा प्रयत्न गर्ने।

३. अन्तर तह समन्वयका सम्बन्धमा तीनै तहको समन्वय एवम् अन्तरसम्बन्धलाई प्रभावकारी बनाउन आगामी वर्ष गाउँपालिका,नगरपालिका र जिल्ला समन्वय समितिबीच वर्षको कम्तिमा एकपटक आपसमा र आवश्यकता अनुसार कर्णाली प्रदेश सरकारसँग समेत दोहरो छलफल एवम् सम्वाद गर्ने गरी, राष्ट्रिय समन्वय परिषदमा सुझाव दिन सकिने विषयमा नीतिगत बहस समेत गर्ने प्रयोजनका लागि विभिन्न अन्तरक्रिया एवम् अभिमुखिकरणका कार्यक्रम सञ्चालन गर्ने।

४. कर्णाली प्रदेश अन्तर्गतका सबै स्थानीय तहले आफ्नो स्वीकृत संगठन संरचना अनुसारका दरबन्दी र रिक्त पदहरूको विवरण यथाशीघ्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

५. वास्तविक र कार्यान्वयन योग्य योजना निर्माणका लागि प्रत्येक स्थानीय तहले आगामी आ.व. देखि परियोजना बैंक स्थापना र छनौट गरेर लागू गर्ने।

## दशौं बैठक

मिति : २०८२/०५/१७

समय : दिनको १:०० बजे

स्थान : कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको सभाहल, वीरेन्द्रनगर, सुर्खेत

अध्यक्षता : माननीय मुख्यमन्त्री यामलाल कडेल

## कर्णाली प्रदेश समन्वय परिषद्को दशौं बैठकका पदाधिकारीहरू

| क्र. सं. | सहभागीको नामथर | पद | निकाय | भूमिका |
|---|---|---|---|---|
| १ | मा. यामलाल कडेल | मुख्यमन्त्री | कर्णाली प्रदेश सरकार | अध्यक्ष |
| २ | मा. राजीब विक्रम शाह | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ३ | मा. यामलाल कडेल | मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| ४ | श्री लुम्बिनि गौतम | प्रमुख | जिल्ला समन्वय समिति रुकुम (पश्चिम भाग) | सदस्य |
| ५ | श्री गौरीनन्द आचार्य | प्रमुख | जिल्ला समन्वय समिति, जुम्ला | सदस्य |
| ६ | श्री वीरेन्द्र कुमार यादव | प्रमुख सचिव | कर्णाली प्रदेश सरकार | सदस्य |
| ७ | श्री गणेश कुमार शाही | प्रमुख | चामुण्डा बिन्द्रासैनी नगरपालिका दैलेख | सदस्य |
| ८ | श्री चन्द्र प्रकाश घर्ती | प्रमुख | भेरी नगरपालिका जाजरकोट | सदस्य |
| ९ | श्री ऐन बहादुर चन्द | अध्यक्ष | सिम्ता गाउँपालिका सुर्खेत | सदस्य |
| १० | श्री छिरिङ क्याप्टेन लामा | अध्यक्ष | मुगुम कार्मारोङ गाउँपालिका मुगु | सदस्य |
| ११ | श्री मोहन विक्रम सिंह | अध्यक्ष | अदानचुली गाउँपालिका हुम्ला | सदस्य |
| १२ | श्री ओज बहादुर बुढाथोकी | अध्यक्ष | छत्रेश्वरी गाउँपालिका सल्यान | सदस्य |
| १३ | श्री देवी घर्ती | उपप्रमुख | त्रिपुरासुन्दरी नगरपालिका डोल्पा | सदस्य |
| १४ | श्री पार्वती सिंह सञ्ज्याल | उपाध्यक्ष | सान्नित्रिवेणी गाउँपालिका कालिकोट | सदस्य |
| १५ | श्री लक्ष्मी कुमार वि.क. | प्रदेश सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य सचिव |
| १६ | श्री मञ्जन बहादुर कार्की | अध्यक्ष | जिल्ला समन्वय समिति महासंघ, कर्णाली प्रदेश | आमन्त्रित |

| क्र. सं. | सहभागीको नामथर | पद | निकाय | भूमिका |
|---|---|---|---|---|
| १७ | श्री हस्त पुन | अध्यक्ष | नेपाल नगरपालिका महासंघ, कर्णाली प्रदेश | आमन्त्रित |
| १८ | श्री निम बहादुर के.सी. | अध्यक्ष | राष्ट्रिय गाउँपालिका महासंघ, कर्णाली प्रदेश | आमन्त्रित |
| १९ | श्री वीरेन्द्र बहादुर के.सी. | प्रदेश सचिव (कानून) | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आमन्त्रित |

## दशौं बैठकका निर्णयहरू:-

१. प्रदेश समन्वय परिषदको नवौं बैठकबाट भएको निर्णयको कार्यान्वयनको अवस्था समेतको पुनरावलोकन र समीक्षा गरियो।

२. नवौं बैठकको निर्णय बमोजिम स्थानीय तहहरूबाट दरबन्दी सहितको कर्मचारी विवरण माग गरी पठाईएकोमा हालसम्म पनि अधिकांश पालिकाहरूबाट विवरण प्राप्त हुन नआएकोले संघीय सरकारबाट स्वीकृत दरबन्दी तेरिज र सो अनुसारको कर्मचारी पदपूर्ति तथा रिक्तको अवस्था देखिने गरी तोकिएको ढाँचामा विवरण ३ महिनाभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनका लागि अनुरोध गर्ने र उक्त विवरण पठाउने सम्बन्धमा आवश्यक समन्वय गरिदिन कर्णाली प्रदेशका जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघलाई अनुरोध गर्ने।

३. संघ र प्रदेशबाट सञ्चालित तथा स्थानीय तहबाट स्वीकृत वार्षिक कार्यक्रम बमोजिमका योजनाहरू समयमा नै सम्पन्न गर्न स्थानीय तहले आवश्यक पहलकदमी लिने।

४. राजस्व अभिवृद्धिका लागि आवश्यक कार्ययोजना बनाई स्थानीय तहले पहल गर्ने र कानून बमोजिम प्रदेशलाई बुझाउनुपर्ने राजस्व बाँडफाँडको हिस्सा प्रदेश सरकारलाई पठाउने।

५. आ.व. २०८३/८४ को योजना छनौट प्रक्रिया मंसिर मसान्तभित्र सक्ने गरी स्थानीय तहले आवश्यक प्रक्रिया पूरा गरी सम्बन्धित विषयगत कार्यालयहरूमा पठाई सक्न स्थानीय तहलाई पत्राचार गर्ने।

६. प्रदेश र स्थानीय तहबीचको समन्वय थप प्रभावकारी बनाउन प्रदेश सरकारबाट स्थानीय तहका लागि बनाईने कानूनहरू निर्माणको समयमा कर्णाली प्रदेशका जिल्ला समन्वय समिति महासंघ,

नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघका प्रतिनिधिहरू सहित अन्य सरोकारवालाहरू संग आवश्यक छलफल तथा समन्वय गरेर प्रक्रिया अगाडि बढाउने।

७. कार्यविस्तृतीकरण प्रतिवेदन पारित गरी कार्यान्वयनमा चाडो ल्याउन राष्ट्रिय समन्वय परिषद्लाई अनुरोध गर्ने।

## एघारौं बैठक

मिति : २०८३/०१/२३

समय : बिहान ८:०० बजे

स्थान : कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको सभाहल, वीरेन्द्रनगर, सुर्खेत

अध्यक्षता : माननीय मुख्यमन्त्री यामलाल कडेल

## कर्णाली प्रदेश समन्वय परिषद्को एघारौं बैठकका पदाधिकारीहरू

| क्र.सं. | सहभागीको नामथर | पद | निकाय | भूमिका |
|---|---|---|---|---|
| १ | मा. यामलाल कडेल | मुख्यमन्त्री | कर्णाली प्रदेश सरकार | अध्यक्ष |
| २ | मा. राजीब विक्रम शाह | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| ३ | श्री लुम्बिनि गौतम | प्रमुख | जिल्ला समन्वय समिति रुकुम पश्चिम | सदस्य |
| ४ | श्री गौरीनन्द आचार्य | प्रमुख | जिल्ला समन्वय समिति, जुम्ला | सदस्य |
| ५ | श्री वीरेन्द्र कुमार यादव | प्रमुख सचिव | कर्णाली प्रदेश सरकार | सदस्य |
| ६ | श्री गणेश कुमार शाही | प्रमुख | चामुण्डा बिन्द्रासैनी नगरपालिका दैलेख | सदस्य |
| ७ | श्री चन्द्र प्रकाश घर्ती | प्रमुख | भेरी नगरपालिका जाजरकोट | सदस्य |
| ८ | श्री ऐन बहादुर चन्द | अध्यक्ष | सिम्ता गाउँपालिका सुर्खेत | सदस्य |
| ९ | श्री छिरिङ क्याप्टेन लामा | अध्यक्ष | मुगुम कार्मारोङ गाउँपालिका मुगु | सदस्य |
| १० | श्री मोहन विक्रम सिंह | अध्यक्ष | अदानचुली गाउँपालिका हुम्ला | सदस्य |
| ११ | श्री ओज बहादुर बुढाथोकी | अध्यक्ष | छत्रेश्वरी गाउँपालिका सल्यान | सदस्य |
| १२ | श्री देवी घर्ती | उपप्रमुख | त्रिपुरासुन्दरी नगरपालिका डोल्पा | सदस्य |
| १३ | श्री पार्वती सिंह सञ्ज्याल | उपाध्यक्ष | सान्नित्रिवेणी गाउँपालिका कालिकोट | सदस्य |
| १४ | श्री लक्ष्मी कुमार वि.क. | प्रदेश सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य सचिव |
| १५ | श्री मञ्जन बहादुर कार्की | अध्यक्ष | जिल्ला समन्वय समिति महासंघ, कर्णाली प्रदेश | आमन्त्रित |

| क्र.सं. | सहभागीको नामथर | पद | निकाय | भूमिका |
|---|---|---|---|---|
| १६ | श्री हस्त पुन | अध्यक्ष | नेपाल नगरपालिका महासंघ, कर्णाली प्रदेश | आमन्त्रित |
| १७ | श्री निम बहादुर के.सी. | अध्यक्ष | राष्ट्रिय गाउँपालिका महासंघ, कर्णाली प्रदेश | आमन्त्रित |
| १८ | श्री विपिन आचार्य | प्रदेश सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आमन्त्रित |

## एघारौं बैठकका निर्णयहरू:-

१. कर्णाली प्रदेश समन्वय परिषद्को दसौं बैठकका निर्णयहरूको समीक्षा गरी उक्त निर्णयहरू सम्बन्धित पक्षले थप प्रभावकारी कार्यान्वयन गर्ने।

२. स्थानीय तहका कर्मचारीको विवरण तथा कामकाज सम्बन्धमा देहायबमोजिम गर्नेः-

क. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ र ऐ. नियमावली बमोजिम स्थानीय तहको दोहोरो सहमतिका आधारमा काजमा रहेका र दुई बर्ष अवधि पुगेका कर्मचारीलाई हाल कार्यरत रहेको स्थानीय तहमा दरबन्दी भए सम्म सरूवा पदस्थापन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेशलाई सिफारिस गर्ने।

ख. सङ्घ सरकारले स्थानीय तहका लागि स्वीकृत गरी पठाएको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिमको दरबन्दी तेरिज अनुसार स्थानीय तहमा रिक्त रहेका पदका दरबन्दीमा पदपूर्तिको लागि एक हप्ताभित्र प्रदेश लोक सेवा आयोगको प्रयोजनको लागि विवरण पठाउन सबै स्थानीय तहलाई अनुरोध गर्ने।

३. प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजना तथा साझा अधिकार बारेमा समन्वय र अन्तरसम्बन्ध कायम गर्नको लागि नियमित समन्वय बैठक, प्रदेश र स्थानीय तहबीच नियमित छलफल सूचना आदान प्रदान, संयुक्त अनुगमन तथा मूल्याङ्कन, असमझदारीको सम्वादबाट समाधान, स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिहरूलाई समन्वय, योजना र कार्यान्वयन सम्बन्धी क्षमता विकास गर्ने।

४. स्थानीय तहले उठाएको र प्रदेशलाई बाँडफाँट गर्नुपर्ने दहत्तर बहत्तर शुल्क, विज्ञापन कर, मनोरञ्जन कर, पर्यटन शुल्क लगायतका राजस्व बाँडफाँट गरी प्रदेश सरकारको सञ्चित कोषमा मासिक रूपमा पठाउन अनुरोध गर्ने।

५. बिगतका बर्षमा समयमा बजेट पारित गर्न नसकेका स्थानीय सरकारहरूले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट समयमा पारित गरी लागू गर्ने। साथै कर्णाली प्रदेश सरकारको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रममा पूर्वाधार, जडीबुटी र पर्यटन

लगायत बैठकमा उठेका सुझावहरूलाई समावेश गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, कर्णाली प्रदेश समक्ष सिफारिस गर्ने।

६. प्रदेश र स्थानीय तहबीच समन्वय र अन्तरसम्बन्ध थप प्रभावकारी बनाउने गरी दुबै तहका सरकारले कृयाकलाप तथा कार्यक्रम सञ्चालन गर्ने।

७. बेरुजु फस्यौंटलाई प्राथमिकतामा राखी प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम अथवा कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानमार्फत क्षमता विकासको कार्यक्रम सञ्चालन गर्ने।

८. स्थानीय तहले पारित गरेका सबै ऐनहरूको एकीकृत अभिलेख राख्नको लागि सबै स्थानीय तहले पारित गरेका ऐन मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पठाउने।

९. स्थानीय तहसँग सम्बन्धी कानून निर्माण गर्दा महासंघको सहभागिता सहित कानून निर्माण गर्ने प्रकृया अगाडि बढाउने।

# प्रदेश समन्वय परिषद्, कर्णाली प्रदेशको हालसम्म बसेका बैठकका निर्णय र कार्यान्वयनको अवस्था

## १. पहिलो बैठक (मिति २०७५/१०/१४ र १५ गते)

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | ३४ बुँदे साझा प्रतिबद्धता पत्र जारी गरिएको | - |

## २. दोस्रो बैठक (मिति २०७६/०९/१० र ११ गते)

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | परिषद्को पहिलो बैठकमा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न बाँकी विषयहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै लैजाने। | कार्यान्वयन गर्न निर्णयलाई आधार लिइएको। |
| २ | प्रदेश र स्थानीय तहबीच कानुन तर्जुमा, योजना निर्माण, राजस्व सङ्कलन लगायतका विषयमा समन्वय गर्न परिषद्को सम्पर्क विन्दु परिषदको सदस्य सचिवरहने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सम्पर्क ईकाइ रहने। नीतिगत लगायतका विविध विषयमा स्थानीय तहले प्रदेश सरकारसँग र प्रदेश सरकारले स्थानीय तहसँग यसै ईकाई मार्फत सम्पर्क कायम गर्ने | शासकीय सुधार शाखाले प्रदेश समन्वय परिषद् सम्पर्क विन्दुको रूपमा कार्य गरिरहेको। सचिवालय स्थापनाको कार्य भइरहेको। |
| ३ | मध्यमकालीन खर्च संरचना र आ-आफ्नो तहको आवधिक योजना र प्रोफाइल समन्वयात्मक रूपमा तयार गरी कार्य गर्ने र यसलाई प्रदेश सरकारमा समेत पठाउने। यो योजना निर्माण गर्दा दीर्घकालीन सोच सहित तयार भएको पन्ध्रौं योजनाले निर्धारण गरेको राष्ट्रिय सोच, लक्ष्य र उद्देश्यसँग तादाम्यता कायम गर्ने | प्रदेशमा MTEF बनाई सो को आधारमा बजेट तर्जुमाको कार्य भइरहेको। स्थानीय तहहरूको लागि MTEF निर्माण गर्न तालिम सञ्चालन गरिएको। |
| ४ | राजस्व सङ्कलन र बजेट खर्चको विषयमा स्थापित विधिलाई पालन गर्ने। बाँडफाँट गर्नुपर्ने राजस्व अनिवार्य रूपमा विभाज्य कोषमा राख्ने व्यवस्था मिलाई तोकिए बमोजिम बाँडफाँट गर्ने कार्य | आंशिक रूपमा कार्यान्वयन भइरहेको। |

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | सञ्चालनमा सङ्घ, प्रदेश र स्थानीय तहले पारित गरेका ऐन कानुनहरूको र अन्य संवैधानिक निकायहरूबाट प्राप्त निर्देशनहरूको पालनामा संवेदनशील रहने। | |
| ५ | प्रदेश सरकारले पारित गरेका नीति कार्यक्रम तथा बजेट अन्य महत्त्वपूर्ण नीति निर्णयका विषयहरू जिल्ला समन्वय समिति र स्थानीय तहमा पठाउने तथा स्थानीय तहका नीति कार्यक्रम तथा बजेट लगायतका विषयहरू नियमित रूपमा प्रदेश सरकार र जिल्ला समन्वय समितिमा पठाउने व्यवस्था मिलाउने। | प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट वेबसाइट मार्फत सार्वजनिक गर्ने गरिएको। सो को Hard Copy स्थानीय तह/समन्वय समितिमा पठाउने गरिएको। |
| ६ | प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमका लागि स्थानीय तहबाट योजना निर्माणका चरणहरू पुरा गरी तयार भएका योजनाहरूलाई समावेश गर्न एक आपसमा अन्तरक्रिया र छलफललाई सघन पारिने। | ठोस रूपमा अन्तर्क्रिया र छलफल नभएको तर आंशिक कार्यान्वयन गरिएको। |
| ७ | प्रदेश सरकारका र स्थानीय तहले आ-आफ्नो तहमा सञ्चालनमा रहेका सबै योजना तथा कार्यक्रमको अनुगमनमा जिल्ला समन्वय समितिलाई समावेश गर्ने व्यवस्था मिलाउने। | बजेट व्यवस्थासहित जिम्मेवारी प्रदान भएको। |
| ८ | सूचना तथा तथ्याङ्कको सङ्कलन तथा उपयोगमा एकरूपताका लागि स्थानीय तह र प्रदेश सरकारले संयुक्त रूपमा काम गर्न मिल्ने प्रकृतिको सफ्टवेयर प्रदेश सरकारले विकास गरी प्रयोगमा ल्याउने। | आवश्यक छलफल भइरहेको। |
| ९ | प्रदेशमा शान्ति सुरक्षाको सम्बन्धमा प्रदेश सरकारले नेपाल सरकारसँग उचित समन्वय गरी सुधार गर्न तत्काल पहल गर्ने। | समन्वय भइरहेको। |
| १० | भ्रष्टाचार निवारण ऐन, २०५९ मा भएको व्यवस्था बमोजिम सम्पूर्ण पदाधिकारीहरूले आ-आफ्नो सम्पत्ति विवरण बुझाउनु पर्ने भएकोले यो विषयलाई पूर्ण रूपमा कार्यान्वयन गर्ने गराउने। | कार्यान्वयनमा रहेको। |

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ११ | नेपाल भ्रमण वर्ष २०२० लाई भव्य रूपमा सम्पन्न गर्न आ-आफ्नो क्षेत्रमा प्राथमिकताका साथ विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने। | आंशिक रूपमा कार्यान्वयन भएको। |
| १२ | बालबालिका, महिला, दलित, जनजाती, अल्पसंख्यक, घाइते, अपाङ्गता भएका व्यक्ति, अति विपन्न, जोखिममा रहेका एवम् पछि परेका वर्ग र समुदायको उत्थान र विकासमा प्रदेश सरकार तथा स्थानीय तहले अनुभूत हुने गरी प्रभावकारी कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गर्ने। | कार्यक्रम सञ्चालनमा रहेको र क्रमशः सुधार भइरहेको। |
| १३ | आ आफ्नो-कार्यक्षेत्रमा सङ्घ, प्रदेश र स्थानीय सरकारका विकासका योजना तथा कार्यक्रमहरूमा सबैले अपनत्व ग्रहण गरी कार्यान्वयनमा अधिकतम सहजीकरण गर्ने। | सहजीकरण पक्ष कमजोर रहेको। |
| १४ | एक वर्ष भित्र प्रदेशलाई साक्षर प्रदेश बनाउनुपर्ने भएकोले यसलाई उच्च प्राथमिकतामा राखी प्रदेश र स्थानीय तहले समन्वयात्मक ढङ्गले काम गरी प्रदेशलाई साक्षर तुल्याउने। | कार्यक्रम सञ्चालनमा रहेको। |
| १५ | स्थानीय तहले सम्पादन गर्नुपर्ने न्यायिक विषयमा सहजीकरण गर्न प्रत्येक स्थानीय तहलाई आवश्यकता अनुसार कानुनी सहायता उपलब्ध गराउन प्रदेश सरकारले शीघ्र निर्णय गर्ने। | नमूना कानूनहरू बनाइएको। PLGSP मार्फत सहयोग भइरहेको। |
| १६ | सबै प्रकारका सामाजिक कुरीति तथा विसङ्गतिहरूको न्यूनीकरण गर्नको लागि प्रदेश सरकार र स्थानीय तहहरूले सघनरूपमा कार्यक्रमहरू सञ्चालन गर्ने। | कार्यक्रमहरू सञ्चालनमा रहेका। |
| १७ | कर्णाली प्रदेशलाई दुई वर्ष भित्र अर्ग्यानिक प्रदेश बनाउने तर्फ प्रदेश सरकार एवम् स्थानीय तहहरूले आफ्ना कार्यक्रमहरू केन्द्रीत गर्ने | कार्यक्रम घोषणा भएको। |
| १८ | वर्तमान शिक्षा प्रणालीलाई व्यवहारिक एवम् जीवनोपयोगी बनाउन नयाँ पाठ्यक्रम निर्माण गरी लागु गर्ने प्रारम्भिक बाल विकास र बालबालिकाको शिक्षादीक्षामा विशेष जोड दिने। | सामान्य रूपमा काम भएका र विगतकै निरन्तरता रहेको। |

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १९ | श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्दै सामाजिक सुरक्षा सहितको श्रम सहकारी र श्रम कार्यदलबाट श्रम क्षेत्रमा जनशक्तिलाई आकर्षित गरी साना सार्वजनिक निर्माण र उत्पादन कार्यक्रमहरू अभियानको रूपमा सञ्चालन गर्ने। | केही स्थानीय तहले सुरुवात गरेका। |
| २० | दैनिक कार्य सञ्चालनमा सुशासनका विषयहरूलाई संवेदनशील रूपमा ग्रहण गरी आम नागरिकले प्राप्त गर्ने सेवालाई प्रभावकारी बनाउन अधिकतम प्रयास गर्ने। | प्रयास भइरहेको। |
| २१ | दीगो विकासका १७ वटै लक्ष्य हासिल गर्न प्रदेश र स्थानीय तहमा विषयगत समितिहरू निर्माण गरी विषयलाई आन्तरिकीकरण गर्दै कार्यान्वयनलाई अगाडि बढाउने। | अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको। योजना/कार्यक्रम बनाउँदा आधार लिने गरिएको। |

## ३. तेस्रो बैठक (मिति २०७७/१२/२८ गते)

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय एवम् अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ को उपदफा (१) बमोजिम गठित प्रदेश समन्वय परिषद् कर्णालीका सदस्यलाई परिषद्को प्रथम बैठकमा स्वागत गरियो। | - |
| २ | सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय एवम् अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २५ बमोजिमको प्रदेश समन्वय परिषद्को संरचना तथा काम, कर्तव्य र अधिकारका बारेमा बैठकमा जानकारी गराइयो। | जानकारी गराइएको। |
| ३ | बैठकमा प्रस्तुत भएको प्रदेश समन्वय परिषद् बैठक (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ स्वीकृत गर्ने। | स्वीकृत भइ कार्यान्वयनमा रहेको। |

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ बमोजिम गठित प्रदेश समन्वय परिषद्‌को मिति २०७५ माघ १४ र १५ गते तथा मिति २०७६ पुस १० र ११ गते भएका बैठकहरूले गरेका प्रतिबद्धता तथा निर्णयहरूको समीक्षा गरियो। | समीक्षा भएको। |
| ५ | प्रदेश र स्थानीय तहका आयोजनाहरूमा दोहोरोपना आउन तथा अनियमितता हुन नदिन प्रदेशभित्र रहेका सम्पूर्ण स्थानीय तहले वडाहरूका योजना/आयोजनाहरूको एकीकृत योजना किताव तयार गर्नको लागि आयोजनाको विवरण भौतिक पूर्वाधार विकास मन्त्रालयमा पेश गर्ने। सोही आधारमा प्रदेशस्तरबाट स्थानीय तहमा सञ्चालन हुने विकास आयोजनाहरू कार्यान्वयन हुनेगरी विद्युतीय प्रणाली विकास गरी प्रयोगमा ल्याउन स्थानीय तहको एकीकृत विद्युतीय परियोजना बैंक विकास गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमले आवश्यक तयारी गर्ने। | • राष्ट्रिय योजना आयोगले तयार गरिरहेकोले दोहोरो पर्ने देखी प्रदेशबाट नगरिएको।<br>• यसबारे अभिमुखीकरण गरिएको। |
| ६ | स्थानीय तहले आ-आफ्नो तहको विकास गुरुयोजना तयार गरी प्रदेश र सङ्घीय सरकारलाई जानकारी गराउने र सोही गुरुयोजनाका आधारमा वार्षिक बजेट तथा कार्यक्रमहरू तर्जुमा गरी स्थानीयस्तरमा हुने विकास व्यवस्थापन गर्ने। | • केही स्थानीय तहले आवधिक योजना तयार गरिरहेका।<br>• PLGSP मार्फत् १० स्थानीय तहको PP तयार हुने क्रममा रहेको।<br>• आंशिक कार्यान्वयनमा गएको। |
| ७ | सङ्घ र प्रदेश सरकारको बजेट तथा कार्यक्रम समेतका आधारमा स्थानीय तहले आयोजनाहरूको दोहोरो नपर्ने गरी एक अर्ब रुपैयाँ भन्दा माथिका ठूला योजना सङ्घीय सरकारलाई एक करोड रुपैयाँ | • आंशिक रूपमा कार्यान्वयनमा गएको।<br>• आ.व. २०७९/८० मा साना सिँचाइ बाहेक १५ |

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | भन्दा माथी एक अर्बसम्मका योजना निर्माणकालागि प्रदेश सरकारलाई लेखी पठाउने। एक करोड रुपैयाँ सम्मका आयोजना सम्वन्धित स्थानीय तहले कार्यान्वयन गर्ने गरी आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम तयार गर्ने। | लाख, सडकमा ४० लाख माथिको आयोजना छनोट गरिएको।<br>• स्थानीय तहमै जाने गरी मुख्यमन्त्री रोजगार कार्यक्रमको १५ लाख र २० लाखका योजना छनोट गरिएको। |
| ८ | आ-आफ्नो कार्यक्षेत्रमा सङ्घ, प्रदेश र स्थानीय सरकारका विकासका योजना तथा कार्यक्रमहरूमा सबैले अपनत्व ग्रहण गरी कार्यान्वयनमा अधिकतम समन्वय तथा सहजीकरण गर्ने। | आंशिक रूपमा कार्यान्वयन भएको। |

## ४. चौथो बैठक (मिति २०७८/०३/२५ गते)

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष ०७८/०७९ को नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश समन्वय परिषद्का पदाधिकारीहरूले आ-आफ्नो जिल्ला भित्र अन्तर्किया, पृष्ठपोषण आदानप्रदान, समन्वय बैठक लगायतका कार्यक्रम मार्फत सहजीकरण गर्ने। | आंशिक कार्यान्वयन भएको। |
| २ | मुख्यमन्त्री रोजगार कार्यक्रम, एकीकृत वस्ती विकास कार्यक्रम, कर्णाली उज्यालो कार्यक्रम लगायतका प्रदेश विशेष कार्यक्रमहरूको प्रभावकारी एवम् परिणाममुखी कार्यान्वयनका लागि कर्णाली प्रदेश सरकारलाई देहायका सुझाव दिनेः<br>१. प्रदेश विशेष कार्यक्रमहरूको कार्यान्वयन निर्देशिका/कार्यविधि/मापदण्डहरू सहभागितामुलक रूपमा तर्जुमा तथा सरोकारवालाहरूसंग परामर्श गरी कार्यान्वयन गर्ने। | बुँदा (क), (ख) र (ग) कार्यान्वयन भएको।<br>बुँदा (घ) सहकारी मार्फत् कार्यान्वयन भइरहेको।<br>बुँदा (च) स्थानीय तहमार्फत कार्यान्वयन भएको। |

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | २. आ.ब.०७८/०७९ मा मुख्यमन्त्री रोजगार कार्यक्रमलाई दिगो एवम् स्वरोजगारमुलक रूपमा समेत कार्यान्वयन हुने गरी नमूना कार्यक्रमको रूपमा सञ्चालन गर्दा प्रभावकारी हुने।<br>३. एकीकृत बस्ती विकास कार्यक्रमलाई एक जिल्ला एक नमूना एकीकृत वस्ती विकासको रूपमा स्थानीय तह र जनताको साझेदारीमा कार्यान्वयन गर्दा प्रभावकारी हुने।<br>४. दलित/महिला आयआर्जन कार्यक्रमलाई उपयुक्त सूचकका आधारमा विशेष समूह निर्माण गरी स्वरोजगार र आयआर्जनका क्रियाकलापमा केन्द्रित भई कार्यान्वयन गर्दा प्रभावकारी हुने।<br>५. अधिकतम् लक्षित वर्ग समेटिने, स्वरोजगार/आयआर्जन सृजना हुने सूचक समेटी सहभागितामुलक रूपमा कार्यविधि निर्माण गरी व्याज अनुदान साझेदारी कार्यक्रम सञ्चालन गर्दा प्रभावकारी हुने।<br>६. राष्ट्रिय विद्युत प्रशारण लाईन नपुगेका स्थानका अधुरा आयोजना, साझेदारी रूपमा सञ्चालन हुने आयोजना, विद्युत सहकारीमा रुपान्तरण भइ सञ्चालन तथा ब्यवस्थापन हुने आयोजना, पूँजी अभावका कारण निर्माण अलपत्र परेका आयोजनाहरूलाई उत्पादन क्षमता, हालको कार्यप्रगति, लाभान्वित जनसङ्ख्या, अन्य विद्युत पहुँचको सम्भावना समेतका आधारमा छनौट गरी हाइड्रो, माइक्रोहाइड्रो, वैकल्पिक उर्जा र सौर्य उर्जाका योजनाहरू कर्णाली उज्यालो कार्यक्रम मार्फत लगानी गर्दा प्रभावकारी हुने। | |

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ३ | मुख्यमन्त्री कार्यालयमा रहेको प्रदेश समन्वय परिषद्को सचिवालयलाई प्रदेश र स्थानीय तहसंग प्रभावकारी समन्वय, सहकार्य, प्रतिवेदन, सूचना आदानप्रदान तथा स्पष्ट सम्पर्कविन्दुको रूपमा सङ्घ, प्रदेश तथा स्थानीय तह समन्वय शाखाको रूपमा विकास गरी अन्तर सरकार सम्पर्क तथा समन्वयलाई प्रभावकारी बनाउने | शासकीय सुधार शाखाले जिम्मेवारी लिएको। |
| ४ | जिल्ला समन्वय समिति, स्थानीय तहहरूले कानूनतः तोकिएका जानकारी, सूचना तथा प्रतिवेदन यथासमयमा निर्णय नं ३ बमोजिमको शाखामा पत्राचार गर्ने। | आंशिक रूपमा कार्यान्वयन भएको। |

## ५. पाँचौं बैठक (मिति २०७८/१०/१३ गते)

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | कर्णाली प्रदेश समन्वय परिषद्को पहिलो, दोस्रो, तेस्रो र चौथो बैठकका निर्णयहरू र सोको कार्यान्वयन सम्बन्धमा पुनरावलोकन गरियो। | पुनरावलोकन भएको। |
| २ | प्रदेश तथा स्थानीय तहले कार्यान्वयन योग्य आयोजनाहरूको आयोजना बैंक तयार गर्ने। स्थानीय तहले प्रदेशबाट कार्यान्वयन गर्न गरिएका आयोजनाहरू प्रदेश आयोजना बैंकमा समावेश गर्न लेखी पठाउने। प्रदेश तथा स्थानीय तहले आयोजना छनोट गर्दा आयोजना बैंकमा समावेश भएका आयोजनालाई छनोट प्राथमिकता दिने। | प्रयोगमा नआएको। राष्ट्रिय योजना आयोगले हस्तान्तरण नगरेको। |
| ३ | प्रदेश तथा स्थानीय तहमा आयोजना छनोट तथा कार्यान्वयनमा दोहोरोपना हटाउन, आयोजनाहरूबीच तादाम्यता र सामञ्जस्यता कायम गर्नका लागि स्थानीय तहले कार्यान्वयन गर्ने आयोजनाहरूको सूची प्रदेश आयोजना बैङ्कमा पठाउने। प्रदेश तथा स्थानीय तहले आयोजना छनौट गर्दा दोहोरोपना नहुने गरी छनौट गर्ने। यसका लागि प्रदेश सरकारबाट पठाइएका योजनाहरूमा दोहोरोपना परेका, असान्दर्भिक देखिएका तथा बजेट र आयोजना बीच तालमेल नभएका आयोजनाहरूको सूची लिखित रूपमा प्रदेश सरकारलाई सुधारका लागि पठाउने। | आंशिक रूपमा कार्यान्वयन भएको। |

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ४ | प्रदेश तथा स्थानीय तह बीच आयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा प्रभावकारीता ल्याउन प्रदेश तथा स्थानीय तहको सहभागितामा वार्षिक समीक्षा तथा अनुभव आदानप्रदान कार्यक्रम आयोजना गर्ने। | मिति २०७९/०२/२७ गते सम्पन्न भएको। |
| ५ | प्रदेशबाट कार्यान्वयन गरिएको आयोजना छनौट, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दा जिल्ला समन्वय समिति, स्थानीय तहको समेत सहभागिता सुनिश्चित हुने व्यवस्था गर्ने। सम्बन्धित स्थानीय तहको कार्यक्षेत्रमा रहेको आयोजनाको प्रदेशबाट अनुगमन गरिएकोमा सोको प्रतिवेदन स्थानीय तहमा समेत उपलब्ध गराउने। | आंशिक रूपमा कार्यान्वयन भएको। |
| ६ | प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भई स्थानीय तहमा सञ्चालित आयोजनाहरूको प्रगति कर्णाली प्रदेश अनुगमन प्रणालीमा निरन्तर प्रविष्टी गर्ने व्यवस्था मिलाउने। | करिब ८५ प्रतिशत भन्दा बढी कार्यान्वयन भएको। |
| ७ | स्थानीय तहको विषयगत शाखा र प्रदेश सरकारको जिल्लास्थित विषयगत कार्यालयबीच आयोजना कार्यान्वयनमा प्रभावकारी समन्वय गर्ने। | समन्वय हुने गरेको। |
| ८ | कर्णाली प्रदेशको प्रथम पञ्चवर्षिय योजना र दीगो विकास सम्बन्धी राष्ट्रिय तथा प्रादेशिक लक्ष्यहरूमा समेत सहयोग पुग्ने गरी प्रदेश तथा स्थानीय तहले आफ्नो वार्षिक बजेट तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने। | वार्षिक बजेट तथा कार्यक्रमहरूमा त्यस्ता विषयहरू समावेश गर्ने गरिएको। |
| ९ | कोभिड १९ को तेस्रो लहरबाट हुनसक्ने जोखिम तथा क्षती न्यूनीकरणका लागि आवश्यक पर्ने खोप, स्वास्थ्य उपकरण, जनशक्ति र पूर्वाधारको समुचित व्यवस्थापन गर्न प्रदेश र स्थानीय तहबीच समन्वयात्मक रूपमा कार्य गर्ने। स्थानीय तहमा सञ्चालित खोप कार्यक्रम लगायतका कार्यहरूको निरन्तर प्रगति विवरण तोकिए बमोजिम प्रतिवेदन तथा प्रविष्टी गर्ने। | कार्यान्वयन भएको / समन्वय आंशिक रहेको। |
| १० | विपद् जोखिम व्यवस्थापनमा प्रभावकारिता ल्याउन स्थानीय तहमा स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना गर्न प्रदेश सरकारले आवश्यक सहयोग गर्ने। स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र, प्रादेशिक आपतकालिन | आन्तरिक मामिला तथा कानून मन्त्रालयले आंशिक |

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | कार्यसञ्चालन केन्द्र र राष्ट्रिय आपतकालिन कार्यसञ्चालन केन्द्रबीच आवद्धता कायम गर्ने। | रूपमा कार्यान्वयन गरेको। |
| ११ | विपद् प्रभावित व्यक्ति तथा परिवारको राहत तथा पुनःस्थापना कार्यमा समन्वय, साझेदारीमा सहभागिता गरी दोहोरोपना हटाई एकरूपता कायम गर्ने। | आन्तरिक मामिला तथा कानून मन्त्रालयले आंशिक रूपमा कार्यान्वयन गरेको। |
| १२ | सङ्घीय तथा प्रादेशिक सडकसँग स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माणमा प्रदेश सरकारले विशेष प्राथमिकता दिने र स्थानीय तहले स्थानीय तहको केन्द्रबाट वडा केन्द्र जोड्ने सडक निर्माण कार्यलाई प्राथमिकता दिने। | आंशिक कार्यान्वयन भएको। |
| १३ | प्रदेश तथा स्थानीय तहको सेवा प्रवाह सम्बन्धमा जनताको गुनासो, जिज्ञासा र सुझावलाई उचित सम्बोधनको लागि हाल सञ्चालनमा रहेको हेलो मुख्यमन्त्री हटलाइन सेवालाई स्थानीय तहको गुनासो व्यवस्थापन संयन्त्रसँग आवद्धता गर्ने। हेलो मुख्यमन्त्री हटलाइन सेवामा प्राप्त गुनासाहरू मध्य स्थानीय तहको अधिकार क्षेत्र भित्रको विषयको सन्दर्भमा सम्बन्धित स्थानीय तहबाटै गुनासो सम्बोधन हुने व्यवस्था मिलाउने। | • आंशिक कार्यान्वयन भएको।<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गुनासो सुनुवाई संयन्त्र Hello CM हटलाईन कक्ष सञ्चालनमा रहेको। |
| १४ | कर्णाली प्रदेश समन्वय परिषदबाट हालसम्म भएका निर्णयहरूको कार्यान्वयन सम्बन्धी जिल्लागत प्रतिवेदन जिल्ला समन्वय समितिले र एकीकृत प्रतिवेदन प्रदेश समन्वय परिषद्को सचिवालयले त्रैमासिक रूपमा प्रकाशन गर्ने। त्यस्तो प्रतिवेदन माथि प्रदेश समन्वय परिषद्को आगामी बैठकमा छलफल तथा समीक्षा गर्ने। | प्रतिवेदन तयार भइरहेको। |
| १५ | कर्णाली प्रदेशका सबै स्थानीय तहहरूको विकास योजना सम्बन्धी विस्तृत गुरुयोजना प्रदेश र स्थानीय तहको सहभागितामूलक विधीबाट तयार गर्ने र सो कार्यका लागि प्रदेशले आवश्यक सहयोग र सहकार्य गर्ने। प्रदेश तथा स्थानीय तहहरूले सोही गुरुयोजनाले तोकेको प्राथमिकताको | आंशिक कार्यान्वयन भएको। |

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | क्षेत्रमा रहेका आयोजनाहरू मात्र कार्यान्वयन गर्ने व्यवस्था मिलाउने। | |
| १६ | जनसंख्यालाई मात्र आधार मान्दा कर्णालीलाई राजश्व बाँडफाँड न्यून प्राप्त भएको सन्दर्भमा भूगोललाई अधिक भार दिई राजश्व बाँडफाँडको न्यायोचित विधि तयार गर्न प्राकृतिक स्रोत तथा वित्त आयोग र नेपाल सरकारलाई अनुरोध गर्ने। | पत्राचार/औपचारिक/ अनौपचारिक छलफल भएको। |
| १७ | अन्तर सरकार वित्त व्यवस्थापन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम स्थानीय तहले उठाएको राजश्व मध्ये प्रदेश सरकारलाई बुझाउनु पर्ने राजश्वको हिस्सा कतिपय स्थानीय तहबाट समयमा प्राप्त नहुँदा प्रदेश सरकारको आय न्यून देखिएको हुँदा संवैधानिक तथा कानूनी रूपले बाँडफाँड हुनुपर्ने राजश्व समयमा नै बाँडफाँड गरी पठाउने व्यवस्था गर्ने। | आंशिक कार्यान्वयन भएको। |
| १८ | कर्णाली प्रदेश समन्वय परिषद्को पाँचौं बैठकमा सहभागी भई बैठकलाई सफलतापूर्वक सम्पन्न गर्न र परिणाममुखी बनाउन सहयोग गर्नुहुने परिषद्का सम्पूर्ण सदस्य, माननीय मन्त्रीज्यू, सचिवज्यूहरू, व्यवस्थापनमा खटिएका अन्य कर्मचारी र सञ्चारकर्मी लगायत सबैलाई धन्यवाद दिने। | धन्यवाद दिइएको। |

## ६. छैटौं बैठक (मितिः २०७९ भाद्र २८ गते)

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | कर्णाली प्रदेश समन्वय परिषद्को पहिलोदेखि पाँचौ बैठकले गरेका निर्णयहरू र सोको कार्यान्वयन अवस्थाको सम्बन्धमा बैठकमा प्रस्तुतीकरण भई छलफल तथा समीक्षा गरियो। | समीक्षा भएको। |
| २ | तीन तहको अन्तरसम्बन्धको आधारको रूपमा रहेको समन्वय, सहकार्य र सहअस्तित्वको संवैधानिक मर्म अनुरूप प्रदेश तथा स्थानीय तह बीचको समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन यसलाई आत्मसात् गर्दै आ-आफ्नो तहबाट पहल गर्ने र भूमिकालाई प्रभावकारी बनाउने। | प्रयास भइरहेका। |

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ३ | प्रदेश र स्थानीय तहका योजनाको छनौट, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको कार्यमा सामञ्जस्यता कायम गरी योजना दोहोरोपना हुने, असान्दर्भिक योजना छनौट हुने, योजना र बजेट बीच तालमेल नहुने र कार्यान्वयनमा अपनत्व कायम नहुने जस्ता समस्या हटाउन प्रदेश र स्थानीय तहले योजना छनौट, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दा आपसी समन्वय र सहकार्य गर्ने। | समन्वय र सहकार्य हुने गरेको। |
| ४ | प्रदेश सरकारबाट योजना छनौट गर्दा स्थानीय तह मार्फत प्राप्त योजनाहरूलाई प्राथमिकता दिने। प्रदेश तथा स्थानीय तहले योजना छनौट गर्दा प्रदेश र स्थानीय तहको आवधिक तथा दीर्घकालीन योजनाका आधारमा छनौट गर्ने। प्रदेशले प्रदेश परियोजना बैङ्क र स्थानीय तहले स्थानीय परियोजना बैङ्क तयार गरी परियोजना बैङ्कमा समावेश भएका परियोजनाहरू छनौट गर्ने। | प्राथमिकता दिने गरेको। |
| ५ | स्थानीय तहको विकासलाई प्रभावकारी बनाउन सहयोग गर्ने स्थानीय तहको संस्थागत क्षमता स्वःमूल्याङ्कन, वित्तीय जोखिम मूल्याङ्कन, बालमैत्री स्थानीय शासन, जलवायु परिवर्तनमैत्री स्थानीय शासन, स्थानीय आर्थिक विकास र टोल विकास संस्था परिचालन जस्ता स्थानीय तहको सुशासनका औजारहरूको सूचकहरू विकास गरी उक्त सूचकहरू प्राप्ति एवम् सूचकहरूलाई अपनत्व/ स्वामित्वकरण गर्नेतर्फ सबै स्थानीय तह केन्द्रित हुने। यसका लागि प्रदेश सरकारले आवश्यक नीतिगत, संस्थागत र कार्यगत व्यवस्थाका लागि समन्वय र सहजीकरण गर्ने। | समन्वय र सहजीकरण भइरहेको। |
| ६ | स्थानीय तहको संस्थागत क्षमता स्वःमूल्याङ्कनका कतिपय सूचकहरू कर्णाली प्रदेशका लागि अव्यवहारिक र न्यायसंगत नदेखिएकोले त्यस्ता सूचकहरूलाई समसामयिक, सान्दर्भिक र व्यवहारिक बनाउन सम्बन्धित निकायमा लेखी पठाउने। | लेखी पठाउने गरिएको। |
| ७ | सबै स्थानीय तहले आफूले निर्माण गरेका कानूनहरू प्रदेश सरकारमा पठाउनु पर्ने कानूनी व्यवस्थालाई सबै स्थानीय तहले कार्यान्वयन गर्ने। प्रदेश सरकारले यसका लागि प्रदेश | - |

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | तथा स्थानीय तहको एकीकृत कानूनी पोर्टल तयार गरी व्यवस्थित गर्ने। | |
| ८ | विपद् व्यवस्थापनको क्रममा खोज, उद्धार, राहत र पुनःस्थापनाका लागि प्रदेश र स्थानीय तहबीच आवश्यक कार्यगत समन्वय र सहकार्य गर्ने। | समन्वय र सहकार्य हुने गरेको। |
| ९ | प्रदेश समन्वय परिषद्बाट हालसम्म भएका निर्णयहरूको अध्ययन तथा विश्लेषण गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सात दिनभित्र यसको एकीकृत कार्यान्वयन कार्ययोजना बनाई सबै जिल्ला समन्वय समिति, नगरपालिका, गाउँपालिका र प्रदेशको सम्वद्ध मन्त्रालयमा पठाउने। यसको कार्यान्वयन अवस्था त्रैमासिक रूपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सार्वजनिकीकरण गर्ने। | अध्ययन तथा विश्लेषणको क्रममा रहेको। |

## ७. सातौँ बैठक (मितिः २०८० जेठ ०२ गते)

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | प्रदेश समन्वय परिषद्को पूर्व बैठकका निर्णयहरू र सोको कार्यान्वयन अवस्थाको पुनरावलोकन गरियो। | पुनरावलोकन गरिएको। |
| २ | विकास योजना र कार्यक्रम कार्यान्वयनमा प्रदेश र स्थानीय तहको भूमिकाको सन्दर्भमा छलफल गरियो। | छलफल भएको |
| ३ | आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमका सन्दर्भमा स्थानीय तहको सल्लाह र सुझावलाई महत्त्व र प्राथमिकताका आधारमा समावेश तथा कार्यान्वयन गर्ने निर्णय गरियो। | प्राथमिकता दिने गरेको। |
| ४ | सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यलाई दिगो र प्रभावकारी बनाउने विषय माथि सुझाव सहित छलफल गरियो। | छलफल भएको। |
| ५ | स्थानीय तह सेवा सञ्चालन सम्बन्धी ऐन चालु आ.व. २०७९/०८० सम्ममा तर्जुमा गर्ने निर्णय गरियो। | स्थानीय तहको ऐन जारी भएको। |

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ६ | कर्णाली प्रदेशको मुख्य समस्या गरिवीको अन्त्यको लागि वार्षिक न्युनतम दश हजार रोजगारी सिर्जना गर्न कर्णाली समृद्धि अभियान चलाउने कार्य गर्ने। यस अभियान अन्तर्गत बेरोजगार युवाहरूलाई नवप्रवर्तनमा आधारित उत्पादनमुलक उद्योग तथा व्यवसाय सञ्चालनको लागि रोजगारी तथा स्वरोजगारी प्रवर्द्धन गर्न सीप नक्साङ्कन गरी आवश्यक ज्ञान, सीप, तालिम, प्रविधि र वित्तीय पहुँचको व्यवस्था मिलाइ स्वरोजगार बनाउने निर्णय गरियो। | वार्षिक नीति तथा कार्यक्रममा समावेश गरिएको। |
| ७ | कर्णाली प्रदेश सरकार र स्थानीय तहको संयुक्त लगानीमा कर्णाली प्रदेशका जनतालाई न्यून ब्याजदरमा बित्तीय पहुँच पुऱ्याई लगानी प्रवर्द्धन, उत्पादन वृद्धि र रोजगारीमा टेवा पुऱ्याउने उद्देश्यले एउटा लघुवित्तीय संस्था स्थापना गर्ने व्यस्था मिलाउने निर्णय गरियो। | आवश्यक छलफल भइरहेको। |
| ८ | प्रदेश समन्वय परिषद्को साँतौं बैठकको विस्तारित समन्वय बैठक सञ्चालन गरी उक्त विस्तारित समन्वय बैठकबाट प्राप्त हुने कार्यान्वयनयोग्य सुझावहरूलाई सम्बोधन हुनेगरी कर्णाली प्रदेश सरकारको आगामी आ.व. को नीति तथा कार्यक्रममा समावेश गर्ने निर्णय गरियो। | विस्तारित तथा वृहत् समन्वय बैठक सम्पन्न भएको। |

## ८. आठौं बैठक (मितिः २०८१ असार २३ गते)

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | प्रदेश समन्वय परिषद्बाट भएका पूर्व बैठकका निर्णयहरूको कार्यान्वयन अवस्थाको प्रस्तुतीकरणबारे जानकारी लिई प्रभावकारी बनाउन निर्देशन दिने। | निर्देशन दिइएको। |
| २ | बैठकमा उठेका विषयहरूलाई थप अध्ययन विश्लेषण पश्चात आगामी बैठकमा निश्कर्ष सहित मार्गदर्शन प्रदान गर्ने। | आगामी बैठकमा पेस गरिने। |

## ९. नवौं बैठक (मितिः २०८२ बैशाख २५ गते)

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | प्रदेश समन्वय परिषद्को बिगतमा बैठकहरूमा भएका निर्णयहरूको पुनरावलोकन एवम् समीक्षा गरियो। निर्णय गर्दा कार्यान्वयनयोग्य निर्णयहरू गर्नुपर्ने शिक्षा लिईयो। | सबै सदस्यलाई निर्णयको जानकारी दिई कार्यान्वयन अवस्था बारे छलफल गरेको। |
| २ | कर्णाली प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति, योजना तथा कार्यक्रम तर्जुमाको सन्दर्भमा छलफल गरियो। कर्णाली प्रदेश सरकारको नीति योजना तथा कार्यक्रममा देहायको विषयक्षेत्र अन्तर्गत रही तर्जुमा गर्न सुझाव दिनेः-<br>क. प्रदेश तथा स्थानीय तहले योजना तर्जुमा गर्दा दोहोरोपना हुन नदिने गरी आवश्यक व्यवस्था गर्नुपर्ने।<br>ख. प्रदेशले आयोजना छनौट गर्दा मागमा आधारित आयोजना छनौटमा प्राथमिकता दिनुपर्ने।<br>ग. मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रमलाई उत्पादनमूलक, आयमूलक र सीपमूलक कार्यसंग जोड्ने।<br>घ. कर्णाली प्रदेशका प्रमुख सम्भावना र रोजगारीका क्षेत्रहरूमध्ये कृषि, घरेलु र पर्यटन क्षेत्रको विकासका लागि विशेष कार्यक्रम ल्याउनुपर्ने।<br>ङ. स्थानीय तहमा समेत आगामी वर्ष आयोजना बैंक सूचना प्रणालीको कार्यान्वयन गर्ने।<br>च. कर्णाली प्रदेशका विभिन्न जिल्ला र स्थानीय तहहरूबीच आज उठाईएको सीमा विवादको समस्यालाई सम्बोधन गर्न संस्थागत रूपमा प्रयत्न गर्ने। | खण्ड ङ बाहेक अन्य निर्णय कार्यान्वयन भएको। |
| ३ | अन्तर तह समन्वयका सम्बन्धमा तीनै तहको समन्वय एवम् अन्तरसम्बन्धलाई प्रभावकारी बनाउन आगामी वर्ष गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिबीच | PLGSP कार्यक्रममा बजेट विनियोजन गरी कार्यक्रम भइरहेको। |

| | | |
|---|---|---|
| | वर्षको कम्तिमा एकपटक आपसमा र आवश्यकता अनुसार कर्णाली प्रदेश सरकारसँग समेत दोहरो छलफल एवम् सम्वाद गर्ने गरी, राष्ट्रिय समन्वय परिषद्मा सुझाव दिन सकिने विषयमा नीतिगत बहस समेत गर्ने प्रयोजनका लागि विभिन्न अन्तरक्रिया एवम् अभिमुखिकरणका कार्यक्रम सञ्चालन गर्ने। | |
| ४ | कर्णाली प्रदेश अन्तर्गतका सबै स्थानीय तहले आफ्नो स्वीकृत संगठन संरचना अनुसारका दरबन्दी र रिक्त पदहरूको विवरण यथाशीघ्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने। | कार्यान्वयन भइरहेको। |
| ५ | वास्तविक र कार्यान्वयनयोग्य योजना निर्माणका लागि प्रत्येक स्थानीय तहले आगामी आ.व. देखि परियोजना बैङ्क स्थापना र छनौट गरेर लागू गर्ने। | स्थानीय परियोजना बैंङ्क सम्बन्धी कार्यक्रम प्रदेश योजना आयोगमा राखेको। |

## १०. दशौं बैठक (मितिः २०८२ भदौ १७ गते)

| *क्र.सं.* | *निर्णय* | *कार्यान्वयनको अवस्था* |
|---|---|---|
| १ | प्रदेश समन्वय परिषद्को नवौं बैठकबाट भएको निर्णयको कार्यान्वयनको अवस्था समेतको पुनरावलोकन र समीक्षा गरियो। | सबै सदस्यलाई निर्णय जानकारी दिई कार्यान्वयन अवस्थाबारे छलफल गरेको। |
| २ | सङ्घ र प्रदेशबाट सञ्चालित तथा स्थानीय तहबाट स्वीकृत वार्षिक कार्यक्रम बमोजिमका योजनाहरू समयमा नै सम्पन्न गर्न स्थानीय तहले आवश्यक पहलकदमी लिने। | निर्णयबारे सबै स्थानीय तहलाई पत्राचार गरेको। |
| ३ | राजस्व अभिवृद्धिका लागि आवश्यक कार्ययोजना बनाई स्थानीय तहले पहल गर्ने र कानून बमोजिम प्रदेशलाई बुझाउनुपर्ने राजस्व बाँडफाँडको हिस्सा प्रदेश सरकारलाई पठाउने। | निर्णयबारे सबै स्थानीय तहलाई पत्राचार गरेको। |

| क्र.सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ४ | आ.व. २०८३/८४ को योजना छनौट प्रक्रिया मंसिर मसान्तभित्र सक्ने गरी स्थानीय तहले आवश्यक प्रक्रिया पूरा गरी सम्बन्धित विषयगत कार्यालयहरूमा पठाई सक्न स्थानीय तहलाई पत्राचार गर्ने। | स्थानीय तहले पठाइसकेको। |
| ५ | प्रदेश र स्थानीय तहबीचको समन्वय थप प्रभावकारी बनाउन प्रदेश सरकारबाट स्थानीय तहका लागि बनाईने कानूनहरू निर्माणको समयमा कर्णाली प्रदेशका जिल्ला समन्वय समिति महासङ्घ, नेपाल नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासङ्घका प्रतिनिधिहरूसहित अन्य सरोकारवालाहरूसँग आवश्यक छलफल तथा समन्वय गरेर प्रक्रिया अगाडि बढाउने। | छलफल तथा समन्वय गरिएको। |
| ६ | कार्यविस्तृतीकरण प्रतिवेदन पारित गरी कार्यान्वयनमा चाँडो ल्याउन राष्ट्रिय समन्वय परिषद्लाई अनुरोध गर्ने। | अनुरोध गरेको। |
| ७ | नवौं बैठकको निर्णय बमोजिम स्थानीय तहहरूबाट दरबन्दी सहितको कर्मचारी विवरण माग गरी पठाईएकोमा हालसम्म पनि अधिकांश पालिकाहरूबाट विवरण प्राप्त हुन नआएकोले संघीय सरकारबाट स्वीकृत दरबन्दी तेरिज र सो अनुसारको कर्मचारी पदपूर्ति तथा रिक्तको अवस्था देखिने गरी तोकिएको ढाँचामा विवरण ३ महिनाभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनका लागि अनुरोध गर्ने र उक्त विवरण पठाउने सम्बन्धमा आवश्यक समन्वय गरिदिन कर्णाली प्रदेशका जिल्ला समन्वय समिति महासङ्घ, नेपाल नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासङ्घलाई अनुरोध गर्ने। | पत्राचार गरी विवरण प्राप्त भइरहेको। |

# कर्णाली प्रदेश सरकारका सम्पूर्ण मन्त्रालयका कार्यजिम्मेवारी

अनुसूची-१

(नियम ३ सँग सम्बन्धित)

## मन्त्रालयहरू

| क्र.सं. | मन्त्रालयको नाम |
|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ३. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ४. | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय |
| ५. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| ६. | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय |
| ७. | सामाजिक विकास मन्त्रालय |

अनुसूची-२

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

## मन्त्रालयहरूको कार्य जिम्मेवारी

### १. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्बन्धी |
| २. | प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन |
| ३. | प्रदेश सरकारको कार्य विभाजन तथा कार्यसञ्चालन |
| ४. | प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन |
| ५. | प्रदेश सरकारको कार्य सम्पादन नियमावली तर्जुमा र कार्यान्वयन |
| ६. | प्रदेश मन्त्रालयहरूको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण |
| ७. | प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| ८. | प्रदेश मन्त्रिपरिषद्मा पेस हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण |
| ९. | प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवम् प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी र सम्बोधन |
| १०. | मानव अधिकारको संरक्षण र प्रवर्द्धन |
| ११. | सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार |
| १२. | संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य सङ्घीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय |
| १३. | सङ्घीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन |
| १४. | प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन |
| १५. | राष्ट्रिय समन्वय परिषद् र सङ्घ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध |
| १६. | प्रदेशस्तरका आयोग तथा निकायहरूको गठन एवम् सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन |
| १७. | निर्वाचन कार्यमा सहयोग र समन्वय |
| १८. | प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन |
| १९. | प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन |
| २०. | प्रदेशस्तरका सरकारी निकायको सँगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण |
| २१. | प्रदेश प्रशिक्षण प्रतिष्ठान सञ्चालन, प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवम् समन्वय |
| २२. | प्रदेशका पदाधिकारी तथा कर्मचारीको वैदेशिक अध्ययन तथा भ्रमण सम्बन्धी |
| २३. | प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन |
| २४. | गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानून तर्जुमा |
| २५. | प्रादेशिक नीति अनुसन्धान र नीति प्रयोगशाला सञ्चालन सम्बन्धी |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| २६. | प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा सङ्घसँगको समन्वय र सहकार्य |
| २७. | अतिविशिष्ट व्यक्ति, महत्त्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा |
| २८. | सङ्घीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय |
| २९. | सङ्घीय कानून बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन |
| ३०. | प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय |
| ३१. | कानून, न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी |
| ३२. | प्रदेश सभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणीकरण सम्बन्धी |
| ३३. | अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग |
| ३४. | आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रबर्द्धनमा सहयोग |
| ३५. | प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी |
| ३६. | सामुदायिक प्रहरी |
| ३७. | प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन |
| ३८. | प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन |
| ३९. | प्रदेशभित्रका गैरसरकारी सङ्घ, संस्थाहरूको अभिलेख र समन्वय |
| ४०. | गुनासो र विवाद व्यवस्थापन |
| ४१. | सङ्घीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन |
| ४२. | फौजदारी कार्यविधि कानूनको कार्यान्वयन |
| ४३. | अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति |
| ४४. | निवारक नजरबन्द र स्थानहद सम्बन्धी |
| ४५. | अन्तरप्रदेश सम्बन्ध |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| ४६. | सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान |
| ४७. | स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय |
| ४८. | पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, अभिभावकविहीन बालबालिका, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ४९. | विपद व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्शाङ्कन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ५०. | उपाधि, सम्मान तथा विभूषणको सिफारिस |
| ५१. | प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आादिको व्यवस्थापन |
| ५२. | प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना सम्बन्धी |
| ५३. | सत्यनिरूपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्बन्धी |
| ५४. | प्रदेशस्तरको विद्युतीय संचार माध्यम सञ्चालनसम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण |
| ५५. | प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन |
| ५६. | प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन |
| ५७. | प्रदेश भित्र टेलिसेन्टर सञ्चालन, व्यवस्थापन र नियमन |
| ५८. | प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन |
| ५९. | साइवर सुरक्षा अनुगमन |
| ६०. | छापासञ्चार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन |
| ६१. | प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| ६२. | श्रमजिवी सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन |
| ६३. | प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी |
| ६४. | केबुल वितरणको इजाजत, नवीकरण र नियमन |
| ६५. | सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन |
| ६६. | चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन |
| ६७. | प्रदेश सरकार अन्तर्गत रहेका सरकारी सवारी साधनको अभिलेख, नियन्त्रण, संरक्षण, व्यवस्थापन र समन्वय गर्ने |
| ६८. | अन्य कुनै पनि मन्त्रालयलाई गर्ने भनी स्पष्ट रूपमा नतोकिएको कार्य। |

## २. आर्थिक मामिला तथा योजना मन्त्रालय

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन |
| २. | प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन |
| ३. | प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन |
| ४. | सङ्घको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन |
| ५. | प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुलउपर |
| ६. | प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन |
| ७. | राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग |
| ८. | प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन |
| ९. | प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान |
| १०. | सङ्घीय नीति अनुरूप सह–वित्तीयकरण |
| ११. | प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १२. | प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन |
| १३. | प्रदेश संचित कोषको सञ्चालनतथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन |
| १४. | प्रदेश पुरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्वन्धी |
| १५. | प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन |
| १६. | प्रदेशगत विनियोजन, राजश्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण |
| १७. | घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना सङ्कलन, बाँडफाँड र उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन |
| १८. | सङ्घीय कानून अनुसार प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी र शुल्क सङ्कलन, नियमन र हस्तान्तरण |
| १९. | राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २०. | सङ्घसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य |
| २१. | तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा सङ्घ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य |
| २२. | बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन |
| २३. | प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन |
| २४. | आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य |

## ३. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण |

| सि.नं. | कार्य जिम्मेवारी |
| --- | --- |
| २. | प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन |
| ३. | ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन |
| ४. | नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता |
| ५. | व्यापारिक फर्महरूको दर्ता, नवीकरण, खारेजी र नियमन |
| ६. | खानी तथा खनीज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत सङ्कलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र सङ्घसँग समन्वय |
| ७. | भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी |
| ८. | कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ९. | उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्धन र नियमन |
| १०. | प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार |
| ११. | औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन |
| १२. | सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| १३. | उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन |
| १४. | मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् नियमन |
| १५. | सङ्घीय मापदण्ड अनुसार स्ट्याण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन |
| १६. | अत्यावश्यक वस्तुहरूको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यबस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १७. | लक्षित क्षेत्र र वर्गका लागि वस्तु तथा सेवामा प्रादेशिक अनुदान र नियमन |
| १८. | करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन |
| १९. | सङ्घसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन |
| २०. | दामासाहिमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २१. | प्रदेशस्तरमा हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन |
| २२. | प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन |
| २३. | सङ्घीय कानून बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी |
| २४. | प्रदेशभित्रका उद्योगहरू र साना, मझौला, घरेलु तथा लघु उद्योगहरू स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २५. | औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन |
| २६. | उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग |
| २७. | स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता |
| २८. | औद्योगिक विवाद समाधान र न्यायिक निरूपण |
| २९. | कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन |
| ३०. | प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पुर्वाधार विकास, प्रवर्द्धन र नियमन |
| ३१. | पर्यटक प्रहरी व्यवस्थापन |
| ३२. | पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, र्याफ्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन |
| ३३. | प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ३४. | वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण |
| ३५. | वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन |
| ३६. | प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| ३७. | हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन |
| ३८. | जडिबुटी खेती प्रविधि प्रर्वद्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क सङ्कलन |
| ३९. | वन तथा वातावरण सम्बन्धी बिषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह |
| ४०. | वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग |
| ४१. | प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरूको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति र व्यवस्थापन |
| ४२. | प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँड |
| ४३. | प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास, व्यवस्थापन |
| ४४. | प्रदेशभित्र भूस्खलन नियन्त्रण |
| ४५. | प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन |
| ४६. | प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ४७. | प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना |
| ४८. | प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार |
| ४९. | प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन |
| ५०. | प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा बिद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण |
| ५१. | प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन |
| ५२. | प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन |
| ५३. | प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिबृद्धि, वातावरणीय सुशासन तथा परीक्षण |
| ५४. | भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, बर्गीकरण, संरक्षण र व्यवस्थापन |
| ५५. | संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण |
| ५६. | अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन |
| ५७. | वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैंचा स्थापना र व्यवस्थापन |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| ५८. | प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ५९. | प्रदेशभित्र जडिबुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन |
| ६०. | वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ६१. | प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन र जनशक्ति सर्वेक्षण, विकास र उपयोग |
| ६२. | वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास |
| ६३. | विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन। |

## ४. जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | प्रदेशस्तरको उर्जा, विद्युत, सिंचाई, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानून, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन |
| २. | प्रदेशस्तरमा उर्जा, विद्युत तथा सिंचाई सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन |
| ३. | उर्जा, विद्युत, सिंचाई सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन |
| ४. | राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेश सीमा नदीका जलउपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन |
| ५. | प्रदेशभित्रको जलश्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरु योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन |
| ६. | प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरूको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय |
| ७. | प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| ८. | मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन |
| ९. | जलगुण तथा वायुगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन। |
| १०. | प्रदेशस्तरको खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रदेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, सम्भार र नियमन |
| ११. | खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| १२. | सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाई तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता । |

## ५. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २. | कृषि तथा पशुपन्छीजन्य रोग, किरा एवम् महामारी नियन्त्रण |
| ३. | कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन |
| ४. | कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार |
| ५. | कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन |
| ६. | कृषिउपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बिउबिजन एवम् नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन |
| ७. | प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर |
| ८. | कृषि तथा पशुपन्छी एवम् खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण |
| ९. | कृषि मल, बिऊ र बिषादी आपूर्ति व्यवस्था र नियमन |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १०. | कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तीकरण |
| ११. | कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन |
| १२. | कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन |
| १३. | साना सिंचाइ, कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन |
| १४. | राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन |
| १५. | सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रबर्द्धन |
| १६. | चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन |
| १७. | कृषिजन्य र पशुपन्छीजन्य औषधि, बिषादि र सूक्ष्म पोषणतत्वयुक्त बस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन |
| १८. | भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन |
| १९. | निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन |
| २०. | जग्गादर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन |
| २१. | सङ्घीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन |
| २२. | नाप नक्साका नियन्त्रण विन्दुहरूको सञ्जाल स्थापना |
| २३. | क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन |
| २४. | भूमिहीन सुकुम्वासी, दलित, मुक्त कमैया, हलिया, हरवा चरवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनर्स्थापना सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २५. | सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| २६. | सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन |
| २७. | गुठी तथा गुठीजग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र सङ्घीय तथा स्थानीय तहसँग समन्वय |
| २८. | गरिवी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना सङ्कलन, गरिब घरपरिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण |
| २९. | सहकारी संस्था, सहकारी सङ्घ तथा सहकारी बैंक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान |
| ३०. | सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन |
| ३१. | सहकारी सम्बन्धमा सङ्घीय, अन्तरप्रादेशिक र स्थानीय तहका सङ्घ संस्थासँग समन्वय र सहकार्य |
| ३२. | सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन |
| ३३. | जलचर तथा जलीय जीवको संरक्षण, व्यवस्थापन, दिगो उपयोगिता र सोबाट प्राप्त लाभांशको समन्यायिक वितरण सम्बन्धी नीति, ऐन, नियम, मापदण्ड, योजना तर्जुमा र नियमन। |

## ६. भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन |
| २. | प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण |
| ३. | प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन |
| ४. | वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन |

| | |
|---|---|
| ५. | प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन |
| ६. | रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन |
| ७. | प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन |
| ८. | प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ९. | प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सम्भार र आवास तथा भवन सम्बन्धी योजनाहरूको कार्यान्वयन र मार्ग निर्देशन |
| १०. | प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन |
| ११. | प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन |
| १२. | प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण |
| १३. | सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन |

## ७. सामाजिक विकास मन्त्रालय

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २. | शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन |
| ३. | प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ४. | प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्य पुस्तक तथा पाठ्य सामाग्री निर्माण, उत्पादन र वितरण |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| ५. | प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन |
| ६. | प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन |
| ७. | माध्यमिक तहको परीक्षा व्यवस्थापन |
| ८. | प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन |
| ९. | स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| १०. | प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन |
| ११. | स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत सङ्घ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन |
| १२. | प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन |
| १३. | राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन |
| १४. | राष्ट्रिय मापदण्ड अनुरूप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन |
| १५. | खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन |
| १६. | राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन |
| १७. | प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन |
| १८. | औषधी निगरानी (फार्मेशी भिजीलान्स), औषधिको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (एन्टीमाइक्रोबायल रेसिष्टेण्ट) न्यूनीकरण |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १९. | खोप र परिवार नियोजन |
| २०. | संवेदनशिल औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन |
| २१. | प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह |
| २२. | प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन |
| २३. | सूर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन |
| २४. | स्वास्थ्य क्षेत्रमा आपतकालिन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन |
| २५. | सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम |
| २६. | राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन |
| २७. | स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्वन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन |
| २८. | आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन |
| २९. | जनसङ्ख्या, बसाइसराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरूसँगको सम्पर्क र समन्वय |
| ३०. | महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ३१. | लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुर्नस्थापन |
| ३२. | महिला सशक्तीकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान |
| ३३. | लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक परीक्षण |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| ३४. | बाल बालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुर्नस्थापना |
| ३५. | प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिका र महिला सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन |
| ३६. | लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक, दलित लक्षित आवास लगायत विकास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन |
| ३७. | सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य<br>३७ (क) रोजगार प्रवर्द्धन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,<br>३७ (ख) स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता र<br>३७ (ग) श्रम सम्बन्धी सुधार, श्रमिक एवम् श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन |
| ३८. | विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्त्वका स्थल सम्बन्धी |
| ३९. | भाषा, लिपि संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ४०. | ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् कला र वास्तु कलात्मक दृष्टिकोणले महत्त्व बोकेका प्रादेशिकस्तरका दरवारहरूको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन |
| ४१. | प्रादेशिकस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन |
| ४२. | प्रदेशस्तरका पुरातात्विक महत्त्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, सास्कृतिक धरोहर साम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| | तर्जुमा, कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुर्ननिर्माण |
| ४३. | धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरूको सञ्चालन र व्यवस्थापन |
| ४४. | संस्कृतिको विकास सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन |
| ४५. | युवा सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन |
| ४६. | खेलकूद सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन |
| ४७. | खेलकूद प्रशासन र सङ्घसंस्थाको समन्वय र नियमन |
| ४८. | राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता |

# प्रदेश समन्वय परिषद् बैठक (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७७

**प्रस्तावनाः** प्रदेश समन्वय परिषद्को बैठक व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ को उपदफा (३) बमोजिम प्रदेश समन्वय परिषद्ले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश समन्वय परिषद् बैठक (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले प्रदेश समन्वय परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "परिषद्" भन्नाले संघ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ बमोजिम गठन भएको प्रदेश समन्वय परिषद् सम्झनु पर्छ।

(ग) "सचिव" भन्नाले संघ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ को उपदफा (१) को खण्ड (च) बमोजिमको सचिव सम्झनु पर्छ।

(घ) "सदस्य" भन्नाले प्रदेश समन्वय परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउँछ।

३. **परिषद्को बैठक सम्बन्धी व्यवस्थाः** (१) परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) अध्यक्षको निर्देशनमा सचिवले परिषद्‌को बैठकको कार्यसूची लिखित रुपमा तयार गर्नु पर्नेछ।

(३) सचिवले परिषद्को बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना बैठक बस्ने समयभन्दा सात दिन अगावै सबै सदस्यलाई दिनु पर्नेछ।

(४) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(५) परिषद्ले विषयसँग सम्बन्धित पदाधिकारी तथा विशेषज्ञलाई परिषद्को बैठकमा आमन्त्रण गर्न सक्नेछ।

४. <u>गणपूरक संख्या</u>ः (१) परिषद्मा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(२) उपदफा (१) बमोजिम गणपुरक संख्या नपुगेमा पाँच दिनको समय दिई सचिवले अर्को बैठकका लागि सदस्यलाई सूचना दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना गर्दा गणपुरक संख्या नपुगेमा तीन दिनको समय दिई पुनः बैठक बोलाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम बैठक बोलाउँदा गणपुरक संख्या नपुगेमा कम्तीमा एक तिहाई सदस्यको उपस्थितिमा बैठक बस्न सक्नेछ।

५. <u>परिषदको बैठक सञ्चालन र निर्णयः</u> (१) बैठकको निर्धारित समय शुरु भएपछि अध्यक्षले बैठक शुरू गरी छलफल गरिने विषयको बारेमा संक्षेपमा जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी गराए पछि सदस्य र आमन्त्रित पदाधिकारी तथा विशेषज्ञले अध्यक्षको अनुमति लिई निर्धारित समयभित्र कार्यसूचीभित्र परेका विषयमा पालैपालो आफ्नो धारणा राख्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम सदस्यले आफ्नो धारणा प्रस्तुत गरेपछि आवश्यकता अनुसार बैठकमा छलफल गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम छलफल समाप्त भएपछि अध्यक्षले आफ्नो निष्कर्ष सहित निर्णय हुनु पर्ने व्यहोरा प्रस्तुत गर्नेछ।

(५) उपदफा (४) बमोजिम निर्णय हुनुपर्ने व्यहोरा प्रस्तुत भएपछि त्यसमा कुनै विषय छुटेमा वा सच्याउनु पर्ने भएमा सदस्यले छुटेको विषय थप गर्न वा कुनै विषय सच्याउनु पर्ने भए सोको लागि विकल्प सहित तत्काल सुझाव राख्न सक्नेछ।

(६) उपदफा (४) बमोजिम निर्णयका लागि प्रस्तुत व्यहोरामा उपदफा (५) बमोजिम प्राप्त सुझाव समावेश गर्नु पर्ने भएमा सो समेत समावेश गरी वा त्यस्तो सुझाव समावेश गर्न आवश्यक नदेखेमा त्यसको कारण स्पष्ट गरी अध्यक्षले बैठकको निष्कर्ष र निर्णय सुनाउनेछ।

६. <u>कार्यसूचीमा नभएको विषय छलफलमा राख्न सकिनेः</u> (१) कुनै सदस्यले परिषद्को बैठकमा कार्यसूचीमा नभएको विषय छलफलको लागि राख्न चाहेमा अध्यक्षको अनुमति लिई बैठकमा राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बैठकमा राख्न चाहेको विषय प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजना वा साझा अधिकारका विषय कार्यान्वयनसँग सम्बन्धित हुनु पर्नेछ।

७. <u>छलफल गर्दा ध्यान दिनुपर्ने कुराहरुः</u> बैठकमा छलफल गर्दा देहायका कुराहरुमा ध्यान दिनु पर्नेछः-

(क) शिष्ट भाषा प्रयोग गर्ने,

(ख) कसैको व्यक्तिगत प्रतिष्ठामा धक्का पुग्ने शब्दको प्रयोग नगर्ने,

(ग) नेपालको संविधानको भावना अनुकूल हुने गरी छलफल गर्ने।

८. **बैठकको निर्णय प्रमाणित गर्ने:** परिषद्को बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ।

९. **सदस्यको काम र कर्तव्यः** सदस्यको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) परिषद्को बैठकको कार्यसूचीमा उल्लेखित विषयमा आवश्यक तयारी गरी बैठकमा उपस्थित हुने,

(ख) परिषद्को निर्णय कार्यान्वयनमा सहयोग गर्ने,

(ग) परिषद्ले तोकी दिएको जिम्मेवारी इमान्दारीपूर्वक पूरा गर्ने, र

(घ) कुनै विषयमा परिषद्मा छलफल हुन उपयुक्त देखेमा विषय खुलाई सचिवालयमा लेखी पठाउने ।

१०. **परिषदको सचिवालय र सचिवः** (१) परिषद्को सचिवालयको काम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्नेछ ।

(२) परिषद्को सचिवालयको लागि आवश्यक बजेट र कर्मचारीको व्यवस्था मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुनेछ।

(३) परिषद्को सचिव मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोक्नेछ।

११. **सचिवको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अध्यक्षको निर्देशन अनुसार परिषद्को बैठक बोलाउने,

(ख) परिषद्ले गरेका निर्णय कार्यान्वय गर्ने, गराउने,

(ग) सचिवालयमा राखिने अभिलेखलाई अद्यावधिक गराई व्यवस्थित र सुरक्षित रुपमा राख्ने व्यवस्था मिलाउने,

(घ) सचिवालयले गर्नुपर्ने कामको अनुगमन, नियन्त्रण, सुपरिवेक्षण र समन्वय गर्ने तथा कर्मचारीको कार्य विभाजन गरी काममा लगाउने,

(ङ) प्रदेश सरकारका विभिन्न निकायका साथै आवश्यकता अनुसार अन्य निकायसँग सम्पर्क र समन्वय गर्ने, र

(च) अध्यक्ष र परिषद्ले तोके बमोजिमका अन्य काम गर्ने।

१२. <u>अभिलेख राख्नु पर्ने:</u> परिषद्को सचिवालयले परिषद्को बैठकको निर्णयको अभिलेख राख्नु पर्नेछ।

# सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७

<u>प्रस्तावना</u>ः मुलुकले अङ्गीकार गरेको बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृढीकरणका लागि नेपालको संविधान बमोजिम राज्यशक्तिको प्रयोग गर्ने संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको आधारमा व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

परिच्छेद-१

<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यस ऐनको नाम "संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अन्तरप्रदेश परिषद्" भन्नाले संविधानको धारा २३४ बमोजिमको अन्तरप्रदेश परिषद् सम्झनु पर्छ।

(ख) "परिषद्" भन्नाले दफा १६ बमोजिमको राष्ट्रिय समन्वय परिषद् सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले संविधान बमोजिम गठन भएको प्रदेश सम्झनु पर्छ।

(घ) "प्रदेश समन्वय परिषद्" भन्नाले दफा २४ बमोजिमको प्रदेश समन्वय परिषद् सम्झनु पर्छ।

(ङ) "विषयगत समिति" भन्नाले दफा २२ बमोजिमको विषयगत समिति सम्झनु पर्छ।

(च) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(छ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

## परिच्छेद-२

## संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धका आधारहरु

३. संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धका आधारः (१) संविधानमा भएको व्यवस्थाका अतिरिक्त संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धको अन्य आधार देहाय बमोजिम हुनेछन्ः-

(क) राष्ट्रिय हितका आधारभूत विषय,

(ख) राष्ट्रिय गौरव र एकताको संरक्षण,

(ग) राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको पालना र कार्यान्वयन,

(घ) मौलिक हकको कार्यान्वयन,

(ङ) राष्ट्रिय नीतिको सम्मान तथा कार्यान्वयनमा योगदान,

(च) संविधानका व्यवस्थाहरुको समग्रता र सामञ्जस्यता,

(छ) लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख अर्थतन्त्र निर्माण,

(ज) संविधानको अधीनमा रही साझा हित र सरोकारको विषयमा अधिकारको प्रयोग गर्दा अर्को तहको अस्तित्व र कार्यगत स्वायत्तताको सम्मान,

(झ) नेपाली नागरिकबीच समान व्यवहार र सुरक्षा,

(ञ) कानून, नीति र न्यायिक वा प्रशासनिक निर्णय कार्यान्वयनमा आपसी समन्वय, परामर्श, सहयोग तथा सूचनाको आदान प्रदान,

(ट) प्राकृतिक तथा भौतिक स्रोतको संरक्षण,

(ठ) प्राकृतिक, भौतिक तथा वित्तीय स्रोतको दिगो व्यवस्थापन र लाभको न्यायोचित वितरण,

(ड) भ्रष्टाचार निवारण र सुशासन प्रवर्द्धन,

(ढ) पारस्परिक सहयोग र सहकार्य,

(ण) समानुपातिक समावेशी तथा सहभागितामूलक शासन व्यवस्था अवलम्बन,

(त) नागरिकलाई प्रदान गर्ने सेवाको प्रभावकारिता,

(थ) व्यापार, वस्तुको ढुवानी र सेवाको विस्तारमा आपसी सहयोग र समन्वय,

(द) संघ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा अन्तरसम्बन्ध कायम गर्ने सम्बन्धमा प्रचलित कानूनमा व्यवस्था भएको अन्य विषय।

(२) प्रदेश र स्थानीय तहले आफ्नो अधिकारको विषयमा कानून बनाउँदा उपदफा (१) मा उल्लिखित विषयलाई समेत आधार मान्नु पर्नेछ।

## परिच्छेद-३

## कानून, नीति तथा योजना तर्जुमा

४. **कानून वा नीति बनाउँदा विचार गर्नु पर्नेः** (१) संघले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानून वा नीति बनाउँदा संविधान तथा यस ऐन बमोजिमका अन्य कुराका अतिरिक्त देहायका कुराहरुलाई विचार गर्नु पर्नेछः-

(क) प्रदेश तथा स्थानीय तहको एकल अधिकारको अतिक्रमण नगर्ने,

(ख) लागत, दिगोपना वा सेवा प्रवाहको प्रभावकारिताका दृष्टिले कुनै विषयको कार्यान्वयन प्रदेश वा स्थानीय तहबाट गर्दा उपयुक्त हुने,

(ग) कुनै विषयको कार्यान्वयनमा दोहोरो नपर्ने गरी संघ, प्रदेश र स्थानीय तहको भूमिका रहने।

(२) प्रदेशले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानून वा नीति बनाउँदा संविधान तथा यस ऐन बमोजिमका अन्य कुराका अतिरिक्त देहायका कुराहरुलाई विचार गर्नु पर्नेछः-

(क) संघ वा स्थानीय तहको एकल अधिकारको अतिक्रमण नगर्ने,

(ख) संघीय कानूनसँग बाझिन नहुने,

(ग) राष्ट्रिय नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने,

(घ) कुनै विषयको कार्यान्वयन स्थानीय तहबाट गर्दा लागत, दिगोपना, सेवा प्रवाहको प्रभावकारिताका दृष्टिले उपयुक्त हुने,

(ङ) कुनै विषयको कार्यान्वयनमा दोहोरो नपर्ने गरी सम्भव भएसम्म स्थानीय तहको भूमिका रहने।

(३) स्थानीय तहले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानून वा नीति बनाउँदा संविधान तथा यस ऐन बमोजिमका अन्य कुराका अतिरिक्त देहायका कुराहरुलाई विचार गर्नु पर्नेछः-

(क) संघ वा प्रदेशको एकल अधिकारको अतिक्रमण नगर्ने,

(ख) संघीय र प्रदेश कानूनसँग बाझिन नहुने,

(ग) राष्ट्रिय नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने,

(घ) प्रदेशको नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने,

(ङ) कुनै विषयको कार्यान्वयनमा दोहोरो नपर्ने।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वा स्थानीय तहले कानून बनाउँदा देहाय बमोजिम हुने गरी बनाउनु हुँदैनः-

(क) मौलिक हक, संवैधानिक हक वा संघीय कानूनप्रदत्त हकमा प्रतिबन्ध लगाउने वा त्यस्तो हकको प्रयोगमा सीमा तोक्ने,

(ख) संघीय कानूनले कुनै काम कसैले गर्न पाउने भनी व्यवस्था गरेकोमा त्यस्तो काम गर्न नपाउने वा संघीय कानूनले कुनै काम कसैले गर्न नपाउने भनी व्यवस्था गरेकोमा त्यस्तो काम गर्न पाउने।

५. <u>एकल अधिकारको कार्यान्वयन</u>ः (१) संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो एकल अधिकारको विषयमा आवश्यक कानून बनाउने र त्यस्तो अधिकारको कार्यान्वयन गर्नेछन्।

(२) उपदफा (१) बमोजिम प्रदेश वा स्थानीय तहले कानून बनाउँदा वा सोको कार्यान्वयन गर्दा सो विषयमा संविधान बमोजिम कुनै शर्त वा मापदण्ड पालना गर्नु पर्ने व्यवस्था भएकोमा त्यस्तो शर्त वा मापदण्डको अधीनमा रही र संविधानमा संघले नीति बनाउने व्यवस्था भएकोमा त्यस्तो नीति वा नीति अन्तर्गत बनेको संघीय कानूनको अधीनमा रही कार्यान्वयन गर्नु वा कानून बनाउनु पर्नेछ।

(३) संघ, प्रदेश वा स्थानीय तहमध्ये एकभन्दा बढी तहको एकल अधिकारमा परेको विषयको कार्यान्वयन गर्दा वा कानून बनाउँदा प्रदेशले संघीय कानून प्रतिकूल नहुने गरी र स्थानीय तहले संघीय र प्रदेश कानून प्रतिकूल नहुने गरी कार्यान्वयन गर्नु वा कानून बनाउनु पर्नेछ।

६. <u>**साझा अधिकारको कार्यान्वयनः**</u> (१) संघले साझा अधिकारको विषय कार्यान्वयन गर्दा वा त्यस्तो विषयमा कानून बनाउँदा देहाय बमोजिम हुने व्यवस्था गर्नु पर्नेछः-

(क) कसूर र सजायको निर्धारण, राष्ट्रियस्तर वा राष्ट्रिय महत्वका वा एकभन्दा बढी प्रदेशमा विस्तार भएका पूर्वाधार संरचनाको निर्माण र सबै प्रदेशमा समान रुपमा लागू हुने गुणस्तर वा मापदण्डको निर्धारण र नियमन संघीय कानून बमोजिम हुने,

(ख) देहायका विषय प्रदेश कानून बमोजिम हुनेः-

(१) प्रदेशस्तरका सडक, विद्युत, खानेपानी, सिँचाई जस्ता पूर्वाधार संरचनाको निर्माण र सञ्चालन,

(२) शिक्षा, स्वास्थ्य, वातावरण जस्ता विषयमा जनचेतनाको अभिवृद्धि,

(३) रोजगार प्रवर्धन, उद्यमशीलताको विकास, सामाजिक सुरक्षा,

(४) प्रदेशस्तरमा हुने सेवा प्रवाह,

(५) सार्वजनिक स्वास्थ्य, उपभोक्ता हित, सार्वजनिक सेवा प्रवाहको गुणस्तर सम्बन्धमा प्रदेशस्तरको नियमन।

(ग) स्थानीयस्तरमा हुने सेवा प्रवाह र सार्वजनिक स्वास्थ्य, उपभोक्ता हित, सार्वजनिक सेवा प्रवाहको गुणस्तर सम्बन्धमा स्थानीयस्तरमा हुने नियमन तथा जनचेतना अभिवृद्धि स्थानीय तहबाट वा स्थानीय कानून बमोजिम हुने।

(२) प्रदेशले संघ र प्रदेशको साझा अधिकारमा परेको विषयको कार्यान्वयन गर्दा वा त्यस्तो विषयमा कानून बनाउँदा सो सम्बन्धी संघीय कानून अनुकूल हुने गरी कार्यान्वयन गर्नु वा कानून बनाउनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो विषयमा संघीय कानून नबनेको अवस्थामा प्रदेशले सो विषय कार्यान्वयन गर्न वा कानून बनाउन सक्नेछ।

(४) संविधानको अनुसूची-९ को विषयमा संघीय कानून नबनेको अवस्थामा प्रदेशले र संघीय वा प्रदेश कानून नबनेको अवस्थामा स्थानीय तहले संविधान र यस ऐनको अधीनमा रही आवश्यक कानून बनाउन वा सो विषयको कार्यान्वयन गर्न सक्नेछन्।

७. **संघीय कानूनबाट व्यवस्थित हुने**ः (१) देहायका विषयहरु संघीय कानूनबाट व्यवस्थित हुनेछन्ः-

(क) संघको एकल अधिकारको सूचीमा परेको विषय,

(ख) संघले बनाएको नीति वा मापदण्ड बमोजिम हुने विषय,

(ग) कुनै कार्यलाई फौजदारी कसूरको रुपमा कायम गर्ने र सजायको व्यवस्था गर्ने विषय,

(घ) विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना गर्ने वा त्यस्तो अदालत,

न्यायिक निकाय वा न्यायाधिकरणको क्षेत्राधिकार हेरफेर गर्ने विषय,

(ङ) अवशिष्ट अधिकारको विषय।

(२) उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वा स्थानीय तहबाट सञ्चालन वा प्रशासन हुने कुनै विषयमा कानून बमोजिम प्रशासनिक दण्ड जरिबानाको व्यवस्था गर्न सकिनेछ।

८. <u>**प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन हुन सक्ने**</u>: (१) संघले आफ्नो एकल अधिकारको विषय वा अवशिष्ट अधिकारको सम्बन्धमा कानून बनाउँदा त्यस्तो विषय वा अधिकार अन्तर्गतको कुनै कार्य प्रदेश वा स्थानीय तह वा प्रदेश वा स्थानीय तहको कुनै निकाय वा अधिकारीले गर्ने गरी व्यवस्था गर्न सक्नेछ।

(२) संघले एकल वा साझा अधिकारका विषय वा अवशिष्ट अधिकारको सम्बन्धमा कानून बनाउँदा सो कानून अन्तर्गत कार्यान्वयन हुने विषयमध्ये लागत, दिगोपना र सेवा प्रवाहको प्रभावकारिताका दृष्टिले प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गर्न उपयुक्त हुने देखिएका विषय प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन हुने व्यवस्था गर्न सक्नेछ।

(३) प्रदेशले एकल वा साझा अधिकारका विषयमा कानून बनाउँदा त्यस्तो कानून अन्तर्गत कार्यान्वयन हुने विषयमध्ये लागत, दिगोपना र सेवा प्रवाहको प्रभावकारिताका दृष्टिले स्थानीय तहबाट कार्यान्वयन गर्न उपयुक्त हुने देखिएका विषय स्थानीय तहबाट कार्यान्वयन हुने व्यवस्था गर्न सक्नेछ।

(४) प्रदेशको एकल वा साझा अधिकारमा रहेको कुनै विषयसँग सम्बन्धित कुनै पूर्वाधार संरचना निर्माण वा अन्य कुनै

परियोजना दुई वा दुईभन्दा बढी प्रदेशले कानून बनाई संयुक्त रुपमा कार्यान्वयन गर्न वा सञ्चालन गर्न सक्नेछन्।

(५) स्थानीय तहको एकल वा साझा अधिकारमा रहेको कुनै विषयसँग सम्बन्धित कुनै पूर्वाधार संरचना निर्माण वा अन्य कुनै परियोजना दुई वा दुईभन्दा बढी स्थानीय तहले कानून बनाई संयुक्त रुपमा कार्यान्वयन गर्न वा सञ्चालन गर्न सक्नेछन्।

९. <u>**कसूरको अनुसन्धान तथा मुद्दा दायरी**</u>: (१) संघीय कानून बमोजिम प्रदेश प्रहरी वा प्रदेशस्तरको कुनै निकाय वा अधिकारीबाट अनुसन्धान हुने फौजदारी कसूरको अनुसन्धान सोही निकाय वा अधिकारीबाट हुनेछ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान भएको नेपाल सरकारवादी हुने मुद्दा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकील वा संघीय कानून बमोजिम तोकिएको अधिकारीले मुद्दा हेर्ने अधिकारी समक्ष नेपाल सरकारको नामबाट दायर गर्न सक्नेछ।

१०. <u>**जिल्ला अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गर्न सक्ने**</u>: प्रदेश वा स्थानीय तहले कानून बनाउँदा त्यस्तो कानून बमोजिम हुने प्रशासनिक दण्ड जरिबानाको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गर्न सक्नेछ।

११. <u>**समन्वय र परामर्श गर्ने**</u>: (१) नेपाल सरकारले देहायका विषयमा आवश्यकता अनुसार सम्बन्धित प्रदेश सरकारसँग समन्वय र परामर्श गर्नेछः-

(क) संविधानको अनुसूची-७ मा उल्लिखित साझा अधिकारका विषयमा कानून तथा नीति बनाउँदा,

(ख) दुई वा दुई भन्दा बढी प्रदेशहरुको अनुरोधमा संविधानको अनुसूची-६ मा उल्लिखित विषयमा कानून तथा नीति बनाउँदा,

(ग) राष्ट्रिय महत्वका ठूला परियोजना, अन्तरप्रदेशस्तरीय परियोजना वा कार्यक्रम सञ्चालन गर्दा,

(घ) प्रदेशले समेत पालना वा कार्यान्वयन गर्नु पर्ने गरी राष्ट्रिय योजना तथा नीति बनाउँदा,

(ङ) अन्तरप्रदेशमा सञ्चालन हुने राष्ट्रिय सडक, विद्युतीय प्रशारण लाईन तथा अन्तरप्रदेशस्तरीय सिँचाइ वा यस्तै प्रकृतिका योजना सञ्चालन गर्दा,

(च) प्रदेशको अधिकार सूचीमा पर्ने विषयमा सन्धि वा सम्झौता गर्दा,

(छ) नेपाल सरकारले उपयुक्त ठहऱ्याएको अन्य विषय।

(२) नेपाल सरकारले देहायका विषयमा स्थानीय तहसँग आवश्यकता अनुसार समन्वय र परामर्श गर्नेछः-

(क) स्थानीय तहले समेत पालना वा कार्यान्वयन गर्नु पर्ने गरी राष्ट्रिय योजना तथा नीति बनाउँदा,

(ख) नेपाल सरकारले उपयुक्त ठहऱ्याएको अन्य विषय।

(३) नेपाल सरकारले देहायका विषयमा आवश्यकता अनुसार प्रदेश र स्थानीय तहसँग समन्वय र परामर्श गर्नेछः-

(क) संविधानको अनुसूची-९ मा उल्लिखित साझा अधिकारका विषयमा कानून तथा नीति बनाउँदा,

(ख) राजश्वको बाँडफाँट तथा नयाँ कर प्रणाली लागू गर्ने क्रममा सोको नीतिगत विषयमा,

(ग) प्राकृतिक स्रोत तथा त्यसको लाभको बाँडफाँट गर्दा।

(४) उपदफा (१) मा उल्लिखित विषयका अतिरिक्त प्रदेश सरकारसँग सरोकार भएका अन्य विषय र संविधानको धारा ५८

बमोजिमको अवशिष्ट अधिकारको विषयमा कानून तर्जुमा गर्दा नेपाल सरकारले आवश्यकता अनुसार प्रदेश सरकारसँग परामर्श र समन्वय गर्नेछ।

(५) प्रदेशले संविधानको अनुसूची-७ र ९ बमोजिमको साझा अधिकारको सूचीमा उल्लिखित विषयमा कानून तथा नीति बनाउँदा नेपाल सरकारको विषयगत मन्त्रालय वा निकायसँग समन्वय र परामर्श गर्नेछ।

(६) स्थानीय तहले संविधानको अनुसूची-९ मा उल्लिखित विषयमा कानून तथा नीति बनाउँदा नेपाल सरकारको विषयगत मन्त्रालय र सम्बन्धित प्रदेश सरकारको विषयगत मन्त्रालय वा निकायसँग समेत समन्वय र परामर्श गर्नेछ।

(७) प्रदेशले संविधानको अनुसूची-९ बमोजिमको साझा अधिकारको सूचीमा उल्लिखित विषयमा कानून तथा नीति बनाउँदा आफ्नो प्रदेशभित्रका स्थानीय तहसँग समन्वय र परामर्श गर्नेछ।

(८) यस दफा बमोजिम कुनै काम कारबाहीको सम्बन्धमा परामर्श माग गर्दा परामर्श उपलब्ध नगराएकोमा त्यस्तो काम कारबाही अघि बढाउन बाधा परेको वा परामर्श बमोजिम कार्य नभएको कारणले मात्र कुनै काम कारबाहीको वैधानिकतामा प्रतिकूल असर पुऱ्याएको मानिने छैन।

१२. <u>कानूनको प्रकाशन तथा अभिलेख</u>ः (१) संघले बनाएको ऐन, नियमावली र गठन आदेश नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) प्रदेशले बनाएको ऐन, नियमावली र गठन आदेश प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(३) स्थानीय तहले बनाएको ऐन र नियमावली स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(४) प्रदेश तथा स्थानीय तहले बनाएको नीति, निर्देशिका र कार्यविधि सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ।

(५) प्रदेश तथा स्थानीय तहले बनाएको ऐन र नियमावलीको प्रमाणीकरण प्रति सम्बन्धित तहले सुरक्षित रुपमा अभिलेख गरी राख्नु पर्नेछ।

(६) उपदफा (२) र (३) बमोजिमको ऐन, नियमावली र गठन आदेशको प्रमाणित प्रति सम्बन्धित प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउनु पर्नेछ।

(७) स्थानीय तहले बनाएको ऐन, नियमावली तथा अन्य कानूनको एक प्रति प्रदेश सरकारलाई समेत पठाउनु पर्नेछ।

(८) संघ, प्रदेश र स्थानीय तहबाट संविधान तथा प्रचलित कानून बमोजिम पारित भएका सार्वजनिक लिखतको एकीकृत अभिलेख रहने गरी नेपाल सरकारले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(९) प्रदेश सरकार र स्थानीय तहले प्रदेश राजपत्र र स्थानीय राजपत्रमा प्रकाशित सूचनाहरु राजपत्रकै स्वरुपमा आफ्नो वेबसाइटमा राख्नु पर्नेछ र त्यस्तो राजपत्रको विद्युतीय प्रति आवश्यक सुरक्षण विधि अपनाई सुरक्षित रहने व्यवस्था मिलाउनु पर्नेछ।

१३. **आयोजना तर्जुमा र कार्यान्वयनः** (१) राष्ट्रियस्तर वा राष्ट्रिय महत्त्वका आयोजना, एकभन्दा बढी प्रदेशमा कार्यान्वयन गर्नु पर्ने आयोजना र जटिल प्राविधिक क्षमता वा ठूलो लगानी आवश्यक पर्ने आयोजनाको तर्जुमा संघले गर्नेछ र यसरी आयोजना तर्जुमा गर्दा संघीय संसदका सदस्यहरुको परामर्शकारी भूमिका रहनेछ।

(२) प्रदेशभित्र पर्ने र प्रदेशबाट कार्यान्वयन हुने प्रदेशस्तरीय आयोजनाको तर्जुमा प्रदेश सरकारले गर्नेछ र यसरी प्रदेशको आयोजना तर्जुमा गर्दा प्रदेश सभा सदस्यहरुको परामर्शकारी भूमिका रहनेछ।

(३) स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्नेछ।

(४) यस दफा बमोजिम प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा संघीय कानूनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम संघले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत् कार्यान्वयन हुने गरी गर्न सक्नेछ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नु पर्नेछ।

(६) विषयगत समितिले संघ, प्रदेश वा स्थानीय तहबाट तर्जुमा हुने आयोजनासँग सम्बन्धित निकायबीच आवश्यक समन्वयको व्यवस्था मिलाउनेछ।

१४. **सहयोग गर्नु पर्ने**: (१) प्रदेश र स्थानीय तहको अधिकार सूची तथा कार्य जिम्मेवारीमा पर्ने विषयमा कानून, नीति तथा योजना तर्जुमा गर्दा प्रदेश र स्थानीय तहबाट अनुरोध भई आएमा नेपाल सरकारले आवश्यक सहयोग गर्न सक्नेछ।

(२) स्थानीय तहको अधिकार सूची तथा कार्य जिम्मेवारीमा पर्ने विषयमा कानून, नीति तथा योजना तर्जुमा गर्दा स्थानीय तहको अनुरोध भई आएमा प्रदेश सरकारले आवश्यक सहयोग गर्न सक्नेछ।

(३) नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई कानून बनाउनको लागि नमूना कानूनको मस्यौदा बनाई उपलब्ध गराउन सक्नेछ।

(४) संघले बनाएका कानून, नीति तथा योजना कार्यान्वयन गर्दा प्रदेश सरकार र स्थानीय तहले आवश्यक सहयोग गर्नु पर्नेछ।

(५) प्रदेश र स्थानीय तहको अधिकार सूची तथा कार्य जिम्मेवारीमा पर्ने विषयमा प्रदेश र स्थानीय तहले बनाएको कानून, नीति तथा योजना कार्यान्वयन गर्दा नेपाल सरकारले आवश्यक सहयोग गर्नु पर्नेछ।

१५. **सहकार्य गर्न सक्नेः** (१) संघीय संसद, प्रदेश सभा तथा स्थानीय तहले व्यवस्थापन विधि तथा काम कारबाहीमा सामञ्जस्यता तथा एकरुपता कायम गर्नको लागि सहकार्य गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम सहकार्य गर्ने प्रयोजनको लागि संघीय संसद, प्रदेश सभा तथा स्थानीय तहले आवश्यकता अनुसार सूचना आदान-प्रदान, छलफल वा परामर्श गर्न सक्नेछन्।

## परिच्छेद-४

## परिषद् तथा समिति

१६. **राष्ट्रिय समन्वय परिषद्को गठनः** (१) यस ऐन बमोजिम संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय तथा अन्तरसम्बन्ध व्यवस्थित गर्न देहाय बमोजिमको राष्ट्रिय समन्वय परिषद् गठन हुनेछः-

(क) प्रधानमन्त्री - अध्यक्ष

(ख) नेपाल सरकारको अर्थ मन्त्री - सदस्य

(ग) नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्री - सदस्य

(घ) नेपाल सरकारको गृह मन्त्री - सदस्य

(ङ) नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री - सदस्य

(च) प्रदेश सरकारका मुख्य मन्त्रीहरु - सदस्य

(छ) प्रतिनिधि सभाको विपक्षी दलको नेता वा निजले तोकेको संघीय संसदको सदस्य - सदस्य

(ज) गाउँ कार्यपालिकाका अध्यक्ष वा उपाध्यक्ष, नगर कार्यपालिकाका प्रमुख वा उपप्रमुख र जिल्ला समन्वय समितिका प्रमुख वा उपप्रमुखको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्त बमोजिम प्रधानमन्त्रीले तोकेका कम्तीमा तीनजना महिला सहित प्रत्येक प्रदेशबाट एकजनाको दरले सातजना - सदस्य

(२) परिषद्को बैठकमा विषयगत मन्त्री तथा सम्बन्धित पदाधिकारी वा विशेषज्ञलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

(३) परिषद्को बैठक वर्षको कम्तीमा एक पटक बस्नेछ।

(४) परिषद्को बैठकको मिति, समय, स्थान र छलफलका विषयहरु परिषद्को अध्यक्षले तोके बमोजिम हुनेछ।

(५) परिषद्को बैठक बस्नको लागि अध्यक्ष सहित बहुमत सदस्यहरुको उपस्थिति हुनु पर्नेछ।

(६) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ।

(७) परिषद्को बैठक तथा निर्णय सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१७. **परिषद्को काम, कर्तव्य र अधिकारः** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) साझा अधिकारका विषयमा कानून तथा नीति तर्जुमाको लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्ने,

(ख) प्रदेश तथा स्थानीयस्तरमा कार्यान्वयन हुने राष्ट्रिय हित तथा स्वार्थसँग जोडिएको विषयमा समन्वय गर्ने,

(ग) राष्ट्रिय योजना, नीति तथा कानूनहरुको प्रदेश तथा स्थानीय तहमा कार्यान्वयनका सम्बन्धमा रहेका जटिलता समाधान गर्न समन्वय गर्ने,

(घ) अन्तरप्रदेश तथा स्थानीय तहलाई प्रभाव पर्ने कानून, नीति तथा रणनीतिको तर्जुमाको सम्बन्धमा समन्वय गर्ने,

(ङ) अन्तरप्रदेशस्तरमा सञ्चालित विकासका ठूला आयोजनाहरुको कार्यान्वयनको सम्बन्धमा समन्वय गर्ने,

(च) संघीयता कार्यान्वयनको सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहबाट बनेका नीति, कानून तथा योजनाको समिक्षा तथा विश्लेषण गर्ने, गराउने,

(छ) संघ, प्रदेश र स्थानीय तहबाट हुने सेवा प्रवाहको विषयमा सामञ्जस्यता कायम गर्न आवश्यक कार्य गर्ने,

(ज) कानून निर्माण तथा कार्यान्वयनको विषयमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई सुझाव दिने,

(झ) नेपाल सरकार, मन्त्रिपरिषद्, विषयगत समिति र प्रदेश समन्वय परिषद्बाट छलफलको लागि पठाएका विषयमा आवश्यकता अनुसार  छलफल तथा समन्वय गर्ने।

१८. <u>सचिवालय तथा जनशक्तिः</u> (१) परिषद्को सचिवालय नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ।

(२) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवले परिषद्को सचिवको रुपमा काम गर्नेछ।

(३) उपदफा (१) बमोजिमको सचिवालयलाई आवश्यक बजेट तथा जनशक्ति नेपाल सरकारले व्यवस्था गर्नेछ।

१९. **संघ, प्रदेश र स्थानीय कानूनको अध्ययन गर्ने**: (१) नेपाल सरकारले तोकेको निकायले संघ, प्रदेश वा स्थानीय तहले बनाएको कानून तथा सोको कार्यान्वयनको अवस्था सम्बन्धमा अध्ययन गर्नेछ।

(२) उपदफा (१) बमोजिम अध्ययन गर्दा त्यस्तो निकायले नेपाल सरकारको विषयगत मन्त्रालयसँग समन्वय गर्न तथा सम्बन्धित तहसँग छलफल गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको निकायले यस दफा बमोजिम गरेको अध्ययनको निष्कर्ष सहितको प्रतिवेदन प्रत्येक वर्ष असोज मसान्तभित्र परिषद् समक्ष पेश गर्नु पर्नेछ।

२०. **सिफारिस गर्न सक्ने**: (१) दफा १९ बमोजिम प्रतिवेदन पेश भएमा परिषद्ले सो सम्बन्धमा आवश्यक अध्ययन तथा छलफल गर्नेछ।

(२) उपदफा (१) बमोजिम अध्ययन तथा छलफल गर्दा परिषद्ले आवश्यकता अनुसार विशेष समिति गठन गर्न वा सम्बन्धित विज्ञको राय समेत लिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम अध्ययन तथा छलफल गर्दा संघ, प्रदेश वा स्थानीय तहले बनाएको कुनै कानून परिमार्जन गर्नु पर्ने देखिएमा परिषद्ले त्यस्तो कानून परिमार्जन गर्न सम्बन्धित तहलाई सिफारिस गर्न सक्नेछ।

२१. **विशेष समिति गठन गर्न सक्ने**: (१) परिषद्ले आफ्नो काम कारबाहीलाई व्यवस्थित गर्न आवश्यकता अनुसार विशेष समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने विशेष समितिको संरचना, काम, कर्तव्य र अधिकार परिषद्ले तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको विशेष समितिको बैठक तथा निर्णय सम्बन्धी व्यवस्था सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२२. **<u>विषयगत समितिः</u>** (१) संघ र प्रदेशका सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय तथा स्थानीय तहबीचमा समन्वय कायम गरी नीति तथा योजना कार्यान्वयन र विकास निर्माण लगायतका काममा प्रभावकारिता ल्याउन देहाय बमोजिमका विषयगत समिति रहनेछन्ः-

(क) नेपाल सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्री - अध्यक्ष

(ख) प्रदेश सरकारका सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्री - सदस्य

(ग) अध्यक्षले तोकेको स्थानीय तहको एकजना प्रमुख वा अध्यक्ष - सदस्य

(२) विषयगत समितिको बैठक कम्तीमा वर्षको एक पटक बस्नेछ।

(३) विषयगत समितिको बैठकको मिति, समय, स्थान तथा छलफलको सूची सो समितिको अध्यक्षले तोके बमोजिम हुनेछ।

(४) विषयगत समितिको बैठक बस्नको लागि सो समितिको अध्यक्ष सहित बहुमत सदस्यहरुको उपस्थिति हुनु पर्नेछ।

(५) विषयगत समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ।

(६) विषयगत समितिले आवश्यकता अनुसार विषय विज्ञ एवं सरोकारवाला निकायको प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) विषयगत समितिको सचिवालय नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा रहनेछ।

(८) अध्यक्षले तोकेको सम्बन्धित मन्त्रालयको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको कर्मचारीले विषयगत समितिको सचिवको रुपमा काम गर्नेछ।

(९) विषयगत समितिको बैठक तथा निर्णय सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२३. **विषयगत समितिको काम, कर्तव्य र अधिकारः** विषयगत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो विषयसँग सम्बन्धित क्षेत्रका योजना, नीति तथा कानूनको तर्जुमा गर्दा प्रदेश तथा स्थानीय तहसँग परामर्श गर्ने,

(ख) क्षेत्रगत योजना, नीति तथा कार्यक्रममा एकरुपता, निरन्तरता एवं गुणस्तरीयता कायम गर्न तथा कानून, योजना, नीति तथा रणनीतिहरुको कार्यान्वयनमा प्रभावकारिता ल्याउन आवश्यक समन्वय गर्ने,

(ग) आफ्नो विषयसँग सम्बन्धित क्षेत्रका राष्ट्रिय नीति तर्जुमाको लागि परिषद्लाई सुझाव दिने,

(घ) परिषद्को निर्णय एवं निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ङ) परिषद्ले तोकेका अन्य कार्य गर्ने।

२४. **प्रदेश समन्वय परिषद्को गठनः** (१) प्रदेश र स्थानीय तहबीच वा प्रदेशभित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तहबीचको समन्वय वा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न प्रत्येक प्रदेशस्तरमा देहाय बमोजिमको एक प्रदेश समन्वय परिषद् रहनेछः-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) प्रदेश सरकारको आर्थिक मामिला सम्बन्धी विषयको कार्यक्षेत्र रहेको मन्त्री - सदस्य

(ग) प्रदेश सरकारको आन्तरिक मामिला सम्बन्धी विषयको कार्यक्षेत्र रहेको मन्त्री - सदस्य

(घ) प्रदेश सरकारको प्रमुख सचिव - सदस्य

(ङ) प्रदेशभित्रका गाउँ कार्यपालिकाका अध्यक्ष वा उपाध्यक्ष, नगर कार्यपालिकाका प्रमुख वा उपप्रमुख र जिल्ला समन्वय समितिका प्रमुख वा उपप्रमुख मध्येबाट कम्तीमा एक तिहाई महिला सहित समावेशी सिद्धान्त बमोजिम प्रत्येक जिल्लाबाट एकजनाको दरले मुख्यमन्त्रीले तोकेका व्यक्ति - सदस्य

(च) प्रदेश मुख्यमन्त्रीको कार्यालयका सचिव - सचिव

(२) प्रदेश समन्वय परिषद्को सचिवालय सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ।

(३) प्रदेश समन्वय परिषद्को बैठक सम्बन्धी कार्यविधि सो परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२५. **प्रदेश समन्वय परिषद्को काम, कर्तव्य र अधिकार**ः (१) प्रदेश समन्वय परिषद्ले प्रदेशभित्र प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजना वा साझा अधिकारका विषयको कार्यान्वयनमा प्रदेश तथा स्थानीय तह र एकभन्दा बढी स्थानीय तहबीच समन्वय र अन्तरसम्बन्ध कायम गर्नेछ।

(२) प्रदेश समन्वय परिषद्ले समन्वय तथा अन्तरसम्बन्ध कायम गर्नु पर्ने कुनै विषयको लागि आवश्यकता अनुसार समिति गठन गर्न सक्नेछ।

(३) कुनै विषयमा परिषद्मा छलफल हुन उपयुक्त देखिएमा प्रदेश समन्वय परिषद्ले विषय खुलाई परिषद्मा अनुरोध गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा परिषद्ले आवश्यक छलफल गरी प्रदेश समन्वय परिषद्, सम्बन्धित प्रदेश वा स्थानीय तहलाई मार्गदर्शन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम परिषद्ले गरेको मार्गदर्शन सम्बन्धित प्रदेश समन्वय परिषद्, सम्बन्धित प्रदेश तथा स्थानीय तहले पालना गर्नु पर्नेछ।

२६. **जिल्ला समन्वय समितिले समन्वय गर्ने**: (१) जिल्ला समन्वय समितिले देहायका विषयमा समन्वय गर्नेछः-

(क) संघ वा प्रदेशले स्थानीय तहमा गर्ने विकास निर्माण सम्बन्धी कार्य,

(ख) जिल्लामा रहने संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय तथा स्थानीय तहबाट सम्पादन हुने कार्य,

(ग) प्रचलित कानून बमोजिम तोकिएका अन्य कार्य।

(२) यस ऐन बमोजिम परिषद् वा प्रदेश समन्वय परिषद्मा पेश भएको कुनै विषयमा कुनै जिल्लाभित्रका स्थानीय तहबीचको समन्वयको विषय समावेश भएको र सो विषयमा जिल्ला समन्वय समितिबाट समन्वय वा सहजीकरण गर्दा उपयुक्त हुने देखिएमा परिषद् वा प्रदेश समन्वय परिषद्ले त्यस्तो विषय सम्बन्धित जिल्ला समन्वय समितिमा लेखी पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा जिल्ला समन्वय समितिले परिषद् वा प्रदेश समन्वय परिषद्बाट लेखी आए बमोजिम गरी परिषद् वा सम्बन्धित प्रदेश समन्वय परिषद्लाई जानकारी दिनु पर्नेछ।

## परिच्छेद-५

## विवाद समाधान

२७. **<u>विवाद नआउने गरी कार्यसम्पादन गर्नु पर्ने</u>**: संघ, प्रदेश र स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्रभित्रको कार्यसम्पादन गर्दा विवाद नआउने गरी सम्पन्न गर्नु पर्नेछ।

२८. **<u>संघ, प्रदेश तथा अन्तरप्रदेशबीचको विवाद</u>**: (१) संघ र प्रदेशबीच तथा प्रदेश-प्रदेशबीच कुनै राजनीतिक विवाद उत्पन्न भएमा विवाद उत्पन्न भएको मितिले पन्ध्र दिनभित्र विवादको कुनै पक्षले त्यस्तो विवादको सम्बन्धमा अन्तरप्रदेश परिषद्को सचिवालयमा लिखित सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्राप्त भएमा अन्तरप्रदेश परिषद्को सचिवालयले सो परिषद्को अध्यक्षलाई यथाशीघ्र जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जानकारी भएपछि परिषद्को अध्यक्षले परिषद्को बैठक बोलाई सो सम्बन्धमा छलफल गराउनेछ। त्यसरी छलफल गर्दा विवाद समाधानको बारेमा निर्णय गर्नुपूर्व त्यस्तो विवाद राजनीतिक भए नभएको बारेमा निर्णय गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्य गर्नको लागि अन्तरप्रदेश परिषद्ले उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको उपसमिति वा कार्यदलको संरचना, कार्यादेश, कार्यावधि र कार्यविधि त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाको बखत अन्तरप्रदेश परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

(६) यस दफा बमोजिम अन्तरप्रदेश परिषद्ले वार्ता, छलफल, परामर्श र मेलमिलापको माध्यमबाट विवादको समाधान गर्नेछ।

(७) उपदफा (६) बमोजिम वार्ता, छलफल, परामर्श र मेलमिलापबाट विवाद समाधान नभएमा त्यस्तो विवाद समाधान गर्न अन्तरप्रदेश परिषद्ले आवश्यक निर्णय गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम भएको निर्णय सम्बन्धित पक्षले कार्यान्वयन गर्नु, गराउनु पर्नेछ।

(९) अन्तरप्रदेश परिषद्‌ले उपदफा (१) बमोजिम विवादको सूचना प्राप्त भएको मितिले तीन महिनाभित्र विवाद समाधान गरिसक्नु पर्नेछ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संघीय संसद वा प्रदेश सभामा विचाराधीन विषयसँग सम्बन्धित विवादमा उपदफा (७) बमोजिम अन्तरप्रदेश परिषद्‌ले कुनै निर्णय गर्ने छैन।

२९. **संवैधानिक इजलासको अधिकार क्षेत्रमा प्रतिकूल असर नपर्ने**ः (१) यस परिच्छेदमा लेखिएको कुनै कुराले संविधानको धारा १३७ बमोजिमको सर्वोच्च अदालतको संवैधानिक इजलासको अधिकार क्षेत्रमा प्रतिकूल असर परेको मानिने छैन।

(२) संवैधानिक ईजलासले संघ, प्रदेश तथा स्थानीय तह बीचको विवाद समाधान गर्दा कुनै विवादको प्रकृतिबाट त्यस्तो विवादको कुनै विषय आपसी वार्ता, परामर्श र मेलमिलापबाट समाधान गर्नु उपयुक्त देखिएमा सोको लागि आवश्यकता अनुसार सम्बन्धित पक्षलाई उचित मौका दिन र प्रोत्साहन गर्न सक्नेछ।

३०. **अन्तरप्रदेश परिषद्‌को सचिवालय**ः (१) अन्तरप्रदेश परिषद्‌को सचिवालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा रहनेछ।

(२) अन्तरप्रदेश परिषद्‌को सचिवको रुपमा नेपाल सरकारको मुख्य सचिवले कार्य गर्नेछ।

## परिच्छेद-६

## विविध

३१. **संघीय एकाइबीच परामर्श तथा सम्पर्क**ः (१) यस ऐन बमोजिम समन्वय वा अन्तरसम्बन्ध कायम गर्नु पर्ने विषयमा प्रदेश वा स्थानीय तहले

संघसँग परामर्श गर्दा नेपाल सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय मार्फत् गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परामर्श गरिएको विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले आवश्यक अध्ययन गरी सो विषयको निरुपण गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको सम्बन्धित मन्त्रालयले देहायका विषय विषयगत समितिमा पेश गर्नु पर्नेछः-

(क) साझा अधिकारसँग सम्बन्धित विषयको कार्यान्वयन,

(ख) अन्य प्रदेश वा स्थानीय तहबीच एकरुपता कायम गर्नु पर्ने कुनै नीतिगत विषय,

(ग) सम्बन्धित मन्त्रालयबाट समाधान हुन नसक्ने अन्य कुनै विषय।

(४) उपदफा (३) बमोजिम पेश भएका विषयमध्ये विषयगत समिति आफैंले निरुपण गर्न सक्ने विषय निरुपण गरी देहायका विषय भएमा परिषद् समक्ष पेश गर्नु पर्नेछः-

(क) अन्य प्रदेशमा समेत समन्वय तथा एकरुपता कायम गरी कार्यान्वयन गर्नु पर्ने कुनै नीतिगत विषय,

(ख) विषयगत समितिबाट निरुपण हुन नसकेका राष्ट्रिय महत्वका अन्य विषय।

(५) उपदफा (२) वा (४) बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालय वा विषयगत समितिले निरुपण गरी पठाएको विषयको जानकारी परिषद्को सचिवालयमा पठाउनु पर्नेछ।

(६) यस ऐन बमोजिम नेपाल सरकारले प्रदेश वा स्थानीय तहसँग समन्वय वा अन्तरसम्बन्ध कायम गर्नु पर्ने विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले प्रदेश सरकारको सम्बन्धित मन्त्रालय

वा सम्बन्धित स्थानीय तहसँग सम्पर्क गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

३२. **<u>प्रतिवेदन पेश गर्नु पर्ने</u>**: यस ऐन बमोजिम आफूले सम्पादन गरेका काम कारबाहीका सम्बन्धमा प्रदेश समन्वय परिषद् र विषयगत समितिले परिषद्मा र परिषद्ले संघीय संसदमा वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ।

३३. **<u>प्रचलित कानून बमोजिम हुने</u>**: यस ऐनमा लेखिए जति विषयमा यस ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

३४. **<u>नियम बनाउने अधिकार</u>**: यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

३५. **<u>खारेजी र बचाउ</u>**: (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ खारेज गरिएको छ।

(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

## कर्णाली प्रदेशस्थित स्थानीय तहका जनप्रतिनिधिहरूको नामावली तथा सम्पर्क नम्बर

| क्र.सं. | जिल्ला | स्थानीय तहको नाम | प्रमुख / अध्यक्षको नाम | सम्पर्क नं. | उपप्रमुख / उपाध्यक्ष | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | रुकुम (पश्चिम भाग) | आठबिसकोट नगरपालिका | रवि के.सी. | ९८५११२०८०५ | धन कुमारी शाही | ९८४३६०२६८७ |
| २ | | चौरजहारी नगरपालिका | पुष्प वादी | ९८६६२०८५०९ | ईश्वरी शर्मा वि.एम | ९८४९३९६९८६ |
| ३ | | मुसिकोट नगरपालिका | महेन्द्र के.सी. | ९८४७८५२०२५ | बिमल कुमार पुन मगर | ९८५१२२९०९४ |
| ४ | | बाँफिकोट गाउँपालिका | जनककुमार वाठामगर | ९८४४९४११८१ | तारा बुढा केसी | ९८१९५५७८३० |
| ५ | | त्रिवेणी गाउँपालिका | गणेश कुमार के.सी. | ९८२९८७८३६० | राज कुमारी रेउले | ९८६३४५६७५५ |
| ६ | | सानीभरी गाउँपालिका | विर्ख बहादुर विष्ट | ९८४४९७५६५० | कमला रोका पुन | ९८४७८८७७३५ |
| ७ | सुर्खेत | वीरेन्द्रनगर नगरपालिका | मोहन माया भण्डारी (ढकाल) | ९८५८०५५८७० | निलकण्ठ खनाल | ९८४८०२९१०५ |
| ८ | | भेरीगंगा नगरपालिका | यज्ञ प्रसाद ढकाल | ९८५८०६४११० | धनसरा बोहोरा | ९८५८०६४११२ |
| ९ | | गुर्भाकोट नगरपालिका | हस्त पुन | ९८४८१४०६६७ | मैना विक | ९८४८१३९१३९ |
| १० | | पञ्चपुरी नगरपालिका | लालविर भण्डारी | ९८५८०८५१९९ | मुक्तिदेवी रेग्मी (पुरी) | ९८५८०५८१८१ |
| ११ | | लेकबेसी नगरपालिका | उमेश कुमार पौडेल | ९८५८०५४८४४ | विमला खड्लुक | ९८२५५७७५७३ |
| १२ | | चौकुने गाउँपालिका | खडक विक | ९८५८०५४२८५ | नर बहादुर वान्तोला | ९८४८१२२२८३ |
| १३ | | बराहताल गाउँपालिका | भिम बहादुर भण्डारी | ९८५८०५५१९१ | लक्ष्मी पुन मगर | ९८६८११९९०७ |
| १४ | | चिङ्गाड गाँउपालिका | बोध विक्रम जि.सी | ९८५८०५१९८८ | मिना कुमारी रोकाया | ९८६००९५२४६ |
| १५ | | सिम्ता गाँउपालिका | ऐन बहादुर चन्द | ९८४८०२९५५८ | गोमा शर्मा (रेग्मी) | ९८६८१०२६४३ |
| १६ | मुगु | छायाँनाथ रारा नगरपालिका | बिष्णु कुमार भाम | ९८६८३७७६७० | ऐश्वर्य मल्ल | ९८६९५१४४५५ |
| १७ | | मुगुमकार्मारोंग गाँउपालिका | छिरिङ क्यान्पे लामा | ९८५१०१९१६० | छिरिङ पुटीक लामा | ९८४९८९३०८० |
| १८ | | सोरु गाउँपालिका | धर्म बहादुर शाही | ९८५१३५२६८४ | केशर बहादुर शाही | ९८४१७००६०३ |
| १९ | | खत्याड गाउँपालिका | अज बहादुर शाही | ९८५११९१६२३ | सरिता रोकाया | ९८६८३९५७५५ |

| क्र.सं. | जिल्ला | स्थानीय तहको नाम | प्रमुख / अध्यक्षको नाम | सम्पर्क नं. | उपप्रमुख / उपाध्यक्ष | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| २० | दैलेख | नारायण नगरपालिका | लोमन शर्मा | ९८५८०७७२२२ | तप्सा कुमारी थापा | ९८५८०६७२२३ |
| २१ | | दुल्लु नगरपालिका | भरत प्रसाद रिजाल | ९८५१२२५९२१ | बिना कार्की | ९८६८०३३५९३ |
| २२ | | चामुण्डा बिन्द्रासैनी नगरपालिका | गणेश कुमार शाही | ९८५८०५०६२३ | मनसरा कुमारी शर्मा | ९८६८०७४५५७ |
| २३ | | आठबीस नगरपालिका | तर्क बहादुर बडुवाल | ९८५८०५४०५८ | कल्पना कुमारी थापा चन्द | ९८४८०९७२५९ |
| २४ | | भगवतीमाई गाउँपालिका | गणेश बहादुर थापा | ९८६८१४५४९५ | मिना कुमारी खड्का | ९८६८१०३३३६ |
| २५ | | गुराँस गाउँपालिका | टोप बहादुर बिसी | ९८५८०७७२१२ | शिवा कुमारी खड्का | ९७४९२८७६४१ |
| २६ | | डुङ्गेश्वर गाउँपालिका | सुन्दर कुमार केसी | ९८४८०६८४७७ | कलावती न्यौपाने | ९८४८२८०४४९ |
| २७ | | नौमुले गाउँपालिका | छविराम सुबेदी | ९८४८२०८९१६ | गंग बहादुर शाही | ९८५८०६९०४१ |
| २८ | | महाबु गाउँपालिका | जंग बहादुर शाही | ९८५८०७४६०१ | मञ्जु कुमारी शर्मा पाण्डे | ९८४८०६२९०३ |
| २९ | | भैरवी गाउँपालिका | रीता कुमारी शाही | ९८६६९८४०४६ | देवी भण्डारी | ९८४८०७६२१२ |
| ३० | | ठाँटीकाँध गाउँपालिका | रक्षा बहादुर शाह | ९८५८०८७९१८ | देविराम बडुवाल | ९८४४८१३०४४ |
| ३१ | डोल्पा | डोल्पो बुद्ध गाँउपालिका | कार्मा छोइवेल गुरुङ | ९८५८३९०६५१ | पेम्मा धोर्चे गूरुङ | ९८६४९५९९८७ |
| ३२ | | शे फोक्सुन्डो गाँउपालिका | धावा सम्डुक गुरुङ | ९८५१०६११६६ | पेम्मा वाङछेन गुरुङ | ९८५८३९०११७ |
| ३३ | | जगदुल्ला गाँउपालिका | नारासिं रोकाय | ९८५८३९०६५१ | अमृता लामा | ९८६४९५९९८७ |
| ३४ | | मुड्केचुला गाँउपालिका | दत्त बहादुर शाही | ९८५८३९०१०१ | दुदा रोकाया | ९८४५६६५८७३ |
| ३५ | | त्रिपुरासुन्दरी नगरपालिका | जन चन्द्र रोकाया | ९८५१०२९२४० | देवी घर्ती | ९८४९३२७१९६ |
| ३६ | | ठुली भेरी नगरपालिका | श्वबर्ण कुमार बुढा | ९८५८३९००७३ | छिरिङ टोल्मा महत | ९८६२७५४७५८ |
| ३७ | | काईके गाँउपालिका | अंगद कुमार राना | ९८४९३६४०७७ | निमा वुढा | ९८४८३८७९९६ |
| ३८ | | छार्काताङसोङ गाँउपालिका | सेनांग गुरुंग | ९८५८०२८४७७ | कर्मा ढुंदुप गुरुंग | ९८६४३४१०९४ |

| क्र.सं. | जिल्ला | स्थानीय तहको नाम | प्रमुख / अध्यक्षको नाम | सम्पर्क नं. | उपप्रमुख / उपाध्यक्ष | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| ३९ | जाजरकोट | बारेकोट गाँउपालिका | बीर बहादुर गिरी | ९८५८०६४००४ | नर बहादुर गिरी | ९८५११२६४२९ |
| ४० | | कुसे गाँउपालिका | हरीचन्द्र बस्नेत | ९८५८०३७७५५ | देविका कुमारी सिंह | ९८५८०४७४६६ |
| ४१ | | जुनीचाँदे गाँउपालिका | वेद बहादुर शाही | ९८६८०८३८४६ | बिरेन्द्र बहादुर शाही | ९८६८०१३८४६ |
| ४२ | | छेडागाड नगरपालिका | रत्न बहादुर खड्का | ९८५८०२१७२५ | चन्द्र बहादुर थापा | ९८६८१८६५८३ |
| ४३ | | शिवालय गाँउपालिका | शेर बहादुर शाही | ९८५१३२३१२१ | गिता शाही | ९८४३०५८००५ |
| ४४ | | भेरी नगरपालिका | श्री चन्द्र प्रकाश घर्ती | ९८५८०७७४७७ | सीता जैसी | ९८६८०१९५६७ |
| ४५ | | नलगाड नगरपालिका | डम्बर बहादुर रावत | ९७४२२३६३३५ | देवका लामिछाने | ९७६६९२७०२१ |
| ४६ | कालीकोट | खाडाँचक्र नगरपालिका | कमलबहादुर शाही | ९८६७९५६२३२ | गणेशवहादुर शाही | ९८४८३०२५२७ |
| ४७ | | रास्कोट नगरपालिका | धर्मराज शाही | ९८५८३२०११५ | मिनराज बराल | ९८५८३२००२५ |
| ४८ | | तिलागुफा नगरपालिका | शंकरप्रसाद उपाध्याय | ९८४०००००५ | महेन्द्र बहादुर शाही | ९८४८३०१०९७ |
| ४९ | | पचालझरना गाँउपालिका | देवराज शाही (क.अग्री) | ९८४८१९७२३३ | अल्किना बम(क.बविता) | ९८६३१२३२८४ |
| ५० | | सान्नीत्रिवेणी गाँउपालिका | मोहन बहादुर के.सी | ९८६१९३२९६० | पार्वती शिंह( संज्याल) | ९८४८३०५०३४ |
| ५१ | | नरहरीनाथ गाँउपालिका | नगेन्द्र बहादुर बिष्ट | ९८५८०३२०६१ | कमल कुमार शाह | ९८५८०३४०६१ |
| ५२ | | सुभकालिका गाँउपालिका | गोविन्द प्रसाद आचार्य | ९८६८२२८८१७ | धर्मकला शाही | ९८४८३०१०७९ |
| ५३ | | महावै गाँउपालिका | खेम बहादुर सिंह | ९८५८३२००१२ | दान सिंह सेजुवाल | ९८६४५४६३०३ |
| ५४ | | पलाता गाँउपालिका | विष्णु बहादुर रोकाया | ९८५८३२२३४४ | अलैपुरा जैशी | ९८४७९४९५५८ |
| ५५ | सल्यान | शारदा नगरपालिका | प्रकाश भण्डारी | ९८५११३०५८२ | सुस्मिता सापकोटा सुनार | ९८६४९५६७८४ |
| ५६ | | बागचौर नगरपालिका | जनकराज गौतम | ९८५१०९२४४५ | सुस्रिमा डि.सी.(वली) | ९८६०५६६८९९ |
| ५७ | | वनगाँड कुपिण्डे नगरपालिका | कर्ण बहादुर बुढाथोकी | ९८५७८२२२७० | पुरुषोत्तम आचार्य | ९७४८५४०२२९ |
| ५८ | | कालिमाटी गाँउपालिका | दान बहादुर के. सी. | ९८५७८४४३०३ | सनसिल्ता वली डि सी | ९८६७८४४३०२ |
| ५९ | | त्रिवेणी गाँउपालिका | खिम बहादुर रावत | ९८५७८४४६०३ | सीता खड्का पुन | ९८५७८४४६०४ |

| क्र.सं. | जिल्ला | स्थानीय तहको नाम | प्रमुख / अध्यक्षको नाम | सम्पर्क नं. | उपप्रमुख / उपाध्यक्ष | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| ६० | | कपुरकोट गाँउपालिका | दुर्गा बहादुर पुन | ९८५७८२२१७१ | प्रकाश भरारी | ९८६८६३६५०१ |
| ६१ | | छत्रेश्वरी गाँउपालिका | ओज बहादुर बुढाथोकी | ९८५७८२१४९६ | बुद्धि कुमारी खत्री | ९८५७८४४४०२ |
| ६२ | | सिद्धकुमाख गाँउपालिका | भरत गिरी | ९८५७८२०२११ | राम बहादुर बस्नेत | ९८४८३४६०३६ |
| ६३ | | कुमाख गाँउपालिका | मान बहादुर बुढाथोकी | ९८५८०२१७२७ | लाल बहादुर रावत | ९८४७८९२६३३ |
| ६४ | | दार्मा गाँउपालिका | निम बहादुर के.सी. | ९८५७८२२५९९ | जुना मल्ल चन्द | ९८१९५८४१३६ |
| ६५ | हुम्ला | सिमकोट गाँउपालिका | विजय भण्डारी | ९८५८३२०७९६ | सुशीला रोकाया | ९८५८३९१५५३ |
| ६६ | | नाम्खा गाँउपालिका | प्रेम बहादुर लामा | ९८८४८०२७५९८ | तक्दिर लामा | ९८५८३२२१६९ |
| ६७ | | खार्पुनाथ गाँउपालिका | कर्ण बहादुर रावल | ९८५८०२१७६१ | ज्ञान बहादुर सिंह | ९८४८३३९९२८ |
| ६८ | | सर्केगाड गाँउपालिका | ठान बहादुर रोकाया | ९८५८०२५१८८ | देवकी तिमल्सिना | ९८४९५१५१८४ |
| ६९ | | चंखेली गाँउपालिका | प्यारीलाल शाही | ९८५१०७१६१५ | प्रेमकला शाही | ९८४८०३१७३२ |
| ७० | | अदानचुली गाँउपालिका | मोहन विक्रम सिंह | ९८५१०७९४२० | कर्ण रोकाया | ९८४८१५७२१८ |
| ७१ | | ताजाकोट गाँउपालिका | लालकेश जैसी | ९८५१२०६०९३ | सुरेन्द्र थापा | ९८४८०८८२६० |
| ७२ | जुम्ला | चन्दननाथ नगरपालिका | राजु सिहं कठायत | ९८५८०२०५५७ | राम देवि खड्का | ९८५८०३५२३३ |
| ७३ | | कनकासुन्दरी गाँउपालिका | दामोदर प्रसाद आचार्य | ९८४८०८३४१६ | प्रेमकली बुढा | ९७४८३४८७०१ |
| ७४ | | सिंजा गाउँपालिका | पुर्ण प्र धिताल | ९८५८३२०५७० | सितलि रोकाया | ९८६७०६२३३४ |
| ७५ | | हिमा गाउँपालिका | लक्ष्मण व शाही | ९८४८३०१७७३ | सुपना शाही | ९७६५५०३२५१ |
| ७६ | | तिला गाउँपालिका | मोतीलाल रोकाया | ९८६९९८०५९९ | गोरीकला बुढा | ९८४८२४१५३६ |
| ७७ | | गुठिचौर गाउँपालिका | शान्ति कुमारी मल्ल भण्डारी | ९८४८०३२३४३ | टेक बहादुर बुढा थापा | ९८४८३००१८३ |
| ७८ | | तातोपानी गाउँपालिका | नन्द प्रसाद चौलागाई | ९८६८३५६५३८ | रेवती रावल | ९८६०९०६८६१ |
| ७९ | | पातारासी गाउँपालिका | पुर्ण सिहं बोहरा | ९८४९३३८१३८ | जनमाया रोकाया | ९७६८९४६६११ |

# कर्णाली प्रदेश सरकारसँग सम्बन्धित वेबसाइटहरू

| सि.नं. | कार्यालयको नाम | जिल्ला | वेबसाइट | इमेल |
|---|---|---|---|---|
| १ | प्रदेश प्रमुखको कार्यालय | सुर्खेत | oph.karnali.gov.np | krnlprovince@gmail.com |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सुर्खेत | ocmcm.karnali.gov.np | ocmcmkarnali@gmail.com |
| ३ | हाम्रा कुरा हाम्रा मुख्यमन्त्री | सुर्खेत | hellocm.karnali.gov.np | hamrakura@karnali.gov.np |
| ४ | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान | सुर्खेत | kpta.karnali.gov.np | kpta.karnali@gmail.com |
| ५ | कर्णाली प्रदेश सभा सचिवालय | सुर्खेत | assembly.karnali.gov.np | karnalipradesh@gmail.com |
| ६ | जलस्रोत तथा उर्जा विकास मन्त्रालय | सुर्खेत | mowred.karnali.gov.np | mwredskt@gmail.com |
| ७ | खानेपानी सिचाई तथा उर्जा विकास निर्देशनालय | सुर्खेत | wied.karnali.gov.np | wsiedo.surkhet@gmail.com |
| ८ | खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय | दैलेख | wieodailekh.karnali.gov.np | wridd.dailekh@gmail.com |
| ९ | खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय | सल्यान | wieosalyan.karnali.gov.np | mwidsdno.2@gmail.com |
| १० | खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय | रूकुम (पश्चिम भाग) | wieorukumw.karnali.gov.np | iddrukum@gmail.com |
| ११ | खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय | जुम्ला | wieojumla.karnali.gov.np | mwiddno5jumla@gmail.com |
| १२ | खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय | कालीकोट | wieokalikot.karnali.gov.np | winedokalikot@gmail.com |
| १३ | खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय | जाजरकोट | wieojajarkot.karnali.gov.np | wiedojajarkot@gmail.com |
| १४ | खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय | हुम्ला | wieohumla.karnali.gov.np | idsdhumla@gmail.com |
| १५ | खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय | मुगु | wieomugu.karnali.gov.np | wiedo.mugu@gmail.com |
| १६ | खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय | डोल्पा | wieodolpa.karnali.gov.np | wsiedodolpa@gmail.com |
| १७ | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | सुर्खेत | mopiud.karnali.gov.np | mopidskt@gmail.com |

| सि.नं. | कार्यालयको नाम | जिल्ला | वेबसाइट | इमेल |
|---|---|---|---|---|
| १८ | पूर्वाधार विकास निर्देशनालय | सुर्खेत | idd.karnali.gov.np | iddsurkhet@gmail.com |
| १९ | पूर्वाधार विकास कार्यालय | दैलेख | idodailekh.karnali.gov.np | idodailekh@gmail.com |
| २० | पूर्वाधार विकास कार्यालय | जाजरकोट | idojajarkot.karnali.gov.np | idojajarkot@gmail.com |
| २१ | पूर्वाधार विकास कार्यालय | सल्यान | idosalyan.karnali.gov.np | idosalyan@gmail.com |
| २२ | पूर्वाधार विकास कार्यालय | रूकुम (पश्चिम भाग) | idorukum.karnali.gov.np | idorukumwest@gmail.com |
| २३ | पूर्वाधार विकास कार्यालय | कालीकोट | idokalikot.karnali.gov.np | idokalikot76@gmail.com |
| २४ | पूर्वाधार विकास कार्यालय | जुम्ला | idojumla.karnali.gov.np | idojumla@gmail.com |
| २५ | पूर्वाधार विकास कार्यालय | हुम्ला | idohumla.karnali.gov.np | idohumla@gmail.com |
| २६ | पूर्वाधार विकास कार्यालय | डोल्पा | idodolpa.karnali.gov.np | idodolpa@gmail.com |
| २७ | पूर्वाधार विकास कार्यालय | मुगु | idomugu.karnali.gov.np | idomugu@gmail.com |
| २८ | यातायात व्यवस्था कार्यालय | सुर्खेत | surkhettmo.dotm.gov.np | tmo.surkhet@gmail.com |
| २९ | यातायात व्यवस्था सेवा कार्यालय | रूकुम (पश्चिम भाग) | tmorukum.karnali.gov.np | tmo.wrukum@gmail.com |
| ३० | यातायात व्यवस्था सेवा कार्यालय | जुम्ला | tmojumla.karnali.gov.np | tmojumla@gmail.com |
| ३१ | सडक कार्यालय | रूकुम (पश्चिम भाग) | roadrukum.karnali.gov.np | roadofficecjri@gmail.com |
| ३२ | सडक कार्यालय | जुम्ला | roadjumla.karnali.gov.np | roadofficejum2076@gmail.com |
| ३३ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना आयोजना कार्यान्वयन इकाइ | सुर्खेत | rcip.karnali.gov.np | rcip.karnaliprovince@gov.com |
| ३४ | प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना प्रादेशिक आयोजना व्यवस्थापन इकाई | सुर्खेत | plrip.karnali.gov.np | ppmukarnali@gmail.com |

| सि.नं. | कार्यालयको नाम | जिल्ला | वेबसाइट | इमेल |
|---|---|---|---|---|
| ३५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सुर्खेत | moeap.karnali.gov.np | moeap6@gmail.com |
| ३६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | सुर्खेत | cag.karnali.gov.np | ochiefattorney@gmail.com |
| ३७ | कर्णाली प्रदेश योजना आयोग | सुर्खेत | kppc.karnali.gov.np | ppckarnali@gmail.com |
| ३८ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | सुर्खेत | molmac.karnali.gov.np | molmacp6@gmail.com |
| ३९ | पशुपन्छी विकास निर्देशनालय | सुर्खेत | dold.karnali.gov.np | dlfdssurkhet@gmail.com |
| ४० | भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय | सुर्खेत | sahakari.karnali.gov.np | sahakarikarnali@gmail.com |
| ४१ | प्रदेश लोक सेवा आयोग | सुर्खेत | ppsc.karnali.gov.np | ppsckarnali@gmail.com |
| ४२ | प्रदेश लेखा नियन्त्रक कार्यालय | सुर्खेत | pfco.karnali.gov.np | pfcokarnali123@gmail.com |
| ४३ | सामाजिक विकास मन्त्रालय | सुर्खेत | mosd.karnali.gov.np | mosdsurkhet@gmail.com |
| ४४ | प्रदेश अस्पताल | सुर्खेत | provincehospital.karnali.gov.np | provincehospitalskt@gmail.com |
| ४५ | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | सुर्खेत | provincehospital.karnali.gov.np | phlmcsurkhet@gmail.com |
| ४६ | स्वास्थ्य सेवा निर्देशनालय | सुर्खेत | hsd.karnali.gov.np | hdsurkhet@gmail.com |
| ४७ | शिक्षा विकास निर्देशनालय | सुर्खेत | edd.karnali.gov.np | redsurkhet@gmail.com |
| ४८ | मानव संसाधन विकास केन्द्र | सुर्खेत | hrdc.karnali.gov.np | etcsurkhet@gmail.com |
| ४९ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | सुर्खेत | pphl.karnali.gov.np | pphlskt@gmail.com<br>pphlkarnali@gmail.com |
| ५० | मेहलकुना अस्पताल | सुर्खेत | mehalkunahospital.karnali.gov.np | mehalkunahospital@gmail.com |
| ५१ | प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र | सुर्खेत | pah.karnali.gov.np | ayurvedaprovince19@gmail.com |
| ५२ | जनस्वास्थ्य सेवा कार्यालय | सुर्खेत | phsosurkhet.karnali.gov.np | hosurkhet75@gmail.com |
| ५३ | जनस्वास्थ्य सेवा कार्यालय | जुम्ला | phsojumla.karnali.gov.np | hojumla2075@gmail.com |

| सि.नं. | कार्यालयको नाम | जिल्ला | वेबसाइट | इमेल |
|---|---|---|---|---|
| ५४ | स्वास्थ्य सेवा कार्यालय | दैलेख | hsodailekh.gov.np | hsodailekh@gmail.com |
| ५५ | स्वास्थ्य सेवा कार्यालय | जाजरकोट | hsojajarkot.karnali.gov.np | hsojajarkot@gmail.com |
| ५६ | स्वास्थ्य सेवा कार्यालय | सल्यान | hsosalyan.gov.np | hosalyan2075@gmail.com |
| ५७ | स्वास्थ्य सेवा कार्यालय | रूकुम (पश्चिम भाग) | hsorukumwest.karnali.gov.np | dhorukum@gmail.com, healthofficerukumwest@gmail.com |
| ५८ | स्वास्थ्य सेवा कार्यालय | कालीकोट | hsokalikot.karnali.gov.np | hokalikot@gmail.com |
| ५९ | सामाजिक विकास कार्यालय | सल्यान | sdosalyan.gov.np | sdosalyan@gmail.com |
| ६० | सामाजिक विकास कार्यालय | दैलेख | sdodailekh.karnali.gov.np | sdodailekh@gmail.com |
| ६१ | सामाजिक विकास कार्यालय | जाजरकोट | sdojajarkot.karnali.gov.np | sdojajarkot@gmail.com |
| ६२ | सामाजिक विकास कार्यालय | डोल्पा | sdodolpa.karnali.gov.np | sdodolpa@gmail.com |
| ६३ | प्रदेश सङग्रहालय तथा अभिलेखालय | सुर्खेत | pms.karnali.gov.np | provincemuseumsurkhet@gmail.com |
| ६४ | कर्णाली प्रदेश खेलकूद विकास परिषद् | सुर्खेत | sports.karnali.gov.np | karnalisportscouncil@gmail.com |
| ६५ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सुर्खेत | moitfe.karnali.gov.np | moitfe@karnali.gov.np |
| ६६ | प्रदेश वन निर्देशनालय | सुर्खेत | pfd.karnali.gov.np | pfdkarnali@gmail.com |
| ६७ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | सुर्खेत | karnalifrtc.gov.np | kfrtc.skt@gmail.com |
| ६८ | उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | सुर्खेत | karnali.dicp.gov.np | info.karnali@dicp.gov.np |
| ६९ | डिभिजन वन कार्यालय | सुर्खेत | dfosurkhet.gov.np | surkhetdfo@gmail.com |
| ७० | डिभिजन वन कार्यालय भेरी | सुर्खेत | dfobheri.karnali.gov.np | bheridfo@gmail.com |
| ७१ | डिभिजन वन कार्यालय | दैलेख | dfodailekh.gov.np | dfodailekh.2077@gmail.com |
| ७२ | डिभिजन वन कार्यालय | कालीकोट | dfokalikot.karnali.gov.np | dfokalikot@gmail.com |

| सि.नं. | कार्यालयको नाम | जिल्ला | वेबसाइट | इमेल |
|---|---|---|---|---|
| ७३ | डिभिजन वन कार्यालय | जुम्ला | dfojumla.karnali.gov.np | dfojumla@gmail.com |
| ७४ | डिभिजन वन कार्यालय | मुगु | dfomugu.karnali.gov.np | dfomugu75@gmail.com |
| ७५ | डिभिजन वन कार्यालय | हुम्ला | dfohumla.karnali.gov.np | dfohumla12@gmail.com |
| ७६ | डिभिजन वन कार्यालय | जाजरकोट | dfojajarkot.gov.np | dfojajarkot2019@gmail.com |
| ७७ | डिभिजन वन कार्यालय | सल्यान | dfosalyan.karnali.gov.np | dfosal72@gmail.com |
| ७८ | डिभिजन वन कार्यालय | रूकुम (पश्चिम भाग) | dforukumwest.karnali.gov.np | dforukum@gmail.com |
| ७९ | डिभिजन वन कार्यालय | डोल्पा | dfodolpa.karnali.gov.np | dfodolpa@gmail.com |
| ८० | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय | दैलेख | dailekh.oicp.gov.np | csidbdailekh1@gmail.com |
| ८१ | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय | कालीकोट | kalikot.oicp.gov.np | csidbkkt@gmail.com |
| ८२ | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय | जुम्ला | jumla.oicp.gov.np | jumlaudyog5@gmail.com |
| ८३ | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय | मुगु | mugu.oicp.gov.np | csidbmugu@gmail.com |
| ८४ | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय | हुम्ला | humla.oicp.gov.np | csidb.humla@gmail.com |
| ८५ | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय | जाजरकोट | jajarkot.oicp.gov.np | csidbjkt1@gmail.com |
| ८६ | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय | सल्यान | salyan.oicp.gov.np | udyogsalyan@gmail.com |
| ८७ | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय | रूकुम (पश्चिम भाग) | rukumpaschim.oicp.gov.np | gharelu.rukum@gmail.com |
| ८८ | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय | डोल्पा | dolpa.oicp.gov.np | csidbdolpa@gmail.com |
| ८९ | भू तथा जलाधार व्यवस्थापन कार्यालय | सुर्खेत | swmosurkhet.gov.np | swmosurkhet@gmail.com |
| ९० | भू तथा जलाधार व्यवस्थापन कार्यालय | जुम्ला | swmojumla.karnali.gov.np | jumlaswmo@gmail.com |

कर्णाली प्रदेश समन्वय परिषद्का हालसम्मका बैठकका क्रममा लिइएका तस्वीरहरू :



प्रदेश समन्वय परिषद्को एघारौं बैठक




प्रदेश समन्वय परिषद्को दशौं बैठक




प्रदेश समन्वय परिषद्को नवौं बैठक




प्रदेश समन्वय परिषद्को नवौं बैठक



प्रदेश समन्वय परिषद्को आठौं बैठक




प्रदेश समन्वय परिषद्को सातौं बैठक




प्रदेश समन्वय परिषद्को सातौं बैठक



प्रदेश समन्वय परिषद्को छैटौं बैठक



प्रदेश समन्वय परिषद्को छैटौं बैठक



प्रदेश समन्वय परिषद्को छैटौँ बैठक



प्रदेश समन्वय परिषद्को छैटौँ बैठक



प्रदेश समन्वय परिषद्को पाँचौ बैठक




प्रदेश समन्वय परिषद्को दोस्रो बैठक




प्रदेश समन्वय परिषद्को प्रथम बैठक




प्रदेश समन्वय परिषद्को बृहत समन्वय बैठक




प्रदेश समन्वय परिषद्को बृहत समन्वय बैठक




प्रदेश समन्वय परिषद्को बृहत समन्वय बैठक

# हाम्रा कुरा मुख्यमन्त्री
## हटलाईन सेवा १०९६
यो नम्बरमा फोन गर्दा कुनै शुल्क लाग्दैन

कर्णाली प्रदेशको विकास, समृद्धि, सुशासनका लागि नागरिकको सहयोग र सहभागिता अपरिहार्य हुन्छ। सेवा प्रवाह र विकास निर्माणका काममा यहाँको सल्लाह, सुझाव र सहयोगको अपेक्षा गरिएको छ।

कर्णाली प्रदेशभित्र कुनै गुनासो, सिकायत वा उजुरी भएमा कार्यालयको हटलाईन सेवाको **टेलिफोन नम्बर १०९६** मा सम्पर्क गर्नुहुन अनुरोध छ।


कर्णाली प्रदेश सरकार

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

वीरेन्द्रनगर, सुर्खेत

hellocm.karnali.gov.np

HelloCmKarnali

HelloCmKarnali

hamrakurakarnali@gmail.com

+977-9858072533


"व्यावसायिक र सिर्जनशील प्रशासन: विकास समृद्धि र सुशासन"